
# मानव-हात्ती सहअस्तित्व

## Human-Elephant Co-Existence (HECx)



शिक्षण सहयोगी पुस्तक



# मानव-हात्ती सहअस्तित्व

# शिक्षण-सहयोगी पुस्तक

**लेखक**

**बी.ए. डेनियल, स्याली वाकर र**
**रमा मिश्र**

**प्राविधिक सहयागी**

**आर. मारिमुथु**

**मार्च, २०२०**

यो पुस्तकको अँग्रजी संस्करण US Fish & Wildlife Service, USA को आर्थिक सहयोगमा तयार पारिएको हो। यस नेपाली संस्करण प्रकाशनका लागि Rufford Small Grants को आर्थिक सहयोगमा सँचालिन '**हात्तीसँग सहयात्रा परियोजना**'को सहयोग रहेको छ ।

Published by: Wildlife Conservation Association Nepal (WildCAN).

Copyright: © Zoo Outreach Organisation Trust (ZOO) India, and Wildlife Conservation Association Nepal (WildCAN)

This publication can be reproduced for educational and non-commercial purposes without prior permission (in writing) from the copyright holder provided the source is fully acknowledged.

ISBN: 978-9937-0-7790-3

Wildlife Conservation Association Nepal (WildCAN)
Babarmal, Kathmandu
Email: info@wildcan.org Web: www.wildcan.org

Illustrations by: Shaji Chalad

Cover Photos: Front - One of the bull elephant from Chtiwan National Park.
Back - Participants wearing elephant mask during HECx awareness event.
(Photos by Dr. Babu Ram Lamichhane)

The maps reproduced in this book are neither purported to be correct nor authentic.

This Manual has been made possible with the contribution of US Fish and Wildlife Service, USA and Rufford Small Grants Foundation.

## प्रस्तावना

हात्ती र मानव सहअस्तित्वमा विश्वास राख्नुहुने तपाईलाई स्वागत छ ।

मानव र हात्तीबीचको सहअस्तित्व हात्ती पाईने क्षेत्रका प्रायजसो सबैको चासोको विषय हो । बढ्दो मानवीय आवश्यकताहरु परिपूर्ति गर्ने क्रममा जँगल क्षेत्रहरु नासिँदै गएकाले वन्यजन्तुको बासस्थान खुम्चँदै र टुक्रँदै गईरहेका छन् । हात्तीहरु परम्परागत रुपमा हिड्ने जँगल क्षेत्रहरु मानव बस्ति र कृषि क्षेत्रहरुमा परिणत हुँदा हात्तीहरुको नियमित आवागमनमा अवरोध पुगेको छ । त्यसैले जँगलछेउ बस्ने बासिन्दाहरु र हात्तीबीच दुरी झन् घट्दै गईरहेको छ भने मानव र हात्तीबीच टकराव बढ्दो छ । यस्तो टकरावलाई घटाउनु हात्ती संरक्षणको एउटा महत्वपुर्ण र प्राथमिकताको विषय बनेको छ । नेपालमा हात्तीहरु तराई र सिवालिक क्षेत्रमा मात्र पाईन्छन् जहाँ मानवीय चाप पनि बढ्दो छ। त्यसैले हात्ती र स्थानीय बासिन्दाहरुले एक-अर्कालाई क्षति पुऱ्याउन गरेका घटनाहरु प्रशस्तै भेटिन्छन् ।

मानव-हात्ती द्वन्द व्यवस्थापनका लागि विभिन्न प्रयासहरु भएका छन् तर यही नै दिगो र अचुक उपाय हो भन्ने कुनै विधि वा समाधानको उपाय छैन। प्रायःजसो उपायहरु प्रतिक्रियात्मक हुन्छन् जस्तै हात्तीलाई लखेट्ने, पर्खालहरु निर्माण गर्ने, क्षतिपुर्ति दिने आदि । कतिपय उपायहरु शुरु-शुरुमा अति नै प्रभावकारी भए पनि केही समयपछि उक्त उपाय निष्प्रभावी हुनसक्छ किनकी हात्तीहरु बुद्दिमान र धेरै चलाख हुन्छन्। सरकार तथा हात्ती संरक्षणमा कार्यरत संघसंस्थाहरुले हात्तीबाट हुने क्षति रोक्ने धेरै प्रयासहरु गरेका छन्। तर हात्ती पाईने क्षेत्रका स्थानीय बासिन्दालाई थाहा छ हात्तीबाट हुने क्षति पुर्ण रुपमा सबै ठाँउमा नियन्त्रण गर्न सम्भव छैन।

त्यसैले यस प्रशिक्षण सहयोगी पुस्तकले मानव-हात्ती द्वन्दको तत्कालिन समाधानमा उपाय भन्दा पनि मानव र हात्तीको सहअस्तित्व विकास गर्दै हात्ती र मानव लामो समयसम्म कसरी बाँच्न सकिन्छ भन्ने विषयमा केन्द्रित छ। यस पुस्तक र यसैको आधारमा गरिने तालिमको प्रमुख उद्देश्य समुदायले हात्तीप्रति राख्ने धारणा परिवर्तन गराउने, हात्तीप्रति गर्नुपर्ने जिम्मेवार व्यवहारहरुबारे समुदायमा छलफल चलाउने, हात्तीबाट हुने बालिनाली वा सम्पत्तिको क्षति जोगाउन लाग्दा आफ्नो ज्यानलाई खतरा हुनसक्ने क्रियाकलापबाट रोक्ने र समुदायको व्यवहार परिवर्तन गराई हात्तीबाट हुने मानवीय क्षति न्युनिकरण गर्ने रहेको छ। हात्ती पाईने क्षेत्रका बासिन्दालाई हात्ती यहि क्षेत्रमा हामीसँगै रहन्छन् र हात्तीबाट आफ्नो जीउको सुरक्षा गर्नु पहिलो जिम्मेवारी आफ्नै हो भन्ने बोध गराउनु पनि यसको उद्देश्य हो। सहअस्तित्वको यो विषय नयाँ भने होइन । युगौंदेखि यस भेगमा मानव समुदाय हात्तीसँग सहअस्तित्वमा बसेको इतिहास छ, यसैलाई पुनःताजगी गर्ने यसको सोच हो।

यसअघि नै यसै विषयमा प्रकाशित पुस्तकको परिमार्जित रुपमा यो पुस्तक तयार पारिएको हो । बि.ए. डेनियल र श्याली वाकरले अंग्रजीमा लेखेको 'HECx Getting Along with Elephants, Human Elephant Co-Existence' नामको शिक्षण सहयोगी पुस्तिका US Fish and Wildlife Service को सहयोगमा भारतको Zoo Outreach Organization (ZOO) ले सन् २००९ मा प्राकाशित गरेको थियो। यसलाई नेपालीमा अनुवाद गरी ZOO द्वार नै नेपालीमा पहिलो संस्करण सन् २००९ मा र यसैको पुनःप्रकाशन २०१९ मा गरेको थियो । त्यस पुस्तिकामा धेरैजसो प्रसंङ्गहरु भारतका विभिन्न क्षेत्रहरुबाट रहेको र नेपालको लागि कम सान्दर्भिक पाईकाले यस्ता केही प्रसङ्गहरु परिमार्जन गरी त्यही पुस्तकको संरचनालाई आधार मानी यो पुस्तक तयार गरिएको हो। यसमा नेपालको ऐन-नियमहरु सहित यहाँको सामाजिक परिवेश र स्थानीय घटनाहरुको उदाहरण थप गरिएको छ।

**रमा मिश्र**
**वन्यजन्तु संरक्षण समूह नेपाल**


| | |
|---|---|
| **प्रशिक्षण सहयोगी पुस्तिकाः कसरी प्रभावकारी रुपमा प्रयोग गर्ने ?** | V |
| **भाग १** | १-२२ |
| **प्रशिक्षार्थीको मूल्याङ्कन** | २ |
| **क) प्रशिक्षकका लागि मापक** | २ |
| **हात्तीसम्बन्धि केही तथ्य** | १५ |
| **लघु नाटक** | १८ |
| **भाग २** | २३-३२ |
| **नेपाल परिच्छेद** | २३ |
| **नेपालको वनसम्पदा र संरक्षित क्षेत्रबारे सामान्य जानकारी** | २४ |
| **नेपालका जंगली हात्तीको संख्या** | २८ |
| **नेपालका घरपालुवा हात्तीहरु** | २८ |
| **नेपालमा हात्ती संरक्षण नीति, नियमहरु** | २९ |
| **नेपाली संस्कृतिमा हात्ती** | ३१ |
| **भाग ३** | ३३-६६ |
| **एउटा अजङ्गको प्रणीसगँको सहबासको सिकाई** | ३३ |
| **नेपालमा मानव र हात्ती बीचको द्वन्द्व व्यवस्थापन** | ३४ |
| **हात्तीसँगको सहयात्रा-एउटा अजङ्गको प्राणीसँगको सहबासको सिकाई** (HECx) | ४२ |
| **मानव हात्ती द्वन्द्व सम्बन्धि नेपाल भित्रका केही घटनाहरु** | ४७ |
| **दक्षिण एसियाली क्षेत्रका मानव हात्ती द्वन्द्व सम्बन्धि घटनाहरु** | ५१ |
| **मानव र हात्ती द्वन्द्व न्यूनिकरणका लागि गर्नुपर्ने र गर्न नहुने कुराहरु** | ६० |
| **भाग ४** | ६७-११० |
| **एसियाली हात्तीको अवस्था तथा एसियाली दृष्टिकोण** | ६७ |
| **हात्तीका विशेषताहरु** | ६८ |
| **विगत र वर्तमानको हात्तीको संख्यात्मक अवस्था** | ७२ |
| **एसियाली हात्तीको बर्णित इतिहास** | ७७ |
| **एसियाली संस्कृतिमा एसियाली हात्तीहरु** | ८८ |
| **एसियाली हात्ती तथा एसियाली दृष्टिकोण** | ९६ |
| **हात्तीबाट ठूलो क्षति कि मुसाबाट ?** | |
| **समुदायको सहभागितामा हात्ती-मानव द्वन्द्व न्यूनिकरण-एक बहस** | |
| **भाग ५** | १११-१२१ |
| **प्रजाती समस्या पहिचान तथा समाधान** | १११ |
| **प्रजाती समस्या पहिचान तथा समाधान** | ११२ |
| **स्रोतको सुरक्षा तथा हात्तीको संरक्षण** | ११४ |
| **नेपालको हात्ती-मानव द्वन्द्व प्रभावित क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धि छलफल प्रशिक्षण कार्यक्रम तयारीका लागि आवश्यक केही सुझावहरु** | ११७ |
| **इलिकिट** (Ele-Kit) **प्याकेटको प्रयोग कसरी गर्ने** | १२१ |
| अनुसुची<br>एसियाली हात्तीको तथ्याङ्क<br>*प्रमाण-पत्र*<br>*लेज् कार्ड* | १२२-१२४ |

# प्रशिक्षण सहयोगी पुस्तिकाः
# कसरी प्रभावकारी रुपमा प्रयोग गर्ने ?

यो प्रशिक्षण सहयोगी पुस्तिकाले मानव-हात्ती द्वन्द्वको विषयमा चर्चा गर्दै मानव र हात्तीसँगसँगै रहने उपाय सिकाएको छ । के मानिस र हात्ती सँगै बाँच्न सक्छन् ? धेरै समय अगाडि देखि नै मान्छे र हात्ती शान्तिपूर्वक सँगसँगै बसेको इतिहास छ । बढ्दो जनसख्याको आवश्यकता परिपूर्ति गर्न हामी हात्तीसँग खाना, पानी र आवासका लागि प्रतिष्पर्धा गरिरहेका छौं । हात्तीलाई अझैं कला, संस्कृतिमा प्रयोग गरिदै आएको छ, पूजा आराधना गरिन्छ र शक्ति तथा डरको रूपमा पनि मानिन्छ ।


आज एसियाली हात्तीहरू धेरै जोखिमको अवस्थामा छन् । वासस्थानको विनास, आहाराको कमी पानीको अभाव नै मानव-हात्ती द्वन्द्वको मूख्य कारणहरू हुन् ।

यो 'मानव-हात्ती सहअस्तित्त्व' प्रशिक्षण सहयोगी पुस्तिका तपाईका सहभागीको समूह तथा उपलब्ध समयका आधारमा व्यापका रूपमा प्रयोग गर्न सकिन्छ । कक्षाकोठाभित्र तथा बाहिर गरी विभिन्न किसिमका क्रियाकलापको सहायताबाट जटिल वैज्ञानिक तथ्यलाई पनि सहज तरिकाबाट सिकाउन सकिन्छ । यसको सहयोगमा सहभागीले अत्यन्त रोचक तथा खेलको तरिकाबाट धारणा तथा ज्ञानको वृद्धि गर्न सक्नेछन् । त्यस्तै जनचेतनका कार्यक्रमहरूको योजना यस पुस्तकको अन्तिममा शैक्षिक सामग्री सहित प्रयोगका लागि निर्देशनहरू दिइएको छ । यस पुस्तकका क्रियाकलापहरू तथा इली किट प्याकेटको प्रयोगलाई सँगसँगै मिलाएर प्रयोग गर्न सकिन्छ । तपाईसँग चाहे आधा दिन होस् वा एक हप्ता वा निर्धारित एक शैक्षिक वर्ष नै, यो कार्यक्रम सहभागीलाई प्रभावकारी रूपमा हात्ती तथा मानव-हात्ती सहअस्तित्त्वका शैक्षिक वर्ष नै, यो कार्यक्रम सहभागीलाई प्रभावकारी रूपमा हात्ती तथा मानव हात्ती सहअस्तित्त्वका बारेमा सिकाउन तथा मानव-हात्ती संरक्षण र सह-अस्तित्व बढाउन सहयोग गर्ने गरी तयार गरिएको छ ।



# भाग १

# प्रशिक्षार्थीको मूल्याङ्कन



## प्रशिक्षकका लागि मापक

## हात्तीसम्बन्धि केही तथ्य


## लघु नाटक

# प्रशिक्षार्थीको मूल्याङ्कन

## क) प्रशिक्षकका लागि मापक

### प्रस्तावना

प्रशिक्षकका नाताले हामीले पढाएको र सिकाएको कुरा प्रभावकारी छ कि छैन थाहा पाउनु अत्यन्त जरूरी छ । हाम्रा लक्ष्यहरूमा आधारित रहेर विषयगत तथ्यहरूले ज्ञानको मापन मात्र होइन बोध, अनुभव तथा व्यवहारमा हुने परिवर्तनको समेत मापन गर्नुपर्दछ ।



### मापक १: दिमागी चित्र

अवधारणा चित्र वा दिमागी चित्र एउटा मापक हो जसलाई सबै उमेरका साक्षर तथा निरक्षर सबै व्यक्तिका लागि प्रयोग गर्न सकिन्छ । तिनीहरूलाई कार्यक्रम संचालनपूर्व वा संचालन पश्चात अभ्यास सहित प्रयोग गर्न सकिन्छ । यी मूल्यांकनका अत्यन्त प्रभावकारी साधनहरू हुन् । सिकारूद्वारा कार्यक्रम पूर्व वा कार्यक्रम सकेपश्चातका अवधारणालाई चित्रमा उतारिन्छन् र स्रोतहरूलाई तुलना र मूल्यांकन गरिन्छन् । प्रत्येक सत्रका लागि २० मिनेटको समय लाग्दछ, जसमा एउटा पूर्व कार्यक्रम मापक र अर्को कार्यक्रम पश्चातको मापकको प्रयोग गर्न सकिन्छ ।



### यसले कसरी काम गर्छ ?


दिमागी चित्रले मुख्य विषयबस्तुका शब्दहरू तथा अवधारणाहरूसँग सम्बन्धित रहेर दिमागी क्षमतालाई परीक्षण गर्दछ । यो मापक संचालन गर्न छिटो, सजिलो र प्रभावकारी हुन्छ साथै साक्षर तथा निरक्षर दुबै खाले मानिसहरूका लागि यो मूल्यांकनको विधि प्रयोग गर्न सकिन्छ । यदि सिकारू शिक्षित भएमा अवधारणा चित्रमा शब्दहरू प्रयोग गर्न सकिन्छ र अशिक्षित भएमा अन्य तरिकाबाट उदाहरणहरूको प्रयोग गर्न सकिन्छ ।

दिमागी चित्र आत्म परीक्षणको विधि हो यसमा विशेष वस्तु (यहाँ हात्ती)सँग मानिसको सम्बन्ध साथै विभिन्न संस्थासँगको सम्बन्धको मापन गरिन्छ । यद्यपि यो सरल छ, यो चलनचल्तिमा रहेको प्रसिद्ध विधि चाँही होईन । त्यसर्थ यसलाई सरल तथा जानपहिचानको वस्तुहरू जस्तै विद्यालय, साथी, राजनीति जस्ता विषयमा प्रयोग गर्न सकिन्छ । क्रियाकलापलाई समूहको रूपमा कालोपाटीमा प्रदर्शित गर्न सकिन्छ । यदि तुरून्त प्रतिक्रिया आएन भने थप प्रश्नहरू सोधेर आवश्यक थप शब्दहरू राख्न सकिन्छ ।

केहि प्रश्नहरू .......


**विद्यालयका उदाहरणहर के के हुन ?**
**विद्यालयमा कस्ता किसिमका मानिसहरू पाईन्छन् ?**
**विद्यालय आउँदा के-के सामग्रीहरू ल्याउनुपर्दछ ?**
**विद्यालयको समय पछाडि मानिसहरू के गर्दछन् ?**

## नमुना दिमागी चित्र-विषय ‘विद्यालय’



यो उदाहरणबाट धेरैजसो सहभागीले कसरी दिमागी चित्र बनाउने भन्ने कुरा सिक्दछन् । त्यसपछि हात्तीको बारेमा यस्तै दिमागी चित्र तयार गर्न अभ्यास गराउन सकिन्छ । यो व्यक्तिगत क्रियाकलाप हो, तसर्थ प्रत्येक सहभागीलाई तिनीहरूको आफ्नै दिमागी चित्र बनाउन लगाउने र ती चित्रहरूलाई संकलन गरी प्रत्येकलाई आ-आफ्नो नाम तथा मिति उल्लेख गर्न लगाउने ।

## नमुना दिमागी चित्र–विषय 'हात्ती' (कार्यक्रम संचालन हुनुपूर्व)






यो अभ्यास गर्दा हात्तीको बारेमा कुनै पनि जानकारी प्रदान नगरी पहिलो क्रियाकलापको रूपमा गरिनुपर्दछ सिकाई पूरा गरिसकेपछि यही अभ्यासलाई पुनः दोहोऱ्याउन सकिन्छ । दोस्रो दिमागी चित्रको तयारी पश्चात् सहभागीलाई पहिलेको चित्र देखाएर उनीहरूले सिकेका कुराहरू, दुईवटा चित्रमा पाईएका अन्तरहरू, अध्ययन पूर्व र पछाडिका अनुभवहरूका बारेमा प्रष्ट पार्न सकिन्छ । अवधारणा र सह-अवधारणाहरूले तिनीहरूको ज्ञान क्षेत्रमा भएको बृद्धि प्रष्ट पार्दछन् । साथै व्यवहारमा आएको परिवर्तन पनि सजिलै देख्न सकिन्छ ।

मूल्यांकनका लागि निम्नानुसारको प्राप्ताङ्क दिन सकिन्छ । प्रत्येक सही अवधारणाका लागि १ नं. र सह–अवधारणाका लागि २ नं. थप धारणाका लागि ३ नं. दिने । प्राप्ताङ्कलाई जोडेर मूल्याङ्कन गर्ने । तथ्याङ्क तथा सूचिबद्ध गरिएका सूचनाहरू सही र विषयवस्तुसँग सम्बन्धित भएमा मात्र अंक दिने ।

सहभागीहरूले कति सिके भन्ने कुरामा आफैं सन्तुष्ट बन्नेछन् र शिक्षण कार्यक्रम कति सफल भयो भन्ने कुराको प्रमाण पनि यसले दिन्छ । यदि सहभागीलाई प्रतिलिपि दिन सक्ने सुविधा भएमा उनीहरूले तयार गरेको चित्र १/१ प्रति उपलब्ध गराउने, जसलाई उनीहरूले व्यक्तिगत तथा पेशागत प्रयोगमा ल्याउन सकुन् ।

## नमुना दिमागी चित्र–विषय–हात्ती (कार्यक्रम संचालन पश्चात्)





## मापक २: अवधारणा मापन

अवधारणा मापन सवै उमेरका साक्षर तथा निरक्षर मानिसहरूमा प्रयोग गर्न सकिने एउटा मापन विधि हो। यसलाई जम्मा २० मिनेटको समय लाग्दछ र यसलाई कार्यक्रम संचालन पूर्व तथा कार्यकम सम्पन्न गरे पछाडि दुवै समयमा प्रयोग गर्न सकिन्छ।

### यसले कसरी काम गदर्छ ?

मानिसले केही सूचना वा जानकारी प्राप्त गरेपछि व्यक्ति व्यक्तिमा अलग अलग धारणा बन्दछन्। उनीहरूको अनुभूतिलाई मूख्य गरेर ३ भागमा बाँड्न सकिन्छ–खुशी, दुखः र तटस्थता।
यो अवस्थालाई निम्न चित्रले प्रष्ट पार्दछ।



खुसी तटस्थता दु:ख

यो विधिलाई तीन तरिकाबाट प्रयोग गर्न सकिन्छ। तिनवटा खुशी, दुखः र तटस्थता दर्शाउने अनुहारको चित्र दिनुहोस् र दिईएको वाक्य पढ्न लगाउनुहोस्। पढिसकेर तीनवटा मध्ये एउटामा चिन्ह लगाउन लगाउनुहोस्। यदि त्यो जानकारी पाएर उनीहरू खुशी छन् भने हँसिलो अनुहारमा गोलो घेरा लगाउन लगाउने, यदि दुखी वा रिसाएका छन् भने रिसाएको अनुहारमा गोलो लाउन लगाउने र यदि त्यस्तो कुनै पनि प्रतिक्रिया नभएमा तटस्थ जस्तो देखिने अनुहारमा गोलो घेरा लगाउने।

तालिम अघि र पछिका यी दुई मापनमा प्रशिक्षार्थीहरूमा कार्यक्रमले के कति धारणागत परिवर्तन ल्यायो संख्यात्मक रूपमा नै यकिन तथ्यांक प्राप्त गर्न सकिन्छ।

दोस्रो तरिकाः तीनवटा अलग अलग अनुहारको चित्र बिचमा खाली ठाँउ राखेर
भित्तामा झुण्याउने, वाक्य पढिसकेपछि आ–आफ्नो प्रतिकियाका आधारमा सहभागीहरू चित्रको नजिक गएर समूह बनाउनेछन्। १,२ जना सहभागीलाई उनीहरूले किन त्यस्तो सोचे सो बारेमा सोध्ने। सहभागी मध्येको कसैलाई प्रत्येक समूहमा पर्ने सहभागीको संख्या टिप्न लगाउने। प्रत्येक कक्षा सकिएपछि सो क्रियाकलाप गर्ने र शुरू र अन्तको नतिजाको तुलना गर्ने।



तेस्रो तरिकाः प्रत्येक सहभागिलाई खुसी, दु:खी र तटस्थ चित्र कोरिएको संकेत कार्ड लिन लगाउने। आ–आफ्नो प्रतिकृया अनुसारको संकेत कार्ड प्रत्येक सहभागिलाई माथि उठाएर देखाउन लगाउने।

## धारणागत मापनका वाक्यांसहरु

१) एउटा सबैभन्दा ठूलो स्थल प्राणी, हात्तीलाई सम्झनुहोस । यसको बारेमा तपाईंको के सोचाई छ ?



२) शताब्दीऔंदेखि हात्तीको मानिससँग सम्बन्ध छ र तिनीहरु साँस्कृतिक रुपमा पनि मानिससँग नजिक छन् । यसले तपाईंलाई कस्तो अनुभव गराउँछ ?



३) दाह्रा भएका ठूला हात्तीहरु तिनीहरुको दाह्राकै लागि मारिन्छन् । तपाईंलाई कस्तो लाग्छ ?



४) सम्झनुहोस् जंगलमा हात्तीको बथान तिनीहरुका चञ्चले बच्चाहरुसँग खेलिरहेका छन्, तपाईंलाई कस्तो अनुभव हुन्छ ?



५) हात्तीले खाना, पानी र आवासका लागि प्रयोग गरिरहेको वनसम्पदा आज मानिसले प्रयोग गरिरहेका छन्, तपाईंलाई यसबारेमा कस्तो लाग्छ ?



६) हात्ती गाँउमा पस्छन् र मानिसले लगाएको अन्नपात खान्छन्, तपाईं कस्तो सोच्नुहुन्छ ?



७) कहिलेकाँही राजमार्गमा सवारी साधनले हात्ती मार्ने गर्छ, तपाईं कस्तो अनुभव गर्नुहुन्छ ?



८) हात्तीले गाँउ नजिकैको कुवाबाट पानी खान्छ र लखेट्ने क्रममा मानिसहरु घाइते बन्दछन्, तपाईंलाई कस्तो लाग्छ ?



९) नेपालबाट हात्ती लोप भएर गईरहेको छ, यसले तपाईंलाई कस्तो अनुभव गराउँछ ?




१०) हात्तीले तपाईंको विद्यालय, पानी पँधेरो तथा काममा आवतजावत गर्ने काममा अवरोध गर्दछ, यसले तपाईंलाई कस्तो अनुभव गराउँछ ?



११) हात्तीको खतराबाट मुक्त गराउन गर्न हुने र नहुने कुराहरुको कानुनी व्यवस्था छ, यसले तपाईंलाई कस्तो अनुभव गराउँछ ?



१२) हात्तीले सम्पति नष्ट गरेका कारण मानिसहरु हात्तीका दाह्राको बिक्रीका लागि हात्ती मार्छन्, यसले तपाईंलाई कस्तो अनुभव गराउँछ ?




१३) तपाईंको गाँउ वरिपरि हात्ती कमै मात्र देखिन्छन्, यसले तपाईंलाई कस्तो अनुभव गराउँछ ?



१४) हामीले अपनाउन सक्ने केही उपायहरु छन्, केही बाटाहरु छन् जसका आधारमा मानिस र हात्ती दुबै एकैठाँउ मिलेर सँगसँगै बाँच्न सक्छन्, यो कुराले तपाईंलाई कस्तो अनुभव गराउँछ ?





## मापक ३: सचित्र -विषयगत अध्ययन

चित्रसहित विषयबस्तुको जानकारी मापन गर्ने विधि केटाकेटी तथा निरक्षर पौढहरूका लागि प्रयोग गर्न सकिने उपयोगी विधि हो । यो अभ्यास गर्न बढीमा १५ मिनेट लागदछ ।

### यसले कसरी काम गर्छ ?

सहभागिलाई चित्रहरू उपलब्ध गराईन्छ र विभिन्न प्रश्नहरू सोधिन्छ । सहभागीले ती चित्रमध्ये उपयुक्त चित्र छनौट गर्दछन् ।

अभ्यास गर्नुभन्दा अगाडी एउटा उदाहरण दिनुपर्दछ जसले गर्दा सही उत्तर छनौट गर्न मद्दत गर्छ । प्रश्न पढिसकेपछि प्रसस्त समय दिनुहोस् ताकि सहभागीले सोचेर चित्र छनौट गर्ने मौका मिलोस् । प्रश्न वा वाक्य जस्तो छ कुनै फेरबदल नगरी त्यस्तै पढ्नुहोस । सहभागीले आफैंले उपयुक्त लागेको चित्र छान्नु पर्दछ । कुनैबेला १ भन्दा बढी उत्तरहरू सही हुन सक्दछन् ।

हात्तीको बारेमा शिक्षण गर्नुपूर्व तथा गरिसकेपछि यो परीक्षण गर्न सकिन्छ ।

### नमूना अभ्यासः सर्वेक्षण

**प्रश्नहरु**

(क) रूखको चित्रमुनिको घेरा भर्नुहोस् ।







(ख) निम्न चित्रमध्ये उड्न सक्ने जनावर कुन हो, चित्रमुनिको घेरा भर्नुहोस् ।






(ग) त्यो चित्रमुनिको घेरा भर्नुहोस् जुन तपाईं राती आकासमा देख्न सक्नुहुन्छ ।







# हात्ती बारेको जानकारी

**प्रश्नहरु**


(क) एसियाली हात्तीको चित्रमुनिको घेरा भर्नुहोस् ।




(ख) त्यो देशको चित्रमुनिको घेरा भर्नुहोस्, जहाँ एसियाली जंगली हात्तीहरू बस्दछन् ।




(ग) निम्न मध्ये एसियाली हात्तीलाई मनपर्ने बासस्थान कुन हो, चित्रमुनिको घेरा भर्नुहोस् ।



(घ) निम्न मध्ये एसियाली हात्तीलाई मनपर्ने खाना कुन हो, चित्रमुनिको घेरा भर्नुहोस् ।
(१ भन्दा बढी पनि छान्न सकिनेछ )



(ङ) हात्तीको कुन अंगका लागि बढी मात्रामा हात्ती मारिन्छ, उपयुक्त चित्र छनौट गरी चित्रभन्दा मुनिको वृत्त भर्नुहोस् ।



(च) जनावर र मानिसबीचको द्वन्द्व घटाउन कसले बढी योगदान दिईरहेको छ, उपयुक्त चित्र छनौट गरी चित्रभन्दा मुनिको वृत्त भर्नुहोस् ।



# उत्तर कुञ्जिका

**निरीक्षण अभ्यास**

(क) चित्र २

(ख) चित्र ४

(ग) चित्र ३

**हात्तीको निरीक्षण**

(क) चित्र ३

(ख) चित्र ३


(ग) चित्र ४

(घ) चित्र १ र ३

(ङ) चित्र १, २ र ३

(च) चित्र १





# मापन विधि ४: लिखित –विषयगत निरीक्षण

**लिखित विषयगत निरीक्षण शिक्षित प्रौढहरूका लागि मात्र प्रयोग गर्न सकिन्छ। यसका लागि कम्तिमा १० मिनेटको समय चाहिन्छ। अरू जस्तै यसलाई पनि कार्यक्रमपूर्व तथा कार्यक्रम सकेपछि संचालन गर्न सकिन्छ।**

## यसले कसरी काम गर्छ ?

**सहभागीलाई १ सेट बस्तुगत प्रश्नहरू उपलब्ध गराउने र दिईएका उत्तरहरूमध्ये सही उत्तरको मुनीको वृत्त भर्न लगाउने। भरिएको प्रश्नावली संकलन गर्ने र सही उत्तरलाई जम्मा गर्ने। विषगत ज्ञानमा सिकाई पूर्व र सिकाई पछि आएको अन्तरको तुलना गर्ने।**

### विषयगत ज्ञान मापनका प्रश्हरु

**सिकाई पूर्व** **सिकाई पछि**

(१) नेपालमा पाइने हात्तीको नाम के हो ?

- एसीयाली हात्ती *(Elephas maximus)*
- अफ्रिकी हात्ती *(Loxodonta africana)*
- नेपाली हात्ती *(Loxodonta nepalensis)*

(२) कुन महादेशमा एसियाली हात्तीहरू जंगलमा बस्दछन् ?

- अफ्रिका
- एसिया
- युरोप
- उत्तर अमेरिका

(३) एसियामा हाल कति जंगली हात्तीहरू जिवित छन् ?

- लगभग १,००,०००
- ३५००० देखि ४९,००० सम्म।
- २३,००० देखि २८,००० सम्म
- १०,००० भन्दा कम।

४) नेपालमा जंगली हात्तीको संख्या कति छ ?

- ○ लगभग १,००० ○
- ○ करिब २०० ○
- ○ २०० देखि ४०० सम्म ○
- ○ १०० भन्दा कम ○

५) एसियाली हात्तीको तौल औसतमा कति होला ?

- ○ ९ टन ○
- ○ २ टन ○
- ○ ३-७ टन ○
- ○ १० टन भन्दा माथि ○

६) देशका विभिन्न भागमा बस्ने मानिसहरूको हात्तीप्रतिको धारणा

- ○ महत्त्वपूर्ण रूपमा उस्तै छ ○
- ○ ठाउँ अनुसार फरक छ ○
- ○ हात्तीको संरक्षणको आवश्यकता छैन भन्ने छ ○

७) विश्वभर हात्तीलाई के को महत्त्वपूर्ण प्रतिक मानिन्छ ?

- ○ कला ○
- ○ साहित्य ○
- ○ विज्ञापन ○
- ○ माथिका सबै ○

८) वर्तमानमा हात्तीको विनास हुनुका मूख्य कारणहरू के-के हुन सक्छन् ? (एकभन्दा बढी उत्तर छान्न सकिन्छ)

- ○ वासस्थानको विनास ○
- ○ सुँडका लागि गरिने शिकार ○
- ○ बासस्थानको खण्डिकरण ○
- ○ माथिको कुनै पनि होइन ○

९) हात्तीको ठूलो संख्या कहाँ पाइन्छ ?

- चीन
- नेपाल
- भारत
- बंगलादेश

१०) हात्ती–मानिस बीचको द्वन्द्वको मूल कारण के हो ?

- मानिसको अवरोध
- वासस्थानको विनास
- खाना/पानीको अभाव
- माथिका सबै

११) एसियाली हात्तीका उप–प्रजातीहरू के–के हुन् ?

- इलेफस म्याक्सिमस म्याक्सिमय
- इलेफस म्याक्सिमस इण्डिकस
- इलेफस म्याक्सिम सुमत्रनस
- माथिका सबै

१२) एसियाली हात्ती संरक्षणका लागि तलका मध्ये कुन बढी महत्त्वपूर्ण छ ?

- शिक्षा/जनचेतना
- वैज्ञानिक खोज
- हात्ती संरक्षणको कानुन
- माथिका सबै

## ख) हात्ती सम्बन्धि केही तथ्यहरु

| | |
|---|---|
| जाती | एनिमेलिया (प्राणी) |
| फाइलम | कर्डाटा |
| वर्ग | म्यामलिया (स्तनधारी) |
| क्रम | प्रोबस्सिडिया |
| परिवार | इलिफेन्टिडी |
| बैज्ञानिक नाम | इलेफस म्याक्सिमस (एसियाली हात्ती र भारतीय हात्ती) |
| | लोक्सोडेन्ट्रा अफ्रिकाना (अफ्रिकाका सावाना हात्ती) |
| | लोक्सोडेन्ट्रा साईक्लोटिस (अफिकी जंगली हात्ती) |

**स्थानीय नाम**

| | | | |
|---|---|---|---|
| बंगाली | हाथी | सिंघला | अलिया टक्कर आथा |
| हिन्दी | हाथी (भाले) हाथ्नी (ढोई) | तमील | यानी |
| नेपाली | जंगली हात्ती/वन हात्ती | मलाया | गज |
| बंगला | हाती | अंग्रेजी | एसियन इलिफेन्ट (*Asian Elephant*) |
| | | | इन्डियन इलिफेन्ट (*Indian Elephant*) |

### एसियाली हात्ती



### अफ्रिकी हात्ती



# एसियाली हात्तीका उप–प्रजातीहरु:



| | |
|---|---|
| इलेफस म्याक्सिमस म्याक्सिमस | श्रीलंकाली हात्ती |
| इलेफस म्याक्सिमस ईण्डिकस | भारतीय हात्ती |
| इलेफस म्याक्सिमस सुमत्रा | सुमत्रा हात्ती |

## एसियाली र अफ्रिकी हात्तीको बारेमेमा जानौं

एसियाली हात्ती र अफ्रिकी हात्तीलाई के ले भिन्न देखाउँछ ?

## एसियाली हात्तीको विस्तृतृत जानकारी:

**टाउको** एसियाली हात्तीको टाउकोको भागमा दुईवटा खण्ड हुन्छन् ।

**कान** एसियाली हात्तीका साना र आयातकार कान हुन्छन् ।

**सुँड** एसियाली हात्तीको सूँडको टुप्पोमा एउटा औंलाको आकारको भाग हुन्छ ।
यो सुँडलाई हात्तीले ६०० किलोको भारी देखि सानो सिक्का उचाल्न समेत प्रयोग गर्दछ ।


**छाला** एसियाली हात्तीको शरीरमा पातलो रौं सहितको हल्का खुम्चिएको छाला हुन्छ ।

**दाह्रा** भाले एसियाली हात्तीको लामो दाह्रा हुन्छ तर पोथी (ढोई)को दाह्रा हुदैन ।
(कुनै कुनै ढोईको पनि भित्र गिजा नभएको छोटो दाह्रा हुन्छ) भने कुनै भाले हात्तीको पनि दाह्रा हुदैन, त्यस्तो भालेलाई मकुना भनिन्छ ।
यो १.५ देखि १.८ मीटरसम्म लामो हुन्छ ।

**खुट्टा** एसियाली हात्तीका अगाडिका खुट्टामा ५ वटा नङ्ग हुन्छन् र पछाडिका खुट्टामा ४ वटा नङ्ग हुन्छन् ।

**उचाई** ७.११ फिट

**उच्च भाग** टाउकाको माथिल्लो भाग ।




## अफ्रिकी हात्तीको विस्तृतृत जानकारी

**टाउको** अफ्रिकी हात्तीको घुमेको एउटै मात्र खण्ड भएको हुन्छ ।

**कान** अफ्रिकी हात्तीका ठूला कान घाँटीसम्म लत्रिएका हुन्छन्, जुन अफ्रिका महादेशको आकारमा हुन्छन् ।

**सुँड** अफ्रिकी हात्तीको सूँडको टुप्पोमा दुईवटा औंलाको आकारको भाग हुन्छ ।
यो सुँड खुम्चिएको र लचकदार हुन्छ ।

**छाला** अफ्रिकी हात्तीको शरीरमा पातलो रौं सहितको धेरै खुम्चिएको छाला हुन्छ ।

दाह्रा — अफ्रिकी हात्तीको भाले वा पोथी दुवैको लामो दाह्रा हुन्छ तर भालेको दाह्रा पोथीको भन्दा लामो र गह्रौं हुन्छ ।

खुट्टा — अफ्रिकी हात्तीका अगाडिका खुट्टामा ४ वटा नङ्ग हुन्छन् र पछाडिका खुट्टामा ३ वटा नङ्ग हुन्छन् ।

उचाई — ८.१४ फिट

उच्च भाग — काँधको माथिल्लो भाग

## एसियाली हात्तीको बारेमा थप जानकारी

वासस्थान — उष्ण सदाबहार, उपोष्ण तथा पतझर वन, घाँसे मैदान सुख्खा काँडाघारी, झाडी तथा नयाँ आवाद गरिएका जंगलमा यी हात्तीहरू बस्दछन् ।

खाना — हात्ती शाकाहारी र सबै प्रकारका खान योग्य वोट विरूवाहरू खाने जीव हो । यसले विभिन्न प्रजातीका विरूवाहरू खान्छन् ।

यिनीहरू चर्दछन् साथै रूखका ठुला हाँगाहरू, जरा, काण्ड, पात समेत खान्छन् । धान, मकै, केरा, उखु जस्ता मानिसले लगाएका बालीहरू पनि यिनीहरूका मन पर्ने खाना हुन् । एउटा प्रौढ हात्तीले दिनमा लगभग १५० किलोग्राम खान्छ ।

पेय — एउटा हात्तीले एकपटकमा करीब १०० लिटर र दिनमा लगभग २२५ लिटर पानी पिउँछ

आयु — ६०-८० वर्ष (व्यवस्थित चिडियाखानामा ४४-४७ वर्ष, अपवाद (७१ वर्ष बाँचेको पाईएको)


गर्भाधारण — २२ महिना (१ महिना थपघट हुनसक्ने)


सन्तान — १ बच्चा १ पटकमा ।

वयस्कता — ९ वर्ष(प्रजनन क्षमता भालेमा १४-१५ वर्ष पोथीमा ९ वर्ष)

बच्चाको तौल — ८०-१०० किलोग्राम

जन्मान्तर — ३-५ वर्ष





## एसियाली हात्तीहरुमा विविधता

श्रीलंकाली हात्ती, इल्फस म्याक्सिमस म्याक्सिमस सबैभन्दा ठूलो र कालो हात्ती हो । यसको कान, अनुहार, सुँड र पेटमा सेता टाटाहरू हुन्छन् ।

इल्फस म्याक्सिमस सुमत्रा तीनवटा उपप्रजाती मध्ये सबैभन्दा सानो हो ।

इल्फस म्याक्सिमस इण्डिकस, भारतीय हात्ती अन्य दुई उप-प्रजातीको मिश्रित विशेषता भएको हात्ती हो ।

# ग) लघु नाटक



यी नाटकहरू मानिस–हात्ती बीचको द्वन्द्वका पक्षबारे जानकारी गराउने तथा संरक्षणका विषयमा आधारित रहेर निर्माण गरिएका छन् ताकि रमाइलो र स्मरणीय तरिकाबाट सहभागीहरूले हात्ती र हात्तीका कारणबाट उनीहरूले भोगिरहेको पीडाबारे थाहा पाउन सकुन्। यी लघु नाटकहरू बालकदेखि वृद्धसम्म सबैका लागि रोमाञ्चक छन् र नाटकका मूख्य पात्रले सबैलाई प्रभावित पार्दछन्, सहभागी हुन आकर्षित गर्दछन्। यदि प्रौढ व्यक्तिहरू जोसँग तपाईं काम गर्दै हुनुहुन्छ नाटकमा सहभागी हुन चाहेनन् भने बालबालिकाको समूह तयार गरी प्रौढका लागि अभिनय गर्न लगाउनुहोस्। यदि आफ्ना छोराछोरीहरू सहभागी भएमा अभिभावक सहभागी हुन उत्सुक हुन्छन्।

नाटकहरू यसरी तयार गरिन्छन् कि जसका लागि कुनै विशेष भेषभुषा वा सहयोगको आवश्यकता नपरोस्। तर भेषभुषा र अन्य सहयोगले प्रस्तोता र दर्शक दुवैका लागि नाटक बढी आनन्ददायी र अर्थपूर्ण बन्दछ। विभिन्न चरीत्र/पात्रका लागि अलग अलग रंगिन मुखुण्डो प्रयोग गर्न सकिन्छ। ती रंगिन मुखुण्डोहरूलाई पुनःनिर्माण तथा रङ्गरोगन गर्न सकिन्छ ताकि धेरै प्रस्तोताले यसलाई प्रयोग गर्न सकुन् अन्य भूमिकामा खेल्ने पात्रले छुट्टै मुखुण्डो तयार गर्न सक्दछन्।

यहाँ चारवटा लिखित नाटकहरू समावेश गरिएका छन्। प्रत्येक नाटकमा कम्तिमा ६ जनाले भूमिका निर्वाह गर्नुपर्दछ त्यसर्थ यदि तपाईंहरू ३० जना हुनुहुन्छ भने ती चारवटा नाटकलाई प्रयोग गर्न सक्नुहुनेछ। बराबर आकारका चारवटा समूह बनाउनुहोस् र प्रत्येक समूहबाट १/१ जना निर्देशक छान्नुहोस्।

प्रत्येक समूहले नाटकको अभ्यास गर्नुपर्नेछ र अन्य समूह वा दर्शकलाई शुरूमा नै नाटकको विषयबस्तुबारे जानकारी दिनु हुँदैन। प्रत्येक नाटकमा पात्र आकर्षक खालका छन् जो पहिलो पटक प्रस्तुत गरिएको छ। जस्तैः मानव–हात्ती द्वन्द्व नाटकमा हात्ती, मृग, पादरी, निर्माण इन्जिनियर, काठ काट्ने मानिस आदिको भूमिका निर्वाह गर्नुपर्दछ। समूहमा भएको सहभागीको संख्याका आधारमा एक सहभागीले एउटा मात्र वा एकभन्दा बढी भूमिका निर्वाह गर्नुपर्दछ। नाटक आवाज विनाको हुनेछ, सो कुरा सहभागीलाई प्रष्ट पार्नु पर्दछ तर जनावरको आवाज, हावा तथा अन्य प्राकृतिक रूपबाट आउने आवाजलाई भने प्रयोग गर्न सकिने छ। समूहले प्रसस्त अभ्यास गरिसकेपछि दर्शकमाझ प्रस्तुत गर्न लगाउने। प्रत्येक नाटकको प्रस्तुतीपछि दर्शक वा अन्य सहभागीले के कुरा नाटकमा देखाईदैछ र कस्तो भूमिका निर्वाह गरिदैछ भन्ने कुरा व्याख्या गर्न प्रयत्न गर्नुपर्दछ।

सम्पूर्ण नाटकहरू प्रस्तुत भैसकेपछि निम्न क्रियाकलाप गर्न सकिन्छ

- प्रस्तुत गरिएका विषयमा छलफल गर्नुहोस् ।
- सहभागी तथा अन्य दर्शकलाई नाटकले उठाएका प्रश्नहरू टिपोट गर्न लगाउनुहोस् । ती प्रश्नहरूको टिपोट गर्न कालोपाटी तथा तालिकाको प्रयोग गर्नुहोस् ।
- सहभागीलाई हात्ती सम्बन्धि अन्य केही सवालहरू भए छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- यदि तपाइसँग प्रसस्त समय छ भने सहभागीलाई आ-आफ्नो समूहमा १/१ वटा नाटक तयार गर्न लगाउनुहोस् ।

## हात्ती-मानव द्वन्द्व नाटकको पृष्ठभूमि

जब मानिस र हात्ती एकार्काका अप्रिय प्रतिद्वन्द्वी बन्दछन्, त्यो नै हात्ती-मानव बीचको द्वन्द्वको अवस्था हो ।

हात्ती-मानव बीचको द्वन्द्वको मूख्य क्षेत्र ती हुन् जहाँ मानिस र हात्ती सँगै बस्दछन्, मूलतः संरक्षित क्षेत्र वा र ाष्ट्रिय निकुञ्जको आसपासको क्षेत्र । हात्तीहरू खेतीबालीमा पस्छन् र अन्नपात जस्तै धान, मकै गहुँ, उखु तथा केरा र अन्य फलफूलहरू विनास गर्दछन् । त्यही क्रममा तिनीहरूले मानिसको आवासमा क्षति पुऱ्याउनुका साथै मानिसहरूलाई नै घाईते बनाउँदछन् ।



कहिलेकाँही मानिसको ज्यान समेत जाने गरेको छ । केही स्थानहरूमा प्रतिकारको क्रममा हात्तीको पनि ज्यान जाने गरेको छ । यसरी हात्ती-मानव बीचको द्वन्द्वले मानिस, मानिसको धन सम्पतिका साथै हात्तीलाई नै पनि असर गरेको छ ।

हात्ती-मानव बीचको द्वन्द्वको मूख्य कारण

हात्तीको वासस्थान, वनजंगलको खण्डिकरण तथा विनास हो । वनजंगलमा मानवीय चाप बढेसँगै कतिपय क्षेत्रहरू मानिसहरूका बस्ती तथा कृषि भूमिमा रूपान्तरित भएका छन् । फलस्वरूप हात्तीहरू मानिसका खेतबारी तथा करेसाबारीमा आउन बाध्य छन् । प्रतिकारमा मानिसले शुरूमा हात्तीलाई डर देखाउने, अनि घाइते बनाउने र केही नलागेमा मार्ने समेत गर्दछन् । हात्तीले पनि मानिसलाई घाइते बनाउने र मार्ने गर्छ । नेपालमा गत १५ वर्षमा २०० भन्दा

बढी मानिसको मृत्यु भएको तथ्याङ्क छ । त्यस्तै छिमेकी राष्ट्र भारतमा प्रतिवर्ष ३०० मानिसहरू हात्तीबाट मारिएको तथ्याङ्क छ । कुनै समय व्यापक रूपमा छरिएर रहेको हात्तीको संख्या आज आएर सिमित क्षेत्रमा, थोरै संख्यामा रहेको छ । तिव्र गतिमा भएको वन विनास र वनको खण्डिकरणले हात्तीको जमातलाई अलग्याएको छ, जसको खानाको स्रोत सीमित छ । त्यसर्थ वनक्षेत्रमा खाना प्रसस्त प्राप्त गर्न नसक्दा हात्तीले अन्नबाली खाइदिन गर्दछन् । वनजंगलमा पाईने अन्य वनस्पतिमा भन्दा धान, मकै, उखु तथा अन्य बालीमा बढी पौष्टिक तत्व पाईने हुनाले पनि हात्ती त्यसमा लोभिने गर्दछ । आफू बसेको क्षेत्रबाट अर्को वनमा जाने क्रममा बाटोमा रहेका कृषि क्षेत्रमा बालीनालीको स्वाद पाएपछि हात्तीले ती बालीहरू खान पल्किने गरेको छ । यिनीहरू एकै ठाँउमा स्थिर नबस्ने र घुमफिर गरिरहने प्राणी हुन् र उनीहरूको परम्परागत आफ्नै बाटो छ । बसाईंसराईको क्रममा तिनीहरूले बाटोमा पर्ने बालीहरूको फाईदा उठाउँदछन् । हामी मानिस र हात्ती दुबैको भलाई कसरी गर्ने भन्ने कुरामा सचेत छौं । हात्ती–मानव बीचको द्वन्द्वले हात्तीको संख्या अझ घटाउन सक्छ त्यसैले हात्ती–मानव बीचको द्वन्द्वको विषय एसियाली हात्ती संरक्षणका लागि अत्यन्त महत्वपूर्ण छ ।



## नाटक १ : हात्ती–मानव बीचको द्वन्द्व

बिहानीको घाममा गाउँलेहरू घाँस, दाउरा र अन्य उपज प्राप्त गर्नजंगलमा जान्छन्, जुन हात्ती, मृग, बाँदर तथा अन्य चराचुरुङ्गीको बासस्थान हो । हात्ती त्यो वनलाई खाना प्राप्त गर्न, चर्न प्रयोग गर्दछ जहाँ हात्तीको लागि प्रसस्त खाना हुने गर्दछ । पानी भएका क्षेत्रहरूमा पनि तिनीहरू कहिलेकाँही जाने गर्छन् । केही महिनापछि एउटा उद्योगपतिले त्यो क्षेत्रको भ्रमण गर्दछ र कागज उद्योग स्थापना गर्ने सोच बनाउँछ । उद्योगका लागि चाहिने ठूलो भवन निर्माण गर्न रूखहरू काटिन्छ र जमीन सम्याइन्छ । यो हात्तीको आवतजावतको मार्ग भएकोले केही महिनापछि हात्तीहरू त्यो बाटो आउँछन् र अनौठो केही निर्माण भएको देख्छन् । तिनीहरूले त्यो भवनलाई क्षति पुऱ्याउछन् । त्यही रात एउटा पहरेदारलाई हात्तीले कुल्चन्छ । उद्योगपतिले वन संरक्षकहरूसँग सम्पर्क गरेर निर्माण कार्यलाई बन्द गर्दछ । उसले विरूवा रोप्दछ र जंगललाई पुनः स्थापित गर्दछ । हात्ती, मृग, चराहरू तथा बाँदर आफ्नो घर फर्कन्छन् । गाँउलेहरूले वन तथा वन्यजन्तुको संरक्षण गर्ने प्रतिबद्धता जनाउँछन् ।



## नाटक २ : किन मेरो गाउँलाई मात्र हात्तीले आकम्रण गर्छ ?

एउटा गाँउमा कुनै मौसममा हात्तीको आवागमन अत्यन्त कम हुन्छ । प्रत्येक वर्ष खाद्यान्नका पसलहरू तथा मदिराका पसलहरू रातको समयमा हात्तीले ध्वस्त बनाउने गर्दछ । यसले उखुको गुड प्रायसः खाने गर्दछ । त्यो समयमा यसले गाउँलेलाई अवरोध पुऱ्याउने गर्दछ । तर नजिकैका अन्य गाँउमा हात्तीको प्रभाव देखिन्न । तिनीहरूले मदिराको पसललाई परिवर्तन गरी पुस्तक पसल राखे र खाद्यान्नको गोदामलाई पनि व्यवस्थित गरे । त्यसपछि हात्ती आउने र क्षति पुऱ्याउने क्रम रोकियो ।



## नाटक ३ः हात्तीको उद्धार र खतराबाट छुटकारा

एउटा ढोई र एउटा हात्तीको छावा रातीको समयमा घुम्दै आउँदा एउटा प्रयोग नगरेको इनारमा (इनार बनाउन भुँइमा कागजको रिङ्ग राख्नुहोस्) खसे । अर्को दिन गाउँलेले जब हात्तीलाई देखे सम्पूर्ण गाउँले भेला भएर खासखुस गर्न थाले । त्यतिबेला हात्तीहरू गाँउमा आउदैनथे त्यसैले त्यो हात्ती गाउँलेका लागि नौलो थियो । हात्ती उद्धार गर्ने तालिम प्राप्त टोली आइ नपुग्दै गाउँलेहरूले उत्सुकता तथा सहानुभूतिपूर्वक उद्धार कार्य प्रारम्भ गरे । जसोतसो उनीहरूले हात्तीलाई बाहिर निकाले । तिनीहरू नजिकैको जंगलतिर दौडन मात्र लागेका थिए त्यो ढोईले अत्यन्त अत्ताल्लिएको जस्तो गरी आफ्नो बच्चालाई खोज्यो । त्यही क्रममा २ जना मानिसहरू हात्तीबाट कुल्चिएर मरे । उद्धार टोली आईपुग्दा हात्तीहरू जंगलतिर भागिसकेका थिए । उद्धार टोलीले आफैं हतार गरेर हात्तीको उद्धार नगर्न गाउँलेलाई सल्लाह दिए ।



# आफ्नो नाटक आफै तयार गर्नुहोस्ः

## निर्देशन

तल दिईएका निर्देशनका आधारमा समूहमा नाटक तयार गरी अभिनय पनि गर्नुहोस् ।

१. वन्यजन्तुसँग सम्बन्धित कुनै विषय छनौट गर्नुहोस्, जुन द्वन्द्वसँग सम्बन्धित होस् र समूहका लागि उपयुक्त पनि होस् । प्रस्तुतीका लागि थोरै समय हुने हुँदा महत्त्वपूर्ण विषय मात्र छान्नुहोला । तपाईंको नाटकको शिर्षक के हो ? (सहजकर्ताले शुरूमा सहभागीको ध्यानाकर्षणका लागि प्रश्न गर्ने र कालोपाटीमा विषय लेख्ने)

२. सो सवालमा सहभागी हुने मानिस, जनावर र वनस्पतिको नाम लेख्ने । तपाईंको नाटकका पात्रहरू को को हुन् ?

३. तपाईंको नाटक कहाँ मञ्चन हुन्छ, निर्णय गर्नुहोस् । तयारी कसरी गर्ने ।

४. तपाईंको नाटकको मूख्य सन्देश के हो ?

५. तपाईं कुन भूमिकामा भाग लिन चाहानुहुन्छ , छान्नुहोस् र नाटकका अंशलाई सररल तरिकाले ५ देखि १० मिनेट सम्ममा प्रस्तुत गर्ने गरी तयार गर्नुहोस् । तपाईंको नाटकको मूख्य घटना के हो ?

६. तपाईंले खेल्ने भूमिका सम्झनुहोस्, लेखिरहनु पर्दैन । सम्बादका मूख्य विषयहरू के के हुन् ?

७. पात्रको भूमिका निर्धारण गर्नुहोस् र प्रसस्त अभ्यास गर्नुहोस् । अभ्यास गर्दा तपाईंले दिन चाहेको सन्देशलाई सदैव दिमागमा राख्नोस् ।

८. नाटकका लागि चाहिने कपडा तथा मुखुण्डो तयार गर्नुहोस् (सिर्जनात्मक बन्नोस् । सफा तथा प्राकृतिक सामग्रीको प्रयोग गर्नु राम्रो उपाय हो । सामग्री तयार गर्नमा नै सम्पूर्ण समय खर्च नगर्नुहोस्, तपाईंले अभ्यासपूर्ण रूपमा गरिसक्नु पर्नेछ ।

९. नाटक प्रस्तुत गर्नोस् । मञ्चको क्षेत्र र दर्शकको क्षेत्र पहिले नै निर्धारण गर्नोस् । दर्शकको पूर्ण ध्यानाकर्षण हुने कुरामा निश्चिन्त बन्नोस् ।

१०. नाटक र नाटकको सन्देशको बारेमा छलफल गर्नुहोस् ।

# हात्तीसँगको सहयात्रा
# भाग २
# नेपाल परिच्छेद



फोटो साभारः बर्दिया राष्ट्रिय निकुञ्ज

**नेपालको वनसम्पदा र संरक्षित क्षेत्रबारे सामान्य जानकारी**

**नेपालका जंगली हात्तीको संख्या**

**नेपालका घरपालुवा हात्तीहरु**

**नेपालमा हात्ती संरक्षण नीति, नियमहरु**

**नेपाली संस्कृतिमा हात्ती**

## क) नेपालको वनसम्पदा र संरक्षित क्षेत्रबारे सामान्य जानकारी:

नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ जसलाई ५ वटा निम्न भौगोलिक क्षेत्रहरूमा विभाजन गरिएको छ ।

- ५००० मिटर भन्दा माथिको उच्च हिमाली क्षेत्र । (जम्मा क्षेत्रफलको २३ प्रतिशत)
- पर्वतीय श्रङ्खला ४०००-५००० मि.(जम्मा क्षेत्रफलको २० प्रतिशत)
- मध्य पहाड १०००-३००० मि.(जम्मा क्षेत्रफलको ३० प्रतिशत)
- समथर तराई ५०० मि. भन्दा तल तथा सिवालिंक पर्वत १००० मि.सम्म (२७ प्रतिशत)

(स्रोत : नेपालको जैविक विविधता रणनीति, २००२)

हाल नेपालको कुल क्षेत्रफलको करिब ४५ प्रतिशत वा कुल २ करोड ६५ मिलियन हेक्टर जमीन वन सम्पदाले ओगटेको छ । सन् २०११ को जनगणनामा नेपालको जम्मा जनसंख्या २ करोड ६५ लाख पुगेको तथ्यांक छ । जनघनत्व प्रति वर्ग कि.मि. मा १८३ रहेको छ । जम्मा जनसंख्याको करिव ५२% तराईमा, ४४% पहाडमा र ७ % हिमाली क्षेत्रमा बसोबास गर्छन् । हात्ती पाईने नेपालको तराई र सिवालिक क्षेत्रमा जनसंख्या वृद्धिका कारण कृषि भूमिको विस्तार आवश्यक छ जसले वनविनासलाई निम्त्याएको छ, वन क्षेत्र घटेको छ । त्यसका साथै बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपका कारणबाट समेत जमीनको क्षति भईरहेको छ ।

## नेपालका संरक्षित क्षेत्रहरु

नेपालमा २० वटा संरक्षित क्षेत्रहरू (१२वटा राष्ट्रिय निकुञ्ज, १ बन्यजन्तु आरक्ष, ३ संरक्षण क्षेत्र र १ शिकार आरक्ष) रहेका छन् । ती निकुञ्ज तथा संरक्षित क्षेत्रहरू, त्यसले ओगटेको क्षेत्रफल तथा प्रतिबन्धित क्षेत्र निम्नानुसार रहेको छः

| राष्ट्रिय निकुञ्ज | ओगटेको क्षेत्रफल | मध्यवर्ती क्षेत्र |
|---|---|---|
| बाँके राष्ट्रिय निकुञ्ज | ५५० वर्ग कि.मि. | ३४३ वर्ग कि.मि. |
| बर्दिया राष्ट्रिय निकुञ्ज | ९६८ वर्ग कि.मि. | ३२८ वर्ग कि.मि. |
| चितवन राष्ट्रिय निकुञ्ज | ९५३ वर्ग कि.मि. | ७२९ वर्ग कि.मि. |
| खप्तड राष्ट्रिय निकुञ्ज | २२५ वर्ग कि.मि. | २१६ वर्ग कि.मि. |
| लामटाङ्ग राष्ट्रिय निकुञ्ज | १७१० वर्ग कि.मि. | ४२० वर्ग कि.मि. |
| मकालु बरूण राष्ट्रिय निकुञ्ज | १५०० वर्ग कि.मि. | ८३० वर्ग कि.मि. |
| रारा राष्ट्रिय निकुञ्ज | १०६ वर्ग कि.मि. | ९८ वर्ग कि.मि. |
| सगरमाथा राष्ट्रिय निकुञ्ज | ११४८ वर्ग कि.मि. | २७५ वर्ग कि.मि. |
| शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | ३,५५५ वर्ग कि.मि. | १,३४९वर्ग कि.मि. |

| | | |
|---|---|---|
| शिवपुरी राष्ट्रिय निकुञ्ज | १४४ वर्ग कि.मि. | ११८ वर्ग कि.मि. |
| पर्सा राष्ट्रिय निकुञ्ज | ६२७ वर्ग कि.मि. | २८५.३ वर्ग कि.मि. |
| शुक्लाफाँट राष्ट्रिय निकुञ्ज | १७५ वर्ग कि.मि. | २४२ वर्ग कि.मि. |
| **वन्यजन्तु आरक्ष** | | |
| कोशी टप्पु वन्यजन्तु आरक्ष | १७५ वर्ग कि.मि. | १७३ वर्ग कि.मि. |
| **संरक्षण क्षेत्र** | | |
| अन्नपूर्ण संरक्षण क्षेत्र | ७,६२९ वर्ग कि.मि. | - |
| कंचनजंघा संरक्षण क्षेत्र | २,०३५ वर्ग कि.मि. | - |
| गौरीशंकर सरंक्षण क्षेत्र | २,१७९ वर्ग कि.मि. | - |
| अपिनम्पा संरक्षण क्षेत्र | १,९०३ वर्ग कि.मि. | - |
| कृष्णसार संरक्षण क्षेत्र | १६.९५ वर्ग कि.मि | - |
| मनासलु संरक्षण क्षेत्र | १,६६३ वर्ग कि.मि. | - |
| **शिकार आरक्ष** | | |
| ढोरपाटन शिकार आरक्ष | १,३२५ वर्ग कि.मि. | - |

## नेपालमा हात्तीको वासस्थानः

सन् १९६० को तथ्यांक अनुसार नेपालको कूल क्षेत्रफलको ५७ % वनजंगलले ढाकेको थियो भने ४ दशक पछाडिको यो प्रतिशत घटेर २९ पुगेको थियो । हाल वन जंगलले ढाकिएको क्षेत्र पछिल्लो समय खासगरी मध्यपहाडी भागमा बढेकोले कुल क्षेत्रफलको ४५% वन क्षेत्र भएको छ । नेपालको समतल तराई क्षेत्रमा आधाभन्दा बढि जनसंख्या ५२% बसोबास गर्छन् । कुनै समयमा हात्ती तथा अन्य जंगली जनवारहरूको महत्वपूर्ण बासस्थानको रूपमा मानिन्थ्यो। साथै यो क्षेत्र औलोज्वरो तथा अन्य रोगहरू उत्पन्न गर्ने लामखुट्टेको प्रकोपयुक्त क्षेत्र थियो । तर हाल आएर बढ्दो जनसंख्याको चापबाट भएको वनविनासका कारणबाट यो समतल भूमिमा हात्ती, गैंडा जस्ता प्राणीहरूका लागि थोरै मात्र वनक्षेत्र बाँकी रहेको छ । वनक्षेत्रलाई अतिक्रमण गरी मानिसले आवास क्षेत्र विस्तार गरेको छ, जसले गर्दा हात्तीको संख्यामा कमी आएको छ। त्यसैले हाल आएर तराईका सीमित क्षेत्रहरूमा मात्र हात्ती पाउन सकिन्छ ।

## नेपालमा हात्ती पाइने क्षेत्रहरु

### बर्दिया राष्ट्रियूय निकुञ्ज

बर्दिया राष्ट्रिय निकुञ्जको स्थापना सन् १९७६ मा भएको हो। यो राष्ट्रिय निकुञ्जले डल्फिन, हात्ती, घडियाल गोही, गैंडा, बाघ, भालु, मगर गोही, मृग साथै विभिन्न जातिका चराहरू, माछाहरू, ढाड नभएका जनवार,

विभिन्न उभयचर प्राणीका साथै १७३ जातका लहरेदार वनस्पतिहरूलाई आश्रय दिएको छ । भारतको कतर्नियाघाट वन्यजन्तु आरक्षसँग यो जोडिएको छ भने कर्णाली तथा बबई नदी र ठाकुरबाबा मन्दिर यसको नजिकमा पर्दछन् ।

## चितवन राष्ट्रिय निकुञ्ज

सन् १९७३ मा स्थापना भएको यो नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो । स्थापनाकालपूर्व यसलाई शाही शिकार आरक्षको रूपमा संरक्षण गरिएको थियो । हाल यसलाई विश्व सम्पदा सूचिमा राखिएको छ । यसले गैंडा, हात्ती, घडियाल गोही, बाघ तथा अन्य जनवारहरू साथै चरा, माछा तथा २३४ प्रजातीका वनस्पतिहरूलाई संरक्षण दिएको छ । यसमा पर्ने मूख्य नदीहरू नारायणी, राप्ती र रिउ खोला हुन् भने यस भित्र विक्रम बाबाको मन्दिर बाल्मिकी आश्रम जस्ता प्रसिद्ध धार्मिकस्थलहरू पर्दछन् । भारतको बाल्मिकी बाघ आरक्षसँग यो जोडिएको छ । अन्तराष्ट्रिय महत्त्वको ‘रामसार’ सुचिकृत सिमसार क्षेत्र बीस हजार ताल पनि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ ।

## कोशी टप्पु वन्यजन्तु आरक्ष


कोशी टप्पु वन्यजन्तु आरक्षको स्थापना सन् १९७६ मा भएको हो । यसभित्र तराईको नदी किनार, समतल भूमि, घाँसे मैदान तथा जंगल पर्दछ । गंगाको मुख्य सहायक नदीको रूपमा रहेको कोशी नदी यही आरक्ष भएर बग्ने गर्दछ । यो क्षेत्रमा नेपालमा थोरै संख्यामा बाँकी रहेको अर्ना पाउन सकिन्छ ।

## शुक्लाफाँट राष्ट्रिय निकुञ्ज

शुक्लाफाँट राष्ट्रिय निकुञ्जको स्थापना सन् १९७५ मा शुक्लाफाँट वन्यजन्तु आरक्षको रूपमा भएको हो भने यसलाई सन् १९७६ मा सरकारी मान्यता प्रदान गरियो । यो निकुञ्जमा तराईको सबैभन्दा ठूलो घाँसे मैदानको फाँट छ भने सालको जंगल मिश्रित जंगल, पतझर जंगल, सदाबहार जंगल पनि रहेका छन् । शुक्लाफाँट वन्यजन्तु आरक्षमा नेपालको सबैभन्दा ठूलो घाँसे मैदान छ जहाँ ठूलो समुहमा बाह्रसिङ्गें देख्न सकिन्छ । यहाँको मूख्य नदी महाकाली नदी हो । यस आरक्षभित्र पाईने मूख्य वन्यजन्तुहरूमा हात्ती, गैंडा, बाघ, चितुवा आदि पर्दछन् भने ५५३ जातका वनस्पतिहरू यहाँ पाइन्छन् ।

## पर्सा राष्ट्रिय निकुञ्ज

पर्सा राष्ट्रिय निकुञ्जको स्थापना सन् १९८४ मा पर्सा वन्यजन्तु आरक्षको रूपमा भएको हो । यो निकुञ्ज चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । ७५० मिटरदेखि ९५० सम्मको मिटर सम्मको चुरे पाहाड क्षेत्र ओगटेको यस क्षेत्रको हावापानी उष्ण प्रदेशीय प्रकारको छ । यहाँ बाघ,भालु, चितुवा, हात्ती, गैंडा, निलगाई, मृग, इत्यादि जनावरहरू पाइनुका साथै ३०० भन्दा बढी प्रजातिका चराहरू पाइन्छन् ।


Wild Elephant Distribution in Nepal
C H I N A
I N D I A
N E P A L
S U D U R P A S C H I M
K A R N A L I
S T A T E 5
G A N D A K I
B A G M A T I
S T A T E 1
S T A T E 2
Kathmandu
Suklaphanta NP
Bardia NP
Banke NP
Blackbuck CA
Chitwan NP
Parsa NP
Koshi Tappu WR
0
60
120
240 km
80° E
81° E
82° E
83° E
84° E
85° E
86° E
87° E
88° E
27° N
28° N
29° N
30° N
Legend
Elephant detected location
Distribution municipalities
District Boundary
State boundary
National boundary
(Map prepared by: Babu Ram Lamichhane, NTNC)

## ख) नेपालमा जंगली हात्तीको संख्या

जंगली हात्तीको वासस्थानको आधारमा नेपालको हात्तीको संख्यालाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

१. **पूर्वीय संख्या**: यो पश्चिम बगाल, भारतबाट अस्थायी रूपमा सरेर आएका हात्तीको सख्या हो । यहाँको जंगल (बासस्थान) टुक्रिएको र पातलिएको छ । हात्तीको संख्या ७ देखि १५ रहेको छ । कोशीटापु वन्यजन्तु आरक्ष तथा सप्तरी, उदयपुर, सुनसरी र झापाका आसपासका क्षेत्रमा यी हात्तीहरू विचरण गर्दछन् । यस बाहेक भारतबाट मौसमी बसाईसराईको क्रममा सयौंको संख्यामा पूर्वी नेपालमा आवात जावत गर्दछन् ।

२. **मध्यको सख्या**: यी हात्ती चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र बारा तथा रौतहटको वनक्षेत्रमा बसोबास गर्दछन् । करीब ४०-६० वटा हात्तीको संख्या यो क्षेत्रमा रहेको छ ।

३. **पश्चिमी सख्या** : बदिर्या र बाँके राष्ट्रिय निकुञ्ज तथा दाङको वन क्षेत्र र काम्दी जैवीक मार्गमा यी हात्तीहरू विचरण गर्दछन् । यी हात्ती भारतको कतर्नियाघाट वाईल्डलाईफ सेञ्चुरी र दुधुवा राष्ट्रिय निकुञ्जसम्म पुग्दछन् । कहिलेकाही कैलालीको वसन्ता वनक्षेत्रमा समेत पुग्दछन् । करिब १०० देखि १२० वटा हात्ती रहेको यो क्षेत्र नेपालको सबैभन्दा बढी हात्तीहरू रहेको क्षेत्र हो ।

४. **सुदुर पश्चिमको संख्या** : यो क्षेत्रमा बसोबास गर्ने हात्तीको सख्या १०-१५ छ । यहाकँ हात्तीहरू शिवालिक पर्वत श्रृङ्खलामा पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्जसम्म घुम्ने गर्दछन् र फर्कन्छन् ।

*(स्रोत : नेपालमा एसियाली घरपालुवा हात्तीको संरक्षणका चुनौतिहरू, फणिन्द्रराज खरेल)*

## ग) नेपालका घरपालुवा हात्तीहरु

हात्तीहरूलाई घरपालुवा जनवारका रूपमा पाल्ने कार्य सन् १९०३ देखि भएको इतिहास छ । कुनै समयमा नेपाल अधिराज्यमा ३१ वटा हात्तीका शिविरहरू थिए । हात्तीलाई वशमा पार्ने र कामका लागि तालिम दिने चलन रहेको थियो । सन् १९१४ मा १७ वटा घरपालुवा हात्तीलाई मुक्त गरी जंगलतर्फ पठाइएको तथ्याङ्क छ । साथै १९५४-७० को अवधिमा १० वटा जंगली हात्तीलाई अधिनमा लिई घरपालुवा जनवारको रूपमा पालिएको थियो ।

(स्रोत:जाँचबुझ केन्द्र विभाग, राजदरबार १९८६, हात्ती व्यवस्थापन योजना तर्जुमा प्रतिवेदन २०४२, श्री ५ को सरकारको मूख्य सचिवालय, राजदरबार, नेपाल)

# घ) नेपालमा हात्ती संरक्षणसँग सम्बन्धित नीति नियमहरु

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन १९७३

यो ऐन तथा यो ऐनसँग सम्बन्धित नियमहरूले नेपालका वन्यजन्तुको संरक्षण र संरक्षित क्षेत्रहरूको व्यवस्थापन गरेको पाइन्छ। ऐनको भाग ३ ले जनवारको शिकारलाई प्रतिबन्ध लगाएको छ र संरक्षित क्षेत्रमा विकल्पको खोजी गर्न निर्देशित गरेको छ। यसले एसियाली हात्ती सहित अन्य २७ जातिका स्तनधारी प्राणीहरूलाई संरक्षितको सुचिमा राखेको छ। यसलाई ५ पटक संसोधन गरिसकिएको छ।

## हात्ती व्यवस्था गर्ने नियमहरु २०२२

हात्तीको व्यवस्थापन गर्ने नियमहरू २०२२ ले घरपालुवा हात्तीको संरक्षणलाई नियमित र व्यवस्थित गर्न जोड दिएको छ। यो नियमावली आउनुभन्दा अगाडि नै निजि तथा सरकारी दुवै क्षेत्रबाट घरपालुवा हात्तीको व्यवस्थापनका लागि धेरै प्रयत्नहरू गरिएका छन्।

हात्तीहरूलाई विशेष उत्सवहरूमा सरकारी निकायका उच्च पदाधिकारीहहरूबाट प्रयोग गर्ने गरिन्थ्यो भने निजी क्षेत्रमा धनाढ्य र प्रतिष्ठित व्यक्तिहरूले आफ्नो शोखका लागि तथा आर्थिक सम्पन्नताको प्रतिकको रूपमा हात्ती पाल्ने गरेको पाइन्छ। यो हात्ती व्यवस्थापन नियम हात्तीको व्यवस्थापन, हात्तीको स्वास्थ्यको व्यवस्था तथा सुधार साथै हात्तीको स्वास्थ्यलाई असर नपर्ने गरी गरिने उचित प्रयोग गर्नका लागि तय गरिएको थियो।

## घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०

यस नीतिले हात्ती संरक्षणलाई प्रोत्साहन गर्ने, पालिएका हात्तीको समुचित व्यवस्थापन गर्दै देशको संबृद्धिमा टेवा पुऱ्याउने साथै पर्यावरणिय फाइदालाई बढाउने उद्देश्य लिएको छ।

## नेपालमा पालिएका हात्तीको अवस्था

**हात्ती प्रजनन् केन्द्र:** हाल नेपालमा २०० भन्दा बढि पालिएका हात्तीहरू रहेका छन् जसमध्ये करिब आधाजसो सरकारी स्वामित्वमा रहेका छन्। हात्ती प्रजनन् केन्द्र स्थापना गरी घरपालुवा हात्तीको उत्पादन हुँदै आएको छ। घरपालुवा तथा जंगली हात्तीको घट्दो संख्यालाई दृष्टिगत गरी तत्कालिन राजदरबारले १९८५ मा एक कार्यदल गठन गऱ्यो, जसको मूख्य उद्देश्य हात्तीको संख्यालाई वृद्धि गर्नका लागि आवश्यक अध्ययन गरी सुझाव पेश गर्नु रहेको थियो। उक्त कार्यदलको सुझावका आधारमा चितवन राष्ट्रिय निकुञ्जमा सन् १९८६ मा 'हात्ती प्रजनन् केन्द्र' को स्थापना गरियो। यसको मूख्य उद्देश्य वैज्ञानिक तरिकाबाट हात्तीको प्रजनन् बढाउन आवश्यक अनुसन्धान गर्नु साथै संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा सो आवश्यक पर्ने हात्तीको नियमित उत्पादन गर्नु रहेको थियो।

**जम्मा २२ वटा हात्तीहरू (१६ वटा भारतबाट, चारवटा थाईलैण्डबाट, २ वटा म्यानमारबाट) ल्याई 'प्रजनन् केन्द्र' मा राखिएका थिए ।**

(स्रोत : एसियाली हात्तीहरूको व्यवस्थापनमा नेपालका चुनौतीहरू ( फणिन्द्रराज खरेल)

**अधिकांस छावाहरू विरेन्द्रप्रसाद हात्तीमा थिए साथै फिरन्ते जंगली हात्तीहरूको पनि यसमा देन थियो । त्यो 'प्रजनन केन्द्र' मा हालसम्म ५० वटा हात्तीका बच्चाहरू जन्मिएका छन् र त्यसमध्ये २८ वटा जिवित रही विभिन्न क्षेत्रमा काम गरिरहेका छन् । त्यहाँ अहिले १८ वटा हात्ती छन् । जसमध्ये ढोई ८ वटा छन् र तामिल भएका बच्चा ३ सहित अन्य ८ वटा बच्चाहरू छन् । तिनलाई गर्भाधारणको समय बाहेकका समयमा राष्ट्रिय निकुञ्जको गस्ती अनुसन्धान तथा गल्तीमा सहभागि गराईन्छ ।**

**सरकारी हात्तीहरुः कोशी टप्पु बन्यजन्तु आरक्ष, पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, बाके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज साथै शुक्लाफाँटा वन्यजन्तु आरक्ष जस्ता संरक्षण क्षेत्रहरूमा ' हात्ती सार' हरू स्थापना गरी सरकारी हात्तीहरू राखिएका छन् । यी हात्तीहरू निकुञ्ज/आरक्ष, सुरक्षा गस्ती, अध्ययन, अनुसन्धान र सिमित रूपमा पर्यटकहरूको लागि प्रयोग हुँदै आएका छन् । नेपालका सम्पूर्ण घरपालुवा हात्तीहरूलाई सूक्ष्मरूपमा हेरिनुका साथै दर्ता गरिएको छ ।**

**नीजि हात्तीहरुः सरकारी स्वामित्त्वमा रहेका बाहेक पर्यटकहरूको लागि हात्ती सफारी गराउने उद्देश्यले १०० भन्दा बढी हात्तीहरू होटल तथा व्यक्तिहरूको नीजि स्वामित्वमा समेत रहेको छन् । यसमध्ये आधाभन्दा बढी चितवनको सौराहा आसपासको क्षेत्रमा रहेका छन् ।**

## हात्ती व्यवस्थापन कार्ययोजना

**नेपालमा हात्ती संरक्षणको लागि हात्ती व्यवस्थापन कार्ययोजनाले मार्ग निर्देश गर्दछ । हात्ती व्यवस्थापन कार्ययोजना २००८-१८ को हदम्याद सकिएको र नयाँ कार्य योजना तयार हुँदै गरेको छ । अघिल्लो कार्य योजनाले मावन हात्ती सह-अस्तित्त्वका कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेको छ ।**



# ङ) नेपाली संस्कृतिमा हात्ती

हात्तीहरू नेपाली कला, सस्कृति र परम्पराको पर्याय बनेका छन् । हाम्रा पौराणिक कथाहरूमा यिनलाई देवताको रूपमा पूजा गरिने कुरा वर्णन गरिएको छ । हिन्दु धर्मग्रन्थमा यो विश्वास गरिएको छ कि देवता र दानव बीचको निर्णायक युद्धमा हात्तीद्धारा नै समुन्द्र मन्थन गरी अमृत निकालिएको थियो, जसले सम्पूर्ण देवताहरूलाई अमर बनाएको थियो । साथै हात्तीलाई नवरत्न मध्येको एक रत्न मानिन्छ । यसरी हात्तीलाई बहुमुल्य वस्तुको रूपमा लिइएको छ र गरगहना र बहुमुल्य धातुलाई संरक्षण गरेजस्तै हात्तीको संरक्षण पनि आवश्यक छ ।

देवताका पनि देवता इन्द्रका बाहनको रूपमा 'ऐरावत हात्ती' छानिएको थियो, जुन आकारमा पनि अजंगको थियो र एउटा सुँडको सट्टामा १० वटा सुँडहरू थिए । हिन्दु धर्मग्रन्थमा वर्णन गरिएका भगवान गणेशलाई ' गजानन्द' भनिन्छ, उनको अनुहार हात्तीको छ र शरीर दैविक छ । केही किम्वदन्तीहरूमा भनिएको छ कि एउटा सानो बालकलाई पहरेदारको रूपमा ढोकामा राखेर देवी पार्वती नुहाउदै थिइन् । त्यो बालक पार्वतीको आफ्नो सृष्टि थियो । आज्ञाकारी बालकले भगवान शिवलाई पार्वती सामु जानबाट रोक्यो, त्यो बालक र शिवका अनुयायीहरू बीच लडाँई भयो । अन्त्यमा बालकको टाउको काटियो । यो सुनेर पार्वती रिसाइन् । भगवान शिवले आफ्नो दुतहरूलाई सकेसम्म चाँडो जीवित प्राणीको टाउको ल्याइ उक्त बालकलाई पुनः व्युताउनु भनी पठाए । त्यो समयमा एउटा हात्ती भेटियो र त्यसैको टाउको काटेर ल्याई बच्चाको शरीरमा जोडियो । त्यही बालक नै गणेशको रूपमा चिनिन्छ । यो लोकोत्ति सम्बन्धमा फरक धारणाहरू पनि पाइएका छन् ।

बौद्ध धर्मअनुसार, रानी मायावती (गौतम बुद्धकी आमा) ले छोरालाई जन्मदिनु पूर्व सपनामा सेतो हात्ती देखेकी थिइन । त्यसै बमोजिम शान्तिका अग्रदुत भगवान बुद्धको जन्म भएको थियो । बौद्ध धर्मको जातका कथाले ' हस्तिमंगला' लाई हात्तीको पर्वको रूपमा मान्ने परम्परालाई दर्शाएको छ ।

## इतिहास

प्राचिन मानवहरूले गुफाका भित्ताहरूमा चित्रित गरिएका चित्रहरूबाट हात्ती सम्बन्धी कस्तो धारणा बनाएका थिए बुझ्न सघाउँछ । पुरानो समयका सिक्काहरूमा पनि हात्तीका चित्रहरू अंकित गरिएका हुन्थे । अहिले नेपाली रूपैयाको सबैभन्दा ठुलो (रू.१०००) नोटमा पनि हात्तीको चित्र अंकित हुनुबाट वन्यजन्तुमध्ये नेपाली समाजमा हात्तीको उच्चतम् महत्त्व झल्काउछ । नेपालमा हात्ती मल्ल कालदेखि नै सरकारी रूपमा पाल्ने प्रचलन रहेको पाइन्छ ।




**हात्तीको मूर्ति**: नेपालमा विभिन्न पर्यटकिय क्षेत्रहरू लगायत मन्दिर तथा गुम्बाहरूमा हात्तीको मूर्ति कुदिएको पाइन्छ ।



## नेपाल र भारतको हात्ती पर्व

**हात्ती महोत्सव**: चितवनको सौराहमा विगत १५ वर्ष देखि हात्ती महोत्सव आयाजना गरिदै आएको छ । यो महोत्सव डिसेम्बर (क्रिसमसदेखि नयाँ वर्षसम्म) मनाइन्छ । हात्ती पिकनिक, हात्ती फुटबल, हात्ती सुन्दरी प्रतियोगिता र हात्ती दौड लगायतका खेलहरू यो महोत्सवमा खेलाईन्छ ।

**हात्ती पोलो**: सन् १९८२ बाट अन्तराष्ट्रिय हात्ती पोलो चितवन राष्ट्रिय निकुञ्जको मेघौलीमा सुरू भएको थियो । हाल नवलपरासीको अमलटारी क्षेत्रमा यो खेल वार्षिक रूपमा हुने गरेको छ ।

विश्व हात्ती दिवस: अगष्ट १२, लाई विश्व हात्ती दिवसको रूपमा विश्वभरि नै मनाइन्छ ।

# भाग ३
# एउटा अजङ्गको प्रणीसगँको सहबासको सिकाई



नेपालमा मानव र हात्ती बीचको द्वन्द्व व्यवस्थापन

हात्तीसँगको सहयात्रा-एउटा अजङ्गको प्राणीसँगको सहबासको सिकाई (HECx)

मानव हात्ती द्वन्द्व सम्बन्धि नेपाल भित्रका केही घटनाहरु

दक्षिण  एसियाली क्षेत्रका मानव हात्ती द्वन्द्व सम्बन्धि घटनाहरु

मानव र हात्ती द्वन्द्व न्यूनिकरणका लागि गर्नुपर्ने र गर्न नहुने कुराहरु

# क) नेपालमा मानव तथा हात्तीवीचको द्वन्द्व व्यवस्थापन

सामान्यतयाः एसियाली हात्तीहरू लजालु किसिमका जनवारहरू हुन् र मानव जातीसँग सर्म्पकमा नरही जंगलमा स्वतन्त्र जीवन विताउन मन पराउँछन्। तर यसका लागि धेरै खाना तथा वस्नका लागि ठूलो ठाँउको आवश्यकता पर्दछ। जसले गर्दा मानिससँग द्वन्द्वको अवस्था सिर्जना हुनपुग्दछ। वास्तवमै, हात्तीको वासस्थान रहेका क्षेत्र वरिपरि जंगली हात्तीद्वारा अन्नपातहरूमा क्षति पुर्‍याउने तथा मानिसलाई मार्ने कार्यहरू भएका प्रसस्त उदाहरणहरू छन्। नेपालको तराई तथा चुरे क्षेत्र पनि यसबाट अछुतो छैन। वितेका केही वर्षहरूमा तराई क्षेत्रमा तराई तथा चुरे क्षेत्रका झापादेखि कञ्चनपुर सम्मका जिल्लाहमा मानव-हात्ती द्वन्द्वको कारण धेरै व्यक्ति मारिएका छन, अन्नपातहरू नष्ट भएको छ र गाँउहरूमा नै क्षति पुगेको पारिएको छ। त्यस्तै मानिसहरूले पनि हात्तीलाई मार्ने तथा घाइते पार्ने गरेका छन्। वर्तमान समयमा जनसंख्याको तीव्र वृद्धि, खण्डिकृत वन-जंगलको कारणबाट मानिस र हात्तीवीचको द्वन्द्व बढ्दो छ।

एसियाली हात्तीहरू लोप हुन लागेको अवस्थामा छन्। त्यसैले नेपाल सरकार तथा अन्य संस्थाहरू संरंक्षित क्षेत्रको स्थापना गरेर संरक्षण गरिरहेका छन्। निश्चय नै यस्ता कार्यहरू जनताको सहयोग विना संभव छैनन्। तर हात्ती जीउ-धनको सुरक्षाको लागि नै चुनौती बनिरहेका क्षेत्रहरूमा जनताको सहयोग प्राप्त गर्न कठिन छ। त्यसैले तराई क्षेत्रमा हात्ती तथा मानिसवीचको द्वन्द्व व्यवस्थापन र सहअस्तित्त्व कायम गर्ने कुरा प्राथमिकतामा पर्ने कार्य हो। उदाहरणका लागि झापा जिल्लामा विशेष गरी बाहुन डाँगी क्षेत्रमा दशक देखि हात्तीको विनासलाई नियन्त्रण गर्ने कार्य महत्वपूर्ण मुद्दा बनेको छ।

## द्वन्द्वका क्षेत्रहरु


परम्परागत रूपमा सम्पूर्ण तराई तथा चुरे क्षेत्र हात्तीको बसोबास क्षेत्र हो। कोशी टप्पु लगाएत पूर्वका चार जिल्ला (सप्तरी, सुनसरी, उदयपुर, झापामा रहेका हात्तीको अनुमानित संख्या २२ छ। यस बाहेक भारतबाट केही वर्ष अघिसम्म (बाहुन डांगी क्षेत्रमा विद्युतिय तारबार बनाउनु अघि सयौको संख्यामा भारत (पश्चिम वंगाल)बाट हात्तीको समुह नियमित रूपमा बसाइसराई गरी आउने जाने गर्दथे। विगत १५ वर्ष यता कोशी टप्पु लगाएतका पूर्वी नेपालको भागमा हात्तीबाट भएको मानविय क्षतिको संख्या ५५ रहेको छ।

* Revised and updated version of ‘Elephant-human conflict in West Bengal’ [ENVIS: Vol.1(1), March 1998, Wildlife Institute of India, Dehradun.

हात्तीबाट मानवीय क्षति सँगसँगै प्रतिशोधात्मक रूपमा हात्ती मार्नेक्रम पनि उत्तिकै देखिन्छ। तथ्याङ्क अनुसार १५ वर्षको अवधिमा नेपालको पूर्वी तराईका तीनवटा जिल्ला उदयपुर, सुनसरी र झापामा गरेर क्रमै रूपमा दुई, तीन र तिनको संख्यामा गरी जम्मामा आठओटा जंगली हात्ती मारिएको अवस्था छ।थोरैको संख्यामा रहेका हात्ती यति छोटो समय अवधिभित्र नै यति ठूलो परिमाणमा मारिनुले हात्तीलाई थप संकटमा पुर्‍याएको पुष्टि हुन्छ।

## द्वन्द्वविस्तार


द्वन्द्वको प्रभाव मानिस र हात्ती दुवैमा देख्न सकिन्छ । हात्तीले गर्ने धनजनको क्षति, अन्नपातको विनास, घर हरूमा गर्ने क्षति, घाइते तथा मृत्युको शिकार बन्नुपरेको कारणबाट मानिसहरू हात्तीबाट ग्रसित छन् र कहिलेकाँही अन्य घरपालुवा जनवारलाई पनि हात्तीले मार्ने गर्दछ ।




*स्रोतः अशोक कुमार राम (हात्ती अनुसन्धान कर्ता)*

हात्तीहरू जहाँ जान्छन् त्यहाँबाट मानिसले लखेट्ने, अवरोध पुऱ्याउने तथा हतास पार्ने गर्दछन् । यसको कारणबाट प्रायः गरेर हात्तीले पहिले हिँडेको बाटोलाई छोडेर नयाँ बाटो खोजी गर्दछन् । प्रतिशोधको कारण पनि हात्तीहरू मारिएको अवस्था छ । हात्तीलाई विष खुवाएर मार्ने तथा विद्युतीय तरङ्गबाट मार्ने कार्यहरू पनि यदाकदा देखिएको छ । कहिलेकाही गाउँलेहरूले रिसाएर हात्तीको वासस्थान जंगललाई नै सखाप पनि पारिदिने गर्दछन् । त्यसका साथै कहिलेकाँही घर पालुवा जनावरलाई लाग्ने रोगका कारणबाट समेत हात्तीहरू प्रभावित हुने गरेको र जंगली हात्तीको संख्या घट्ने गरेको पाईएको छ ।

नेपाल तराईका विभिन्न स्थानमा पन्ध्र वर्ष यता प्रतिशोध तथा शिकारका हिसावले हात्ती मारिएको तथ्याङ्क यसप्रकार छ।




*स्रोतः अशोक कुमार राम (हात्ती अनुसन्धान कर्ता)*

## द्वन्द्वका कारणहरु

मानिस र हात्तीहरू वीचको द्वन्द्वका लागि जिम्मेवार कुनै एक तत्व यही हो भनेर किटान गर्न असंभव छ। विभिन्न तत्वहरूको समिश्रणबाट नै समस्या उत्पन्न हुने गर्दछ। केही मूख्य कारणहरू निम्नानुसार छन्।

### १) अत्याधिक मात्रामा खण्डिक्रीत भएका जंगल (हात्तीको बासस्थान)

पूर्वी तराईको हात्ती रहेको क्षेत्रमा जंगलहरू टुक्रिएर साना–साना खण्डहरूमा विभाजन भएका छन्। हात्ती ठूलो प्राणी भएकोले यसलाई चरिचरन गर्नको निमित्त ठूलो जंगल चाहिन्छ। पूर्वी तराईको भागमा रहेका रैथाने हात्तीहरू खण्डिक्रित बासस्थानबाट मर्माहित छन्। नचाहँदा नचाहँदै पनि हात्तीहरू मानिसको संसर्गमा पर्न बाध्य छन्। यसले मानव र हात्तीको द्वन्द्वलाई निम्ताईरहेको छ। यति मात्र नभएर भारतको पश्चिम वंगाल हुँदै नेपालको झापा स्थित बाहुन डांगीमा ठूलो संख्यामा आइपुग्न प्रवासी हात्तीहरूको कारण पनि थप द्वन्द्व भईरहेको बुझ्न सकिन्छ।

### २) चरन

पूर्वी तराईका जंगलहरूमा घरपालुवा गाईवस्तु चराउन लगिन्छ, जुन गम्भीर समस्याको रूपमा रहेको छ। उदाहरणको लागि हेर्ने हो भने पनि पूर्वी नेपालको एकमात्र संरक्षण क्षेत्र कोशी टाँपु वन्यजन्तु आरक्षमा मात्र पनि हजारौंको संख्यामा छाडा छोडिएको गाइ गोरूहरूको उपस्थिति छ। यसले हात्तीलाई मात्र होइन अरू घाँस खाने जनवारलाई पनि असर पार्दछ। गाइवस्तुले तिनीहरूको आहारा खाने मात्र होइन कि विभिन्न

किसिमको रोगहरू पनि सार्ने गर्दछन् । घाँसको अभावका कारणबाट हात्तीहरू जंगलमा कम बस्ने र खानाको खोजीका लागि कृषि भूमितर्फ जाने गर्दछन् ।

### (३) मानिसको बढी उपस्थिति बढ्नु (Exposure)

तराईका अधिकांस जंगलहरूमा मानिसहरूको आवतजावत अत्यधिक बढेको छ । प्रत्येक दिन गाइवस्तु चराउन, घाँस दाउराका लागि तथा अन्य जंगली उत्पादनहरू प्राप्त गर्नका लागि मानिसहरू जंगल जान्छन् । हात्तीले चरिचरण गर्ने पूर्वका साना साना खण्डिकक्रित जंगलहरूमा यसरी मानवीय चाप बढ्नु पक्कै पनि हात्तीको लागि खत्राको संकेत हो । मानिसको बढ्दो जनसंख्याका कारण विगतमा भन्दा वर्तमानमा मानिसहरू बढी नै हात्तीको सम्पर्कमा छन् । यस्तो मानवीय उपस्थितिले मानिससँग डराउने अन्तर्निहित गुण हराएर जान्छ र तिनीहरूलाई बढी आक्रमक बनाउँदछ ।

### ४) कृषि उपजको लोभ

हात्ती एउटा ठूलो जनवार हो जसलाई प्रत्येक दिन २५०-३०० किलोग्राम आहारा चाहिन्छ । जंगलमा खाना खोज्नका लागि उसले दैनिक १६-२० घण्टा व्यतित गर्दछ । तर कृषि भूमिमा थोरै प्रयत्नमा सानो क्षेत्रभित्र नै उसले पोषणयुक्त प्रसस्त खाना प्राप्त गर्दछ । एकपटक अन्न वालीहरूको स्वाद लिइसकेको हात्ती जंगलमा खाना अभाव भइरहेको अवस्थामा पटकपटक कृषि भूमिमा पस्ने गर्दछ । तराई क्षेत्रमा मूख्य वालीको रूपमा रहेको धान उखु, गहुँ, मकै इत्यादि हात्तीको लागि पनि मनपर्ने आहारा हो । यसकारण पनि हात्तीले खोजी खोजी कृषि भूमिमा जाने गर्दछन् ।

### ५) अन्य कारणहरु

**अ) असामान्य लैङ्गिक अनुपात:** विशेषज्ञहरूको अनुसार भाले र पोथी/ढोइ हात्तीको अनुपात १:३ हुनुपर्दछ । अर्को शब्दमा प्रौढ हात्तीले १ भन्दा बढी ढोइहरूसँग संसर्ग गर्दछ जसले बढी हात्ती उत्पादनलाई सहयोग पुग्दछ । तथ्याङ्कले देखाएको छ कि समुहमा बढि भएका र छुट्टिएर एक्लै घुम्ने भाले हात्ती तथा भाले हात्तीहरूको बथानले नै धेरै मानवीय क्षति गर्दछन् ।

**आ) हात्तीलाई क्षति पुग्ने गरी आक्रमण:** तिखो भाला, अगुल्टो, ढुङ्गा, विद्युतिय झड्का लगाएतको प्रयोग गरी हात्तीलाई घाइते बनाउनु स्थानिय किसानहरूको लागि अनौठो कुरा होइन । यसरी घाइते भएको हात्तीले अझ उपद्रो मच्चाउने विश्वास गरिन्छ ।

**इ) ग्रामीण मदिरा:** मानिसहरूले यो विश्वास गर्दछन गाँउहरूमा अवैध रूपमा उत्पादन गरिने मदिराले पनि हात्तीलाई आकर्षित गर्दछ । हात्तीले मारेका वा घाइते बनाएका धेरैजसो मानिसहरू नशामा भएको पाइएको छ, जो हात्तीले आक्रमण गर्न लागेमा सुरक्षित रहन सक्दैनन् वा नसाको अवस्थामा हात्तीको धेरै नजिक पुग्दछन् ।

## द्वन्द्व व्यवस्थापन

अगाडि नै उल्लेख गरिसकिएको छ कि हात्ती पाइने क्षेत्रमा हात्ती र मानिसवीचको द्वन्द्वले ठूलो प्रभाव पारेको छ । वास्तवमा, राज्यमा सदैव जटिल बन्दै गइरहेको हात्तीको विनासको समस्याले अध्ययन, चाखलाग्दा परीक्षणहरू, व्यवस्थापनका नयाँ सोच र तरिकाहरूको खोजीका लागि मानिसलाई प्रेरित गरेको छ। जसलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ ।

### १) अध्ययन र खोज

हाल नेपालमा जंगली हात्तीको संख्या जम्मा १०९-१४२ को बीचमा रहेको अध्ययनले देखाएको छ । जंगली हात्तीको घट्दो वासस्थान तथा मानव हात्ती बीचको द्वन्द्वलाई सम्बोधन गर्ने उद्देश्यले सन् २००७ मा नै पहिलो पटक हात्ती संरक्षण कार्य योजना (Elephant Conservation Action Plan) तयार भएको थियो जसमा हात्ती संरक्षणका लागि दश वर्षे योजना (२००९-२०१८) को तर्जुमा गरेको थियो । नयाँ कार्ययोजना २०२०-२०२४ तयार हुने क्रममा रहेको छ । त्यस्तै मानव हात्ती द्वन्द्वलाई कम गर्ने उद्देश्यले मानव हात्ती द्वन्द्व न्यूनिकरण कार्य योजना (२०१९-२०२५) बाट नयाँ दृष्टिकोणको थालनी भएको छ ।

### २) समस्या दिने हात्तीहरुको नियन्त्रण

जंगली हात्तीहरू जसले मानिसहरूलाई आक्रमण गरि क्षति पुऱ्याउने गरेको छ, त्यसलाई समस्याग्रस्त वा वौलाहा हात्तीको रूपमा मानिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ का आधारमा त्यस्ता हात्तीहरूलाई नियन्त्रण गर्ने प्रयत्न गरिन्छ । उदाहरणको लागि सन् २०१२ मा १५ जना भन्दा बढि मानिस मारिसकेको ध्रुवे नाम गरेको जंगली हात्तीलाई नेपाल सरकारले मार्ने निर्णय गरेको थियो ।

### ३) छिटो प्रतिक्रिया टोली (RRT–Rapid Response Team)

हात्ती पाईने तराईका विभिन्न क्षेत्र जस्तै चितवन झापा, शुक्लाफाँटा तथा बर्दियामा एउटा छुट्टै टोलीको गठन गरिएको छ जसले हात्तीको उपस्थितिको सूचना तुरून्त प्रवाहा गरेर हात्तीबाट हुनसक्ने सम्भावित क्षति हुनबाट बचाउँछ । यस्तो टोलीले बस्ती क्षेत्रमा बसेको हात्ती वा हात्तीको समुहलाई थपाउन सहयोग गर्छन् ।

यसै गरी कोशी टापुमा भने मानव हात्ती द्वन्द्व व्यवस्थापन प्रक्रिया टोली (HECMRT–Human Elephant Conflict Management Response Team)को गठन भएको छ ।

मानव हात्ती द्वन्द्वको अवस्था बुझ्ने उद्देश्यले नेपालमा हालसम्म ७ वटा मानव वस्तीमा पस्ने जंगली हात्तीलाई घाँटीमा सेटलाईट उपकरण झुण्ड्याइसकिएको छ ।

### ४) हात्तीलाई छेक्न पर्खालहरु

नेपालमा खासगरी संरक्षीत क्षेत्रबाट हात्तीहरू कहिले काहि बालीनालीको लोभले गाउँ पस्ने गर्छन् ।

फलस्वरूप मानव हात्ती द्वन्द्वको सृजना हुन्छ । कतिपय अवस्थामा हात्तीले बालीनालीको मात्र नोक्सान पु¥याएका हुन्छन् भने कतिपय समयमा घर गोठसहित मानवीय क्षतिको पनि सामाना गर्नुपरेको अवस्था छ। यो अवस्थालाई न्यूनिकरण गर्न विभिन्न ठाउँमा विभिन्न किसिमका तारबारहरू लगाइएका छन्। यी तारबारहरू विशेष गरी वन क्षेत्र र कृषि वा मानव वस्तीलाई छुट्याउने हिसावले लगाईएका छन्। यस अन्तर्गत विभिन्न किसिमका तारबार जस्तै पूर्ण रूपमा कन्क्रिट, विद्युतिय काँडेतार अथवा आधा ढलाई मिश्रित काँडे वा जाली तार पर्छन्।

विधुतिय तारबारहरू धेरै ठाउँमा मर्मत सम्भार नहुँदा लामो समय प्रभावकारी नभएको भन्ने छ तर झापाको हकमा भने Off set fence को कारण प्रभावकारी रहेको बुझाई छ। यसैगरी चितवनको केही ठाउँमा भएका पूर्ण कन्क्रिट पर्खालहरूले हात्तीलाई वनबाट वस्ती प्रवेश गर्नमा नियन्त्रण भएको भन्ने छ यद्यपि हात्ती अत्यन्तै बाठो जनावर भएकोले जमिनको उच्च  भाग पहिल्याएर पूर्ण कन्क्रिट पर्खाललाई पनि नाघेका घटनाहरू प्रशस्त छन्।

### ५) हात्तीबाट भएको धनजनको क्षतिको लागि राहतको व्यवस्था

वन्यजन्तुले बिभिन्न समयमा संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सामुदायिक वन लगायत अन्य वन क्षेत्र तथा अन्य गाउँ/वस्तीमा प्रवेश गरी स्थानीय जनताको जीउ धनको क्षति पुर्याउने गरेको हुँदा स्थानीय जनता र संरक्षण निकाय तथा स्थानीय प्रशासनका बीच तनाव र द्वन्द सृजना हुंदै आएको छ। सो अवस्थामा पीडित नेपाली नागरिकलाई राहत उपलव्ध गराई वन्यजन्तु र स्थानीय बासिन्दाबिचको अन्तर सम्वन्ध घनिष्ठ राख्ने उद्देश्यले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ बमोजिम वन तथा भू–संरक्षण मन्त्रालयले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निदेशिका बनाएको छ। उक्त राहत निदेशिका अनुसार हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, जंगली बंदेल, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, मगर गोही, अर्ना, गौरीगाई र अजिङ्गर बाट भएको क्षतिको राहत दिने व्यवस्था छ जसमा हात्तीबाट भएको क्षतिलाई प्राथमिकतामा राखिएको छ। क्षतिको राहत रकम संरक्षित क्षेत्रहरूको हकमा संबन्धित संरक्षित क्षेत्रबाट र वन कार्यलयको क्षेत्रमा नजिकको संरक्षित क्षेत्रबाट दिने व्यवस्था गरेको छ।

## हात्तीबाट हुने क्षतिको किसिम र राहत प्राप्त गर्ने आधारहरु

### अ. मानवीय क्षतिः

संरक्षित क्षेत्र र राष्ट्रिय वनक्षेत्र बाहेक अन्यत्र हात्तीको आक्रमणमा परी मानवीय क्षति (मानिसको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएको अवस्थामा) यस निर्देशिका बमोजिम राहत रकम उपलव्ध हुनेछ। जसअन्तर्गत गम्भीर घाइते भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अङ्गभङ्ग हुने गरी घाईते भएको अवस्थालाई जनाउँछ भने सामान्य घाइते भन्नाले शरीर अङ्गभङ्ग हुने वाहेक उपचार गर्नुपर्ने अन्य

अवस्थाको घाईतेलाई जनाउँछ । संरक्षित क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा सरकारी काममा खटिएका कर्मचारी र वन संरक्षणको कामको लागि अनुमति लिई काममा खटिएका कामदार लगाएतको हकमा भने उल्लिखित वन्यजन्तुले क्षति पुऱ्याएमा यस निर्देशिका बमोजिम राहत उपलव्ध गराउने ब्यवस्था रहेको छ ।

- सामान्य घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रू. २०,०००।- (वीस हजार) सम्म औषधोपचार खर्च दिने ।
- सख्त घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र बिशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा बढीमा रू. २,००,०००।- (दुई लाख) सम्म औषधोपचार खर्च दिने ।
- मृतकको आश्रित परिवार/हकवालाको लागि रू. १०,००,०००।- (दश लाख) राहत रकम दिने ।

## आ. घर/गोठको क्षति:

यदि कुनै हात्तीले प्रयोगमा रहेको घर/गोठको क्षति गरेमा क्षतिको मूल्याङ्कनको आधारमा राहत रकम उपलव्ध हुनेछ । सम्बन्धित उपभोक्ता समिति तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्वन्धी प्रतिवेदन र सिफारिसका आधारमा निम्न अनुसारको राहत रकम उपलव्ध हुनेछ:

- घर/गोठ क्षतीको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रू. १०,०००।- (दश हजार) सम्म ।
- भकारीमा भण्डारण गरिएको अन्नको मुल्याङ्कन गरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रू. १०,०००।-( दश हजार) सम्म ।

## इ. खाद्यान्न बाली र भण्डारण गरेको अन्नको क्षति:

यदि हात्तीले खाद्यान्न (उखु र व्यवसायिक केरा खेती समेत) बाली नोक्सान गरेमा मूल्याङ्कनका आधारमा राहत रकम उपलव्ध हुने व्यवस्था छ । त्यस्तै वन्यजन्तुले घरगोठभित्र भण्डारण गरेको अन्नको क्षति गरेमा क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध हुनेछ ।

सम्बन्धित उपभोक्ता समिति, गाउँ विकास समिति/नगरपालिका तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षतिसम्वन्धी प्रतिवेदन र सिफारिसका आधारमा खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा रू. १०,०००।- (दश हजार) सम्म राहत रकम उपलव्ध हुने । तर एक मौसममा लगाएको बालीको हकमा एक पटक र बर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलब्ध हुन व्यवस्था छ ।

# द्वन्द्व समाधानका लगि अपनाइने रणनीतिहरु

विगतमा भएका अध्ययन प्रतिवेदनहरूले देखाउछ कि मानव-हात्ती वीचको द्वन्द्वका सम्बन्धमा अल्पकालिन तथा दिर्घकालिन दुवै प्रयत्नहरू भएका छन् । अल्पकालिन उपायहरूको प्रमुख उद्देश्य मानिसहरूलाई जंगली

हात्तीको विध्वंसबाट तत्काल राहत उपलब्ध गराउनु हो भने दिर्घकालीन उपायहरूबाट हात्ती र मानिसवीचको द्वन्द्वका कारणहरूको निर्मूल गर्ने र हात्तीलाई जंगलमा स्वतन्त्र रूपमा बाँच्ने वातावरणको सिर्जना गर्ने आशा गरिएको छ ।

प्रयोग गरिएका उपायहरू परम्परागत तथा आधुनिक (प्रविधियुक्त) दुवै खाले छन् । तथापि ती नयाँ उपाय र प्रविधिको प्रयोग र त्यसलाई ग्रहण गर्ने कार्यमा देखापर्ने सिमितताहरू पत्ता लगाउन हात्तीले अत्यन्त चलाखीपूर्ण व्यवहार देखाउँदछन् । त्यसकारण हात्तीको शारिरिक तथा मानसिक क्षमतालाई ध्यानमा राखेर ती प्रविधिहरूमा नियमित सुधारको आवश्यकता रहन्छ । समस्यासँग प्रभावकारी तरीकाबाट जुध्नका लागि अल्पकालिन तथा दिर्घकालिन तरिकाहरूलाई सँगसँगै अगाडि बढाउन आवश्यक हुन्छ ।

## हात्तीसँगको सामिप्यता– पश्चिम बंगालको अनुभव

हात्ती–मानिस वीचको द्वन्द्व व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष मानिसलाई हात्ती बस्ने क्षेत्रमा हात्तीकै समीपमा बस्नका लागि सक्षम बनाउनु हो । पश्चिम बंगालको अनुभवले यो सुझाव दिएको छ कि निश्चित सतर्कता तथा रोकथामका उपायहरूको प्रयोगका कारणबाट हात्तीको विध्वंस धेरै घटेको छ (विष्ट, १९९६) । केही उदाहरणहरू तल दिइएका छन् ।

(१) अवलोकनबाट पत्ता लागेको छ कि जंगली हात्तीहरू बिजुलीको उज्यालोमा शान्त रहन्छन् । तसर्थ मानिसहरू बिजुलीको उज्यालोमा हात्तीबाट आफूलाई बढी मात्रामा सुरक्षित राख्न सक्दछन् । उत्तरी बंगालका चिया बगानहरूमा जहाँ प्रत्येक वर्ष हात्तीका कारणबाट कूलमध्ये ६०–७० प्रतिशत मानवीय क्षति हुने गर्दछ, त्यो मजदुरहरूको वासस्थानमा विद्युतीकरण गरिनु महत्वपूर्ण छ ।

(२) भूईघरहरू बनाउनुभन्दा खम्बाहरूको प्रयोग गरी बनाईएका घरहरूमा हात्तीले पुऱ्याउने क्षति कम हुने कुरा अध्ययनले देखाएको छ । त्यसैले मूख्य गरेर चिया बगानहरूमा व्यवस्थित तरिकाले घरहरू बानइएमा हात्तीले पुऱ्याउने जनधनको क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ ।

(३) अनुसन्धानबाट यो पत्ता लागेको छ कि चम्किलो रङ पोतिएको घरहरू वा गेटहरूमा मधुरो रंग लगाइएका घरहरूभन्दा बढी खतरा हुने गर्दछ ।

(४) घरको वरिपरि अग्ला झाँडी राख्नु ⁄ लगाउनु हुँदैन जसले हात्ती आएको नदेखिने र तुरून्त आक्रमणमा पर्ने डर रहन्छ । साथै घरको वरिपरि हात्तीलाई आकर्षित गर्ने खालका बोट–विरूवाहरू जस्तै बाँस, केरा, नरिवल, आदि नलगाउन पनि मानिसलाई सल्लाह दिइएको छ ।

(५) जुन क्षेत्रमा हात्तीले अन्नवालीलाई क्षति पुऱ्याउँदै आएको छ, ती क्षेत्रहरूमा नियमित रूपमा लगाइने अन्नवाली भन्दा जुट, आलु, तेलहन, मेन्था आदि लगाउन किसानलाई प्रेरित गर्न सकिन्छ, जुन उत्पादन हात्तीले मन पराउँदैनन् ।

(६) घाइते हात्तीले अन्धाधुन्ध रूपमा पुऱ्याउने क्षतिबाट मानिसहरू सर्तक रहनुपर्दछ ।

(७) साँझपरेपछि नशाको अवस्थामा मानिसहरूले घरवरिपरि निस्कनु हुँदैन साथै खुल्ला रूपमा घरेलु मदिरा उत्पादन नगर्न तथा भण्डारण गरेर नराख्न मानिसलाई सचेत गराइएको छ। यी कुराहरूको बारेमा मानिसहरूलाई प्रसस्त जानकारी उपलब्ध गराउनु तथा उपयुक्त तालिमप्रदान गर्नु द्वन्द्व व्यवस्थापन कार्यक्रमको एउटा पाटो हो। माथि उल्लेखित कुरामध्ये कतिपय पश्चिम बंगालमा प्रयोगमा छन् भने कतिपय आगामी दिनमा प्रयोगमा ल्याउन आवश्यक देखिएको छ।

## ख) हात्तीसँगको सहयात्रा-एउटा अजङ्को प्राणीसँगको सहवासको सिकाई (HECx)

यो पुस्तकमा तपाईले हात्तीको बारेमा केही कुराहरू थाहा पाइसक्नुभएको छ। त्यसमध्ये केही कुराहरू तपाईले सायद जानिसक्नुभएको थियो किनकी हामी तराई क्षेत्रका अधिकांस वासिन्दाहरू कुनै न कुनै रूपमा हात्तीसँग हुर्किएका छौ। यहाँ मानिसहरूको जीवन हात्तीसँग संलग्न नरहेको कहिले थियो र ?

हात्तीहरू वाल्यकालका अभिन्न अंगहरू हुन्, केही बालकका अत्यन्त मनपर्ने जनवार। एउटा अनुसन्धानको अनुसार २४ प्रतिशत नेपाली बालकहरू हात्तीलाई आफ्नो मनपर्ने जनवार भन्दछन्। अधिकांस तराई क्षेत्रका बालकहरूले आफू बसेको क्षेत्रमा नै हात्तीलाई देख्ने, भेट्ने मौका पाएका छन् किनकि हात्ती जंगलका साथै शहरमा पनि पाइन्छ, चाहे तिनीहरू समातिएका हुन्, चिडियाखानामा हुन्, हात्तीसारमा वा प्राकृतिक निकुञ्जहरूमा। कहिलेकाँही माहुतेहरूले उपचारका लागि वा त्यसैपनि लिएर हिंडिरहेको अवस्थामा बाटोमा पनि हात्ती देख्न पाइन्छ। पुस्तक, कथा, पेन्टिङ गरिएका गुडियाहरू तथा नरम कपडाका गुडियाहरूका रूपमा पनि हात्तीहरू केटाकेटीका साथी बनेका छन्। केही बालबालिकाहरू हात्तीका दाँतहरूको मूर्ति, हात्तीका खुट्टाहरूको आकारका छाता, स्टेण्ड, सलहरू, तन्ना, झ्याल, ढोकाका पर्दा, क्यालेण्डर, पोष्टर आदिमा चित्रित गरिएका हुन्छन् साथै ढुंगाका मूर्तिहरूमा समेत कुँदिएका पाइन्छ। दैनिक जीवनमा हात्तीलाई भगवान गणेशको रूपमा मानिसहरूले पूजा गर्दछन।

आजभोलि हात्ती समाचारको विषय पनि बनेको छ। एकातिर यसको संख्यामा आएको कमी समाचारको विषय बनेको छ भने बासस्थानको अभावका कारणबाट नजिकैको मानव वस्तीमा खाना, पानीको खोजीमा जाने र घर, वालीनाली, भण्डारण गरिएका अन्नपातहरू साथै मानिसलाई नै पनि क्षति पुऱ्याउने गरेका समाचारहरू बढी मात्रामा सुन्न पाइन्छ।

### यो पूर्णरुपमा नयाँ समस्या होइन ।

शताब्दीऔं अगाडि जुन समयमा प्रसस्त मात्रामा घुमफिर को लागि स्थान, प्रसस्त खाना र पानी थियो, त्यो समयमा पनि समयसमयमा मानिस र हात्तीवीचको द्वन्द्वका कुराहरू सुनिन्थे। गजशास्त्र, पुरानो भारतीय

हात्तीको किंवदन्तीमा पाँचौ, छैठौं शताब्दीतिर हात्ती तथा कृषिमा संलग्न समुदायका बीचमा व्यापक द्वन्द्व भएको तथ्य पाइन्छ । गजशास्त्रले हात्तीको गुणलाई पनि व्याख्या गरेको छ, जुन मानव जातिमा जस्तै जनवार र जनवार बीचमा पनि फरक पर्दथ्यो । त्यो समयमा हात्तीहरूलाई घुमफिर गर्न प्रसस्त जंगल थियो, त्यसैले आजका हात्तीका समस्याहरू त्यो समयमा थिएनन् । हाल वनविनासका कारणबाट हात्तीहरू खाना, पानी र आवासको अभावबाट पिडित छन् जुन भोक, तिर्खा र चिन्ता साथै आफ्ना वालबच्चा गुमाउने डरका कारणबाट हात्तीहरू मानव वस्ती आसपास आउन बाध्य भइरहेका छन् । यद्यपी यो देखिएको छ कि विगतमा पनि हात्तीले कृषि भूमिलाई नोक्सान पुऱ्याउँदै आएको थियो । वर्षहरू वित्दै जाँदा जंगलमा हात्तीको संख्या पनि बढ्दै गयो । तिनीहरूले नजिकैका गाँउहरूमा क्षति पुऱ्याउन थाले र मानिसका वस्तीहरूमा डर पैदा हुन थाल्यो ।

यस्तो अवस्थामा कसरी हात्तीको साथमा रहने ? यो एउटा गहन प्रश्न हो । हात्ती प्रभावित क्षेत्रका मानिसहरूलाई हात्तीको साथमा कसरी रहने भन्ने कुरा कसरी सिकाउने ? यो अर्को गहन प्रश्न हो ।

यदि तपाइँ हात्ती प्रभावित क्षेत्रबाट आउनुभएको र हात्तीबाट हुने डर, त्रास र क्षति बारेमा जानकार हुनुहुन्छ भने निश्चय नै हात्ती र मानवको साथसाथ जीवनयापनको बारेमा प्रशिक्षित गर्न तपाई राम्रो शिक्षक बन्न सक्नुहुनेछ । किनकी तपाईले आफूलाई त्यही ठाँउमा राख्न सक्नुहुने छ । यदि होइन भने तँपाई जे भन्नुहुन्छ, त्यसमा बढी सावधान रहनु पर्छ ।


हात्तीसँगको सहयात्राको अर्को अर्थ 'सहअस्तित्व' वा शान्तिपूर्वक सहअस्तित्व हो जुन द्वन्द्वको ठिक विपरित अर्थमा लिइन्छ । तँपाई यसलाई जे भन्नुहोस तर विगतमा र वर्तमानमा पनि ग्रामीण तथा जंगली क्षेत्रहरूमा वृद्धि भइरहेको हात्तीको संख्या तथा मानिसको वीचको सम्बन्ध वन्यजन्तु संरक्षण तथा मानिस र हात्तीको भलाईका सम्बन्धमा ठूलो समस्याको रूपमा रहेको छ । हात्ती गाँउमा पस्ने सवालमा हरेक व्यक्ति र समुदायका अलग अलग धारणाहरू हुन सक्छन् । स्थानीय स्तरमा गरिएको सानो छलफलबाट पनि यो कुरा पुष्टि हुन्छ । कुनै गाँउमा हात्तीलाई अनावश्यक जन्तुको रूपमा लिएको पाइन्छ भने अन्य दुइवटा गाँउहरूमा त्यसलाई सहज रूपमा स्विकारी पूजा समेत गर्ने गरेको पाइन्छ ।

## यहाँ पहिले हात्तीहरु थिए

हात्तीहरू विभिन्न रूपमा शताब्दीऔं देखि पृथ्विमा बस्दै आएका छन् । तिनीहरूलाई युद्धमा, विभिन्न काममा र पूजा आराधनामा प्रयोग गरिँदै आइएको छ । साथै हात्तीलाई कम खतरनाक खेल 'हात्तीपोलो' र खतरनाक खेल शिकारमा समेत प्रयोग गरिन्छ । पूजा अर्चनाका लागि गणेशको रूपमा हात्तीका प्रतिमूर्तिहरू तयार गरिँदै आएको छ । जिँउदो हात्तीको महत्व जति छ, त्यतिनै महत्व मृत हात्तीको पनि छ । हजारौं मानिसहरूले जीवित तथा मृत हात्तीहरूबाट बन्ने सामाग्रीबाट आफ्नो जीवन धानिरहेका छन् ।

यो पुस्तक तयार गर्न विभिन्न व्यक्ति, (उत्सुक व्यक्तिहरू, विशेषज्ञ, हात्तीबाट पिडित समुदायहरूसँगको छलफल) विभिन्न पुस्तक, पत्रपत्रिका, रिपोर्टहरूको अध्ययन, विभिन्न देशका मानिससँगको अन्तर्वाता लिइएको थियो। यसका आधारमा मानव हात्ती सह–अस्तित्व सम्बन्धमा हामी निम्न निष्कर्षमा पुगेका छौं।

- मानिस र हात्तीवीचको द्वन्द्व अत्यन्त जटिल सवाल बनेको छ।
- कुनै त्यस्तो अचुक समाधानको उपाय छैन जसलाई हरेक क्षेत्र, देश, जिल्ला र गाँउमा तथा प्रत्येक हात्ती र मानिसमा प्रयोग गर्न सकियोस। एउटै मात्र निश्चित उपायलाई 'यो उपयुक्त तरिका हो' भनी हरेक अवस्थाहरूमा लागु गर्न सकिने अवस्था छैन।
- यदि हामीले हात्तीको डर, हात्तीबाट उत्पन्न दिक्दारी र हानी नोक्सानीको अनुभव गरेका छैनौ भने हामी यसलाई सही रूपमा बुझ्न सक्दैनौं, चाहे हामीले जति नै जानेपनि।
- हात्ती–मानव द्वन्द्वपूर्ण रूपमा निर्मुल हुँदैन।



## सरकारी क्षेत्रबाट गरिएका समाधानका उपायहरु

सरकारले यो समस्यालाई समाधान गर्न र आफ्ना जनताहरू (मानिस तथा जनवार दुवै) लाई बचाउन धेरै प्रयत्नहरू गरिरहेको पनि छ । गैर सरकारी संस्थाहरूले समेत सहयोग गरिरहेका छन् र विविध तरिकाले सहयोग गर्ने प्रयास गरिरहेका छन् । सबै यस्ता सहयोगहरू स्वागतयोग्य छन् । यसमा कुनै सन्देह छैन कि हात्तीहरू र हात्तीबाट मारिएका, आफन्तहरू गुमाएका, धनजनको क्षति व्यहोरेका हरेका प्रति सरकारको सहानुभूति छ । तर पनि निकुञ्ज/आरक्ष तथा वन कार्यलय, स्थानीय निकाय, गैर सरकारी संस्थाहरू र जो केही गर्न प्रयत्न गरिरहेका छन् तिनीहरूको प्रयासले मात्र हालको समस्यालाई समाधान गर्न सम्भव छैन । कुनै एक व्यक्ति वा संस्थामात्र हात्ती मानव सह-अस्तित्वलाई व्यवस्थित गर्नका लागि पर्याप्त छैन ।

### जीवन अनियन्त्रित छ

सबैको सकारात्मक प्रयास हुँदा-हुँदै र सुरक्षाका निम्ति पहल गर्दा गर्दै पनि दुर्घटना हुन सक्छ । आवश्यक परेको समयमा सरकारी वा संघ संस्थाहरूको सहयोग उपलब्ध नहुन सक्दछ । उदाहरणका लागि, हात्तीले आक्रमण गरेको बेलामा

- निकुञ्ज/आरक्ष वा वन कार्यालयबाट सहयोगका लागि मानिस बोलाउन समय नहुन सक्दछ ।
- फोन बिग्रिएको हुनसक्दछ वा ब्याट्री सकिएको हुन सक्दछ ।
- उद्धार टोली अर्को कुनै गाँउमा व्यस्त हुन सक्छ वा यातायातको साधन बिग्रिएको हुनसक्दछ ।
- उपकरणहरू बिग्रिएका हुनसक्दछन ।
- बाटोमा अवरोध हुनसक्दछ वा पुलहरू भत्किएका हुनसक्दछन् ।

त्यसकारण, हात्ती वा हात्तीको समूहसँग हुने आकस्मिक र अनपेक्षित जम्काभेटमा व्यक्ति वा समूह आँफैले नै जोगाउनु पर्दछ । समुदाय, गाँउ, परिवार, बच्चा तथा प्रौढ सबैले बाह्य संस्था वा त्यसका कर्मचारीहरूसँग मात्र सदैव भरपर्नु हुँदैन । प्रत्येक व्यक्ति आफैँले आफ्नो जिम्मेवारी लिन सिक्नुपर्दछ । प्रत्येक समुदायले आफूले अपेक्षा गरेको अवस्थामा होइन आफ्नो वास्तविकतामा बाँच्ने भन्ने कुरा सिक्नुपर्दछ । यसका लागि प्रत्येकले आफ्नो सोचमा परिवर्तन ल्याउनुपर्छ र लचिलो तरिकाले सोच्न सिक्नु पर्दछ । प्रत्येकले प्राथमिकता स्थापित गर्नुपर्दछ । जस्तै खेतीवालीको संरक्षण महत्त्वपूर्ण हो कि कसैको जीवनको सुरक्षा ? कसैको घर, झुप्रो जोगाउने क्रममा हात खुट्टा भाँचिनु कति सही होला ? यदि तपाईं बाँच्नुभयो भने फेरि पनि वाली रोप्न वा घर बनाउन सक्नुहुनेछ । वालीनाली वा घर क्षति हुँदा तपाईलाई दुःख लाग्छ तर त्यति होइन जति कसैको मृत्यु हुँदा लाग्छ । गाउँका केटाकेटीहरूलाई पढाउने क्रममा हामीलाई निश्चित कुराहरू बताउन नराम्रो लाग्न सक्छ, लाज लाग्न सक्छ । शहरमा वा हात्ती प्रभावित क्षेत्रहरूबाट बाहिर बसेर र हात्तीबाट टाढै रहेर जीविकोपार्जन गर्ने, काम गर्ने व्यक्तिहरूले प्रश्न उठाउन सहज छ । त्यसैले हामीलाई डर छ, समस्याग्रस्त क्षेत्रका मानिसहरूले हामीलाई चुनौती दिन सक्दछन्, 'तिमीलाई के थाहा छ ?' वा 'हात्ती रहेका क्षेत्रहरूमा




झुप्रोमा तिमी बस्न सक्छौ ?' वा हात्तीका कारणबाट तिमीले आमा, बावु, श्रीमान्, छोराछोरी गुमाएका छौं ? वा 'तिम्रो गाँउमा वा घरमा हात्ती आएको डरले तिमी कहिल्यै अवाक र भयभित भएका छौ ?' आदि ।

निश्चय नै हामी केही सिकाउन चाहानेले, सहयोग गर्न चाहानेले आफू बढी जान्ने छु, बढी बुद्धिमान छु भन्ने ठान्नु हुँदैन र असहिष्णु देखिनु हुँदैन । तथापि द्वन्द्व प्रभावित क्षेत्रमा बस्ने मानिसका लागि आधारभूत तथ्य यो हो कि 'तिम्रो जीवन विना तिम्रा शरिरका कुनै अंगहरू विना तिमी तिम्रो परिवार वा तिमी आफैलाई पनि कुनै सहयोग गर्न सक्दैनौं' । 'आफ्नो सूरक्षा गर्नुहोस्, त्यो नै तपाई र तपाईको परिवारको लागि हुनेछ' ।

कहिलेकाँही हामी जीवनयापनको क्रममा वा दैनिक कृयाकलापहरू सम्पन्न गर्ने क्रममा आफ्नै, दैनिकीहरूमा अभ्यस्त भइरहेका हुन्छौं । हामी यति अभ्यस्त वा एकोहोरो बन्छौं कि फरक तरिकालाई अवलम्बन गर्ने कुरा हामी कल्पना गर्दैनौ । अन्य तरिकाहरू सोच्नका लागि हामी एकप्रकारले अन्धो नै बन्दछौं ।

गाँउकी एउटा महिलाको उदाहरण लिउँ, जसले नजिकको नदिमा हरेक दिन निश्चित समयमा लुगा धुने गर्दथिइन् । एउटा हात्तीको सानो बथान त्यही समयमा नदिमा आउन थाल्यो । यस बारेमा ती महिलालाई राम्ररी थाहा थियो तर पनि उनले आफ्नो समयलाई परिवर्तन गरिनन् । साँझको समयमा लुगा धुने तिनीहरूको चलन थियो । यसलाई निरन्तरता दिनु मृत्युसँग खेल्नु जस्तै थियो । समयलाई परिवर्तन गर्नु दिक्दारीको कुरा होला तर हात्तीको आक्रमणबाट हुन सक्ने दुखान्तःकारी क्षण जस्तो अवश्य पनि होइन ।

अर्को उदाहरण हात्तीको छेउमै नरिवल खाइरहेको एउटा मानिसको छ । हात्ती नरिवल खोस्नको लागि नजिकै आउँछ र मानिस नरिवल जोगाउनका लागि हात्तीसँग लडाँई गर्छ ।

'एउटा सानो वस्तुका लागि हात्तीको आक्रमणमा पर्ने प्रयत्न नगर, यो नै तिम्रो बुद्धिमानी हो । सानो लोभले तिमीलाई समाप्त गर्न सक्दछ ।'

यहाँ हात्ती–मानव सह–अस्तित्वका जति उदाहरणहरू छन्, त्यतिनै धेरै हात्ती–मानिस बीचको द्वन्द्वका घटनाहरू जानकारीहरू छन् । यहाँ हामीले त्यस्ता धेरै घटनाहरूलाई समावेश गरेका छौं जसले हात्तीप्रति गरिने प्रतिक्रिया तथा यस्ता समस्या समाधानका उपायका बारेमा उदाहरणहरू प्रस्तुत गर्दछन् । प्रत्येक घटनाको अन्तमा प्रश्नहरू राखिएको छ जसले सहयोगीहरूलाई हात्तीप्रति जिम्मेवार रहनेवारेको ज्ञान दिन कथाहरूको कसरी प्रयोग गर्ने भनी तपाईलाई सहयोग गर्ने छ । सायद प्रौढ मानिसहरू पुरानै सोचलाई अंगाल्न चाहालान् तर बालबच्चाको सोच र धारणालाई अलग रूपमा स्थापित गर्न सकिन्छ ।

यदि तँपाईसँग अन्य (हुनसक्छ अझै राम्रो) उदाहरणहरू छन् भने छुट्टै कागतको पानामा लेख्नुहोस् र हामीलाई उपलब्ध गराउनुहोस् । अहिलेका लागि यहाँ केही 'सत्यघटना'हरू छन् जस्तै 'चिन्तनका लागि खाना' । अर्को अध्यायमा हामीले केही 'गर्नुपर्ने....' , 'गर्नुनहुने.....' कुराहरूलाई विभिन्न लिखित प्रतिवेदनहरूबाट उतारेका छौं । यदि तपाईले पनि यस्ता कुराहरूको बारेमा बढी जनाकारी प्राप्त गर्नुभएको छ, अनुभव प्राप्त गर्नुभएको छ भने अर्को परिमार्जित संस्करणमा राख्नको निम्ति हामीलाई उपलब्ध गराइदिनुहोला । सहभागीहरूलाई ध्यानाकर्षण गराउन र छलफलमा सहभागी गराउन प्रश्नहरू तपाईका लागि सहयोगी बन्नेछन् ।

## ग) मानव–हात्ती द्वन्द्व सम्बन्धित नेपालभित्रका केही घटनाहरु

### १) उपद्रो रोक्न घाँटीमा यन्त्रस कोसी, पर्सा, चितवन र बर्दिया गरी ६ वटा हात्तीमा यन्त्र जडान गरेर गतिविधि अनुगमन गरिँदै। (कान्तिपुर, माघ १, २०७६)

बस्तीमा पसेर पटक–पटक विध्वंस मच्चाउने हात्तीका गतिविधि यतिबेला तिनका घाँटीमा जडान गरिएका 'रेडियो सेटलाइट कलर' मार्फत प्राप्त हुने संकेतअनुसार निगरानी सुरू भएको छ । रेडियो कलर वन्यजन्तुका गतिविधि निगरानी गर्न जडान गरिने यन्त्र हो । जंगली हात्ती सँगसँगै लागेर तिनको गतिविधि निगरानी गर्न सम्भव हुँदैन तर त्यो यन्त्र समार्फत हात्ती कहाँ छ, कता जाँदै छ जस्ता धेरै कुरा थाहा हुन्छ । राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिकले जनावरमा रेडियो कलर जडानको काम गरेका हुन ।

राष्ट्रिय निकुञ्ज विभागका महानिर्देशक गोपालप्रकाश भट्टराईले हात्तीबाट हुने क्षति न्यूनीकरण गर्न र पीडितहरुलाई पहिले नै सूचित गर्ने उद्देश्यले रेडियो कलरलाई प्राथमिकतासाथ अघि बढाएको बताए । हात्ती बस्ती छेउछाउ पुगेको पहिल्यै थाहा पाउँदा नजिकका सुरक्षाकर्मी र बस्तीलाई सतर्कताका लागि सूचना दिन सजिलो हुन्छ । त्यसो हुँदा सम्भावित क्षतिबाट बच्न सकिन्छ ।

**प्रश्नः** के तपाईको क्षत्रमा पनि सेटलाइट कलर जडान गरिएका हात्ती छन् ? यसकार्यबाट तपाईले कत्तिको राहत अनुभव गर्नुभएको छ ?
**सन्देशः** हात्ती मानबको बस्ती पस्नु पूर्व नै सुचना पाएको खण्डमा सहजै सर्तकता अपनाउन सकिन्छ ।

## २ बासस्थान साँघुरो हुँदा हात्ती आक्रमण बढ्यो, (अन्नपूर्ण पोष्ट, मङ्सिर २६, २०७६)

कञ्चनपुरमा केही समययता हात्तीको आक्रमण बढ्दो छ । वर्षेनी जंगली हात्तीको आक्रमणबाट मानिसको ज्यान जानुका साथै अन्नबाली र घरखेतमा समेत नोक्सानी पुग्ने गरेको हो ।

मानवबस्ती जंगल नजिकै रहेकाले हरेक वर्ष हात्तीको आक्रमणबाट धेरैले ज्यान गुमाउनु परेको छ । (मंसिर १०, २०७६मा) मात्रै कञ्चनपुरको माहाकाली नगरपालिका–२स्थित मायापुरी सामुदायिक वनमा घाँस काट्न गएका महिलाको समुहमाथि हात्तीको आक्रमण भयो । हात्तीको आक्रमणबाट स्थानीय बसन्ती भट्ट र भुरी बोहराले ज्यान गुमाउनु पर्यो भने अन्य चार जना घाइते भए। जंगली हात्तीको आक्रमणबाट कञ्चनपुरमा वर्षेनी जनधनको क्षति हुने गरेको छ। यस वर्ष तीन महिनाको अन्तरालमै हात्तीको आक्रमणबाट तीन जनाले ज्यान गुमाइसकेका छन् ।

**प्रश्नः** तपाईलाई के लाग्छ–बासस्थान साँघुरो भएको कारणले नै हात्ती आक्रमण बढेको हो त ?
**सन्देशः** वनमा हात्तीको उपस्थिति भएको समयमा वन पस्नु असावधानीपुर्व कार्य देखिन्छ ।

## ३) चितवनमा हात्ती आतंक, सवारीसाधनलाई बाटो छेकेर आक्रमण (सेतोपाटी मंसिर २, २०७६)

जंगली हात्तीको आक्रमणबाट चितवनमा बाबु–छोराको मृत्यु भएपछि त्यसक्षेत्रमा त्रास उत्पन्न भएको छ । चितवन राष्ट्रिय निकुञ्जबाट निस्केको हात्तीले स्थानीयको ज्यान लिन थालेपछि स्थानीय त्रसित हुन थालेका हुन् । प्रहरीका अनुसार हात्तीले बाटो छेकेरै आक्रमण गर्न थालेको छ । यसरी शनिबार बिहान मोटरसाइकलमा सवार ६० वर्षीय बाबुराम पौडेल र उनका ३५ वर्षीय छोरा राजु पौडेललाई माडीबाट बाँदरझुलातर्फ जाने क्रममा हात्तीले आक्रमण गरेर मारेको थियो ।

माडी नगरपालिका–९ को पुरानो अमुवा पोष्टनजिकै हात्ती आक्रमण गरेको थियो । उनीहरु दुबैको घटनास्थलमै मृत्यु भएको थियो । चितवनका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाका अनुसार एक महिनाअघि पनि एक जनाको हात्ती आक्रमणबाट ज्यान गएको थियो ।

उक्त घटनाअघि हात्तीले शनिबार बिहान नै एक रात्रिबस र बलेरोलाई पनि सोही स्थानमा आक्रमण गर्न

खोजेको थियो । बसलाई हात्तीले बाटो छेकेको थियो । हात्ती धपाउन चालकले लामो समयसम्म हर्न बजाएका थिए ।

आहारको खोजीमा जंगलबाट बस्तीमा निस्किने क्रममा हात्तीले यस्तो घटना गराउने गरेको छ ।

| |
|---|
| प्रश्नः केहि दिन अगाडिमात्र सोही स्थानमा रात्रिबस लगायत बलेरोलाई आक्रमण गर्न खोजेको हात्तीले मोटरसाइकलमा सवार दुईजनालाई आक्रमण गर्नुलाई तपाई सम्योग मात्र ठान्नुहुन्छ या अन्य केहि ?<br>सन्देशः हात्तीलाई ठूलो आवाज मन पर्दैन । त्यसैले अचानक हात्ती बीचबाटोमा देखापर्यो भने नआत्तिउ, हतार नगरौं हात्तीलाई धपाउन हर्न बजाएर आबेगमा ल्याउनु भन्दा पनि संयमित भएर उसलाई बाटो काट्न दिई सावधानीपूर्वक अघि बढौं । |

## ४) दिउँसै गाउँ पस्छ जंगली हात्ती, हात्तीकै आक्रमणले चौकीदारको मृत्यु (देश सञ्चार, मंसिर १३, २०७६)

दिउँसै जंगली हात्ती गाउँ पस्न थालेपछि झापाका अधिकांश क्षेत्र त्रसित बनेका छन् । बिहीबार मात्र एउटा सामुदायिक बनका चौकीदारलाई जंगली हात्तीले आक्रमण गरी मारेको छ । जङ्गली हात्तीको आक्रमणबाट झापाको पाथीभरा सामुदायिक वनका चौकीदार कैयाराम क्षेत्रीको मृत्यु भएको हो ।

उक्त बन क्षेत्रमा गरिएको विद्युतीय घेराबेराको ढोका बन्द गर्न गएका वेला क्षेत्रीलाई जङ्गली हात्तीले आक्रमण गरेको थियो। विद्युतीय घेराबेराको ढोका लगाउन गएका ६२ वर्षीय क्षेत्रीलाई बिहीबार बेलुका ७ बजे हात्तीले आक्रमण गरेको थियो ।

केही समय अघि झापाको प्रगति सामुदायिक वनमा लुकेर बसेको जङ्गली हात्तीले मेचीनगर–१२ का १९ वर्षीय सुशील गजमेरलाई सडकमा हिँडिरहेका बेला आक्रमण गरी सख्त घाइते बनाएको थियो ।

| |
|---|
| प्रश्नः यो हात्ती दिउसै किन मानव बस्ती प्रबेश गर्छ होला ?<br>सन्देशः कुनैकुनै हात्ती रातमामात्र नभएर दिनमा पनि गाउँ पस्ने सम्भावना उत्तिकै भएकोले, समयअनुसार हात्ती प्रभावित क्षत्रमा हात्तीको जोखिमलाई ध्यानमा राखी दिउसोको समयमा पनि उतिकै चनाखो रहनु बुद्धिमानिपुर्ण हुन्छ । |

## ५) हात्तीलाई राखेको धरापमा मान्छे पर्दै (देश सञ्चार, मंसिर १३, २०७६)

जंगली हात्तीलाई थापेको विद्युतीय धरापमा परेर झापाको बुद्धशान्ति गाउँपालिका वार्ड नं ४ स्थित नवज्योति सामुदायिक बन उपभोक्ता समितिको कार्यालय नजिकमा रहेको गाउँमा एक युवक तथा सोही गाउँको एउटा घरमा पाहुना आएका अर्का युवकको ज्यान गएपछि उक्त गाउँ शोकमा डुबेको थियो ।

विद्युतीय धरापमा परेर १८ वर्षीय अविनाश राई र स्थानीयबासी पेरिस राईको घरमा पाहुना आएका भोजपुर

सात्पाचुली गाउँपालिका ४ का ३८ वर्षीय मणिराम राईको गत शुक्रबार राति ज्यान गएको थियो। स्थानीय बासिन्दाका अनुसार सामुदायिक बन समितिको कार्यालय नजिकमा रहेको सानो पोखरीमा राती माछा मार्न जाने क्रममा नांगो तारमा छोडेको करेन्ट लागेर उनीहरूको ज्यान गएको हो।

गत साता मात्र मेचीनगर नगरपालिका– ९ निवासी ५७ वर्षीय बुद्धिमाया तामाङको आइतबार हात्ती धपाउन प्रयोग गरिएको विद्युतीय तारमा परी करेन्ट लागेर मृत्यु भएको थियो।

**प्रश्न**: बालिनाली जोगाउन खेतबारी वरीपरी विद्युतिय तारमा करेन्ट छाड्नु ठीक छ ?
सन्देशः हात्तीबाट जोगिन खोज्दा सावधानी नअपाए हात्ती र अन्य वन्यजन्तु मात्रै होइन मान्छोके समेत ज्यान जान सक्छ।

## ६ हात्तीको आक्रमण रोक्न कोसीटप्पुमा विद्युतीय तारबार (कारोबार पुष २५, २०७४)

सुनसरीमा जंगली हात्तीको आक्रमण नियन्त्रणका लागि सरकारले पहल थालेको छ। कोसीटप्पु वन्यजन्तु आरक्षमा बस्दै आएका रैथाने जंगली हात्तीलाई मानव बस्तीमा पस्न नदिनका लागि सरकारले ५ करोड बजेट विनियोजन गरेको छ।

विद्युतिय घेराबेरा निर्माणतर्फ जंगली हात्तीले सप्तरी र उदयपुर जिल्लाका मानव बस्तीमा पनि गरी आक्रमण गर्ने गरेको छ। तर सबैभन्दा बढी सुनसरी जिल्लामा हात्तीले क्षति पुराउदै आएको छ। मंसिरको दोस्रो साताको पाँच दिनको अवधिमा मात्रै हात्तीको आक्रमणबाट कोसीटप्पु वन्यजन्तु आरक्ष आसपासका चार जनाको मृत्यु भएको थियो। पछिल्ला वर्षहरुमा हात्ती आक्रमणको संख्या बढ्दै गएको तथ्यांकले देखाएको छ। भारतको पश्चिम बंगालबाट झापा बाहुनडाँगी हुँदै हात्तीको बथान चारकोसे झाडीको बाटो प्रयोग गर्दै सिराहासम्म पुग्ने गरेको आरक्ष प्रशासनको भनाइ छ। तर पछिल्लो समय हात्ती हिंड्ने सँधैको बाटो वन विनाशले मासिएका कारण हात्तीको आउजाउ गर्ने क्रम रोकिएको छ। नियमित हिंड्ने बाटो बन्द भएपछि केही हात्तीको बथान आरक्ष क्षेत्रमै रैथाने भएर बसेका छन्। आरक्षको क्षेत्र साँघुरो भएको, बाहिरी क्षेत्रमा जंगल मासिँदै गएको र खानेकुरा पनि नपाइने भएकाले खानेकुरा खोज्दै हात्ती मानव बस्तीमा प्रवेश गर्ने गरेको कोसीटप्पु वन्यजन्तु आरक्षका वार्डेन श्यामकुमार साहले बताए।

हात्ती गाउँ पसेको बेला गाउँलेहरुले राँको बालेर खेदाउने गरेका छन्। आरक्ष प्रशासनले दिएको जानकारी अनुसार मध्यवर्ती क्षेत्रमा १५ वटा रैथाने हात्ती छन्। जसमध्ये मकुना नाम गरेको दाँत नभएको भाले हात्तीले बढि विध्वंश मच्चाउने गरेको छ। मकुनाले मात्रै हालसम्म ३ जनाको ज्यान लिइसकेको छ। मकुनाले आतंक मच्चाएपछि सेटलाइट रेडियो कलर लगाइएको छ। यो रेडियो कलरले हात्ती कहाँ के गर्दै छ त्यो इन्टरनेटको माध्यमबाट हेर्न सकिन्छ। मकुना गाउँ पस्ने बित्तिकै रोक्ने प्रयास गरिएको आरक्ष प्रशासनले

जनाएको छ । आरक्ष क्षेत्रमा विद्युतीय घेराबारा लगाए हात्तीको आक्रमण नियन्त्रण गर्न सहज हुने आरक्षका वार्डेन श्यामकुमार साहले बताए ।

**प्रश्नः** सरकारले मानवहात्तीबिचको द्वन्दलाई नियन्त्रण गर्नकोलागि चालेको यो कदमबारे थाहा पाउदा तपाईलाई कस्तो लागेको छ ?
**सन्देशः** हात्तीबाट हुने क्षतिलाई नियुनिकरण गर्न सरकारले आफ्नो पक्षबाट पनि पहल गरिरहेको हुन्छ । तर सधै ठ्याक्कै भनेकै समयमा सरकारको उपस्थिति नहुन पनि सक्छ। तसर्थ स्थानिए पनि स्वयम जिम्मेबार हुन जरूरी छ ।

### ७) पिसाब फेर्न निस्किएकाबेला हात्तीको आक्रमण, बालकको मृत्यु (इमेजखबर, पुष २९, २०७३)

माडी नगरपालिका–११ खरकट्टामा शुक्रबार बिहान हात्तीको आक्रमणबाट एक बालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय चितवनले दिएको जानकारीअनुसार बिहान २ बजेको समयमा पिसाब फेर्न घरबाहिर निस्किएका अमृत सुनारका १३ वर्षीय छोरा सागर सुनारको जंगलीहात्तीको आक्रमणबाट मृत्यु भएको हो ।

**प्रश्नः** तपाई हात्ती भएको क्षत्रमा बस्नुहुन्छ, रातको समयमा बिभिन्न कारणबस अपरझट बाहिर निस्कनुपर्‍यो भने कत्तिको साबधान रहनुहुन्छ ?
**सन्देशः** हात्ती आउने क्षत्रमा रहदा रातको समयमा घरबाहिर निस्कनुपर्दा बिशेस ध्यान पुराउनुपर्छ ।

## घ) दक्षिण एसियाली क्षेत्रका मानव–हात्ती द्वन्द्व सम्बन्धित घटनाहरू

### १) हात्तीबाट जोगिन सुरुङ्ग (द टेलिग्राफ, ०७ अक्टोवर २००८)

यो मानेश्वरी वरमान, ६५ वर्षकी एक महिलाको कथा हो, जसले आफूलाई आफ्ना नातिहरू र साथीलाई एउटा सम्भावित मृत्युबाट बचाइन् । मानेश्वरी एउटा टिनले छाएको घरमा थिइन् जुन घरलाई हात्तीले घेरेका थिए जतिबेला केही पर रहेको धानखेतमा हात्तीको गर्जन सुनेर उनी व्युझिइन् ।

उनी डराइन् तर पनि उनले एउटा योजना बनाइन् । ऊ र उनको नाती अर्जुनले माटोको भुईबाट सुरूङ खन्न शूरू गरे र अर्को नाती प्रदिपले हात्तीको पहरा गर्न थाल्यो । खन्ती कोदालोले सुरूङ खने र पित्तलको आरीले माटो बाहिर फ्याले । बाहिरपट्टिको पर्खालसम्म निस्कन सक्ने सुरूङ्ग तयार भयो । तिनीहरू सुरूङ्गबाट घस्रिएर बाहिर आए र घरदेखि २०० मी. टाढा रहेको छिमेकीको घरमा जान होसीयारीपूर्वक प्रतिक्षा गरे । छिमेकीहरू उनीहरूलाई जिउँदै देखेर छक्क परे । ४० वटा हात्तीको बथान थुम्की जंगलबाट त्यस क्षेत्रमा प्रवेश गरेको

थियो र मानेश्वरीका घर घेर्नुभन्दा अगाडि वरिपरिका क्षेत्रमा विध्वंस मच्चाएको थियो। वन कर्मचारीको समूह आयो र उक्त बथानलाई जंगलतिर धपायो। वन अधिकृत र कर्मचारीले मानेश्वरीको र उनको चलाखीपूर्ण सोच र कार्यको प्रसंसा गरे जसले ४ जना मानिसको ज्यान बचायो।

**प्रश्न** : यदि तपाईको टिनको घरलाई हात्तीले घेरेको भए तपाई
क) त्यहाबाँट भाग्नहुने थियो ?
ख) घरमुनि लुकेर रून्हुन्थ्यो ?
ग) एउटा उपाय सोच्नुहोस् र व्यवहारमा लागु गर्नुहोस्।
सन्देश : आफूलाई बचाउन सदवै दिमाग लगाउनुहोस्।

### (२) हात्तीले मर्माहित रुपमा श्रीलंकाली गाउँले मार्‍यो । (विविध अनुवादहरुबाट)

सन् २००८ को ३ अक्टोबरका दिन श्रीलंकाको एउटा गाँउमा एउटा हात्ती र बच्चा जंगलको कुवामा खसे। गाँउलेहरूले वन्यजन्तु विभाग तथा प्रहरीलाई खबर गरे तर उनीहरूले उद्धारकार्य निर न्तर गरिरहे। सुरूमा तिनीहरूले बच्चालाई बाहिर निकाले जुन उत्तेजित तर सुरक्षित थियो। यसपछि तिनीहरूले माउलाई बाहिर निकाल्न प्रयत्न गरे। त्यो ढोई अन्यन्त आत्तिएको थियो जतिबेला उसको बच्चाले उसलाई छोड्यो। उसलाई कुवाबाहिर निकालेपछि उ अत्यन्तै रिसायो। गाँउलेहरूसँग कुनै उपकरणहरू थिएनन् र कसरी बच्ने भन्ने दक्षता पनि थिएन त्यसैले एकजना मृत्युको मुखमा पुग्न बाध्य भए। जतिबेला वन्यजन्तु विभागका कर्मचारीहरू आए ढिलो गरेकोमा गाँउलेहरू रिसाए, कोही हात्तीलाई जंगलतिर नफर्काएकोमा रिसाए। त्यो समूह मध्येको एउटाले प्रहरी माथि हमला समेत गर्‍यो। पछि सरकारी अधिकारीले बताए कि गाँउलेहरूले आफैँ उद्धारको प्रयत्न नगर्नुपर्ने थियो। यदि वन्यजन्तु विभागका कर्मचारीलाई केही समय पर्खिएको भए पक्कै पनि त्यो ज्यान बच्ने थियो।

**प्रश्न**: हात्तीको माउ र बच्चालाई बचाउने मानिसहरूप्रति तपाई के सोच्नहुन्छ ? तपाईलाई लाग्छ कि त्यो हात्तीको ढोईले कृतज्ञ हुनुपर्दथ्यो ? के जनवारहरूले कृतज्ञता प्रकट गर्दछन् ?
सन्देश : विशेषज्ञ र उपकरणलाई पर्खिएको भए त्यो मृत्यु टर्न सक्दथ्यो।

### (३) हात्तीले साल्वोनी गाँउलेलाई मार्‍यो । (टाइम्स अफ इण्डिया, ४ सेप्टेम्बर २००८)

यो हप्ता साल्वोनीको पोर्दिया गाँउ निवासी ५२ वर्षीय एक व्यक्तिलाई मार्‍यो। उ र अन्य २ गाँउले पोर्दियाको जंगलमा सेउला लिन विहानै गएका थिए, त्यही समयमा हात्तीको बथानले उनीहरूमाथि आक्रमण गर्‍यो। अन्य २ जना भागेर बाँच्न सफल भए तर त्यो ५२ वर्षीय व्यक्ति कमजोर भएकोले भाग्न सकेन। एउटा हात्तीले

उसलाई उठाएर फ्याल्यो। पछि प्रथमिक उपचार केन्द्रमा चोटका कारणबाट नै उसको देहान्त भयो।

**प्रश्न**: यदि तपाई दौडन वा भाग्न सक्नुहुन्न भने जगंल जानुहुन्छ ? तपाईलाई लाग्छ कि अरू दुइ व्यक्तिहरूले पनि जंगल गएर खतरा मोलेका थिए।

सन्देश : यदि जगंलमा हात्ती छन् र तपाई अशक्त हुनुहुन्छ भने जगंल नजानुहोस्।

## (४) सिचाई कुवाबाट हात्ती र बच्चाको उद्धार । (द हिन्दु, स्टाफ रिर्पोटर)

सतुली गाँउमा भर्खरै सिचाईँको कूलो बाट एक हात्ती र बच्चाको उद्धार गरियो। राती धान खोज्न कृषि भूमिमा गएका हात्तीका बथानबाट तिनीहरू कुवामा खसेका थिए। अन्य हात्तीहरू नजिकैको जंगलतिर लागे। बचाउका लागि उद्धार टोली आए तर उनीहरूसँग हात्तीलाई बाहिर निकाल्ने कुनै यान्त्रिक उपकरणहरू थिएनन्। तिनीहरूले कुवालाई पानीले भरे र एकातिर भिरालो बनाए जसमा जनवारहरू चढ्न सकुन। बच्चा २ पटकसम्म बाहिर आयो तर उसको माउ भित्र नै रहेकोले पुनः कुवामा नै पस्यो। ढोई आफैं बाहिर निस्कन नसकेकोले पछाडिबाट धकेलेर बाहिर निकालियो। कुवाबाट बाहिर आएपछि त्यहाँ भेला भएका मानिसहरूबाट आफूलाई जोगाउन हात्ती जंगलतिर दौडियो। वन अधिकारीहरूले राहत महसुस गरे किनकी त्यो अग्नी परीक्षामा कुनै दुर्घटना भएको थिएन। ती अधिकारीहरू त्यो हात्तीलाई आफ्नै बथानमा फर्काउन चाहान्थे।

प्रश्नः अगाडिका उद्धार कार्य र यो उद्धारकार्यमा के फरक छ ? के तपाई त्यसरी नै इनारमा पसरे हात्तीलाई
पछाडिबाट घचेट्न सक्नुहुन्छ ? किन त्यो बच्चा कुवा बाहिर बस्न सकेन ?

सन्देशः उद्धार टोलीको प्रतिक्षा गनुहोस्।

## (५) आदिबासीहरुले सुरक्षाका लागि हात्तीको पूजा-आराधना गरे । (तेलेगु पोष्ट, नोभेम्बर ७, २००६, राँची)

मानिसका प्रयत्नहरू हात्तीको विध्वंसलाई रोक्न असफल भए त्यसर्थ झार खण्डका आदिवासीहरूले सुरक्षाका लागि जनवारको प्रार्थना गर्न थाले, उनीहरूले भने। वन विभाग तथा अन्य क्षेत्रबाट अपनाइएका उपायहरूले जनवारलाई पराजित गर्न सकेनन् कहिलेकाँही मानिसलाई नै मार्ने गर्दथे। राज्यका विभिन्न भागहरूमा हात्तीलाई शान्त पार्न पूजा गर्न थालिएको छ, गाँउलेहरूले भने। गाँउलेलाई बचाउन हात्तीका प्रतिमूर्तिहरू बनाइन्छन र प्रकृतिको पूजा गरिन्छ। 'हामी हात्तीको प्रार्थना गर्न थालेका छौं, हाम्रो समाजमा हात्तीहरू सदैव पूजनीय थिए तर आजभोली तिनीहरूको विनासका कारणबाट हामी शत्रुको रूपमा हेर्न थालेका हौं।' एक व्यक्तिले भने। अर्कोको भनाइ छ, 'हामी तिनीहरूलाई शान्त पार्न प्रार्थना गरिरहेछौं। हात्तीसँगको मित्रताले

मात्र यो विनासलाई अन्त गर्न सक्दछ ।'

**प्रश्नः** के यो तरिकाले हात्तीलाई शान्त पार्न सकिएला ? यदि सकिदनैं भने किन ? पूजा, आराधनाबाट प्राप्त हुन सक्ने अरू अवस्थाका बारेमा केही सोच्न सक्नुहुन्छ ?

**सन्देशः** वन अधिकारी वा वैकल्पिक समाधानमा मात्र भर नपनुहोस् प्रार्थना गर्नुहोस् तर आँखा खोलेर ।

## (६) हात्तीले मानिसलाई आनन्द दिलाउछन् । (स्टेटमेन न्यूज सर्भिस, डिसेम्बर १९ २००६,)

श्यामचरणपुरको नगरपालिका क्षेत्रमा दुइवटा ठूला हात्तीसहित १८ वटा हात्तीको 'धुले नुहाई' हेर्नका लागि हजारौं कर्मचारी, विद्यार्थी र स्थानीय मानिसहरू उपस्थित भएका थिए । त्यो क्षेत्र बिहान ६ बजे देखि साँझ ६ बजेसम्म दर्शकले भरिएको थियो । साँझ परेपछि त्यो भिड वन अधिकारीहरूको नियन्त्रणभन्दा बाहिर थियो र श्यामचरनपुरको बाटोमा अवरोध उत्पन्न भएको थियो । हात्तीहरू सप्तसज्ञा र मेघा पहाडबाट खानाको खोजीमा नगर क्षेत्रमा पसेका थिए ।

**प्रश्नः** तपाईंको विचारमा यो द्वन्द्व हो वा सह-अस्तित्व ? वा दुवै ?

**सन्देशः** जनवारका क्रियाकलापले मानवजातीलाई हर्षित तुल्याउनु सह-अस्तित्वको एउटा मार्ग हो ।

## (७) बाढी पिडितको शिविरमा हात्तीको आक्रमण (द हिन्दु जुन २६,२००८)

बाढीको कारणबाट विस्थापित भएका हात्तीहरू मिद्नापुरको स्कुलमा पसे जहाँ उखुको रसको बास्नाले उनीहरूलाई आकर्षित गरेको थियो । देउलबार गाउँमा एक ३८ वर्षीय विधवा महिला २ छोरासहित कम्मर सम्मको पानी पार गर्दै स्कूलमा आएकी थिइन् । आफ्नो बासस्थान छोड्नुपरेको पीडाले तड्पिएर निदाउन नसकिरहेकी मालतीले राती टुकीको उज्यालोमा हात्तीको सुँड देखिन् । टुटेको झ्यालबाट सुँड भित्र छिराएर हात्ती केही चिज सुँघिरहेको थियो । त्यसपछि बाहिर अध्यारोमा उनले ठूलो कालो आकृति देखिन् र चिच्याइन् । त्यहाँ करीब ४५० जना बाढी पिडितहरू आश्रय लिइरहेका थिए । तिनीहरूले थाहा पाए कि ४ वटा ठूला हात्तीको समूहले आश्रयस्थललाई घेरिसकेका थिए र तिनीहरू भित्र छिर्न खोजिरहेका थिए ।

**प्रश्नः** किन त्यो कथा बढी मनछुने खालको छ ? तपाईलाई लाग्छ कि यो बाढी मानिस र हात्ती दुवैको लागि हानीकारक छ ?

**सन्देशः** संकटको समयमा पनि हात्तीलाई मनपर्ने बास्नादार खानेकुराहरू लुकाउनुहोस् ।

## (८) हात्तीलाई खेद्नको लागि बाघको पिसाब र उँटको प्रयोग (द टाइम्स अफ इण्डिया, १० जुन २००८)

झारखण्डका गाउँलेहरूले रिसको आवेगमा आएर हिंस्रक हात्तीले मच्चाउने गरेको विध्वसंबाट छुट्कारा पाउन उँटलाई पाल्ने तथा बाघको पिसाबलाई छर्कने एउटा उपाय अवलम्बन गरेका छन् । राँचीको पूर्ण पानी गाउँलेले गएको हप्ता २ वटा उँटहरू ल्याएका छन् । 'उँटलाई ल्याएपछि हात्तीहरू भागेका छन् । उँट हाम्रा लागि देवदूत बेनेको छ, हामीलाई अब हात्तीको डर छैन र हाम्रो अन्नपात पनि सुरक्षित छ', पूर्णपानी गाँउका एक बासिन्दाले भने । अर्को गाँउलेले भने, 'हामी उँटलाई गाँउभरि घुम्न दिन्थ्यौं, हात्तीले उँटको गन्ध मन पराउँदैन र गाँउ छोडेर जान्छ', राँचीको सिल्ली क्षेत्रका गाँउलेहरूले बाघको पिसाबलाई विगत ३ महिलादेखि छर्कन थालेका छन् ।, जुन उनीहरूले यहाँको राष्ट्रिय निकुञ्जबाट प्राप्त गरेका थिए र त्यो सानो गाँउभरी नै हात्तीलाई नियन्त्रण गर्न प्रयोग गरिएको छ ।

**प्रश्नः** हात्तीलाई हतोत्साह गर्न कुनै उपायको बारेमा सोच्नुभएको छ ? अरू के बाट हात्ती डराउने गर्छ ?
सन्देशः यदि त्यसले काम गर्छ भने कुनै पनि तरिका अनौठो हुँदैन ।

## (९) हात्तीमार्गका लागि तमिलनाडुले ३१५ एकड जमिन छुट्यायो ।

तमिलनाडुका हात्तीलाई हात्ती मार्गभरि घुमफिर गर्न पूर्ण अधिकार छ जुनमा तमिलनाडु सरकारले सुधारको प्रक्रिया अगाडि बढाएको छ । वनकर्मचारीहरूले राज्यसभालाई जानकारी दिए । यो उद्देश्यका लागि लगभग ३१५ एकड जमिन प्राप्त भएको छ । पश्चिमी घाट जंगलमा परम्परागत रूपमा हात्तीले प्रयोग गर्दै आएको बाटोमा कुनैपनि किसिमको अवरोध उत्पन्न हुन नदिने कुरामा वन विभाग बढी केन्द्रित छ । तमिलनाडु र केरलाको सीमामा वनले करिब ६०० मी. लामो मार्ग बनाएको छ । हात्तीका बथानहरू केरला र कर्नाटकका वनहरूमा समेत स्वतन्त्र रूपमा डुल्छन्, जुन उस्तै छन् ।

**प्रश्नः** हात्ती-मानव सहअस्तित्वका लागि हात्ती मार्गले के सहयोग गरेको छ ? के तपाइलाई लाग्छ कि यो ३१५
एकड जमिन हात्ती र मानिस दुवैका लागि मूल्यवान छ ?
सन्देशः व्यावहारिक समस्यामा गरिएको अनुसन्धानबाट प्राप्त यो वैज्ञानिक समाधान हो र यसले पक्कै काम गर्ला ।

## (१०) एउटा सामान्य डोरी जसले हात्तीलाई भगाउन सक्दछ । (द आसाम ट्रिकन, मार्च १२,२००८)

एउटा सानो नरम डोरी स्थल प्राणी मध्येकै सबैभन्दा ठूलो र खतरनाक प्राणीलाई वशमा पार्न सफल भएको छ नागुन जिल्लाका केही क्षेत्रमा हात्ती हिंड्ने बाटोमा ओछ्याइएको डोरीले हात्ती-मानववीचको

द्वन्द्व समाधानमा सहयोग गरेको छ जुन अनपेक्षित थियो । हात्तीको उपद्रवबाट बच्न धेरै उपायहरू प्रयोग गरिसकेपछि यो उपाय विकसित भयो । 'यो एउटा न्यून लागतमा गर्न सकिने र समयको समेत बचत हुने उपायको रूपमा मैले लिएको छु, जहाँ प्रायः गरेर स्रोतको अभाव हुने गर्दछ ।' एक जना प्रवर्तकले भने । सामान्यतयाः त्यो डोरीलाई प्यारासुट डोरीको रूपमा लिइन्छ जसलाई हात्ती हिड्ने भनिएको बाटोमा लगभग ८ फिटको उचाइमा बाँधिन्छ । प्रायः प्रौढ हात्ती ८ फिट भन्दा अग्लो हुन्छ, यो डोरीमा अल्झन्छ, टाउकोको रौं गुजुल्टिन्छ । यो कुराले हात्तीको बथानलाई नै त्यता आउनबाट रोक्दछ ।

प्रश्नः के डोरीले एउटा हात्तीलाई रोक्ने कुरा तपाई कल्पना गर्नुहुन्छ ? तपाइको जुत्तामा एउटा ढुंगा पस्यो भने तपाई कस्तो अनुभव गर्नुहुन्छ ? यहि सिद्धान्त अनुसार कुनै अरू सरल उपायहरू के हुन सक्लान ?
सन्देशः कठिन उपायमात्र समाधानको उपयुक्त उपाय होइन ।

### (११) जब अफ्रिकाका रिसाएका मौरीहरु भुभुनाउँछन्, हात्ती भाग्दछ । (अक्टोबर ९, जिन्नुनेट)

वैज्ञानिकहरूले हात्ती मौरीसँग डराउँदछ भनेर सोच्नुमा कारण थियो । रणनीतिक रूपमा स्थापना गरिएका मौरीका घारले मानिस र हात्तीवीचको वैमनस्यता घटाउन सहयोग गर्ला भन्ने कुरामा उनीहरू आश्चर्यमा थिए । हात्तीले नष्ट गर्ने अन्नपात र रूखविरूवा जोगाउन मौरीको प्रयोग गर्दा महको विक्रीले स्थानीय आयमा पनि वृद्धि हुनसक्दथ्यो । यसरी यो उपायले एकैपटक २ वटा समस्याको निकास देखिन्थ्यो । उल्लेख्य कुरा के छ भने केन्यामा मौरीको घार भएका भन्दा नभएका धेरै वकुल (गम बनाउने एक किसिमको रूख) का रूखहरूमा क्षति पुऱ्याएको थियो ।

जिम्बाबेका खोजकर्ताले पत्ता लगाए कि मौरीका घारहरू हटाएर नयाँ तरिकाबाट पनि यो समस्या सधैंका लागि समाधान गर्न सकिन्छ । मौरीले हात्तीको बथानलाई धपाउन सक्छ या सक्दैन भन्ने निश्चित गर्नका लागि सोधकर्ताले रिसाएका अफ्रिकाका मौरीको आवाजलाई डिजिटल प्रणाली अनुसार रेकर्ड गरे । रिसाएको आवाज प्राप्त गर्न मौरीलाइ जानीजानी अवरोध पुऱ्याउने गरिन्थ्यो । सोधकर्ताले त्यो रेकर्ड गरिएको आवाजलाई रूखको फेदमा हात्तीहरू सुतेको अवस्थामा रूखमा राखेर बजाइयो । १७ वटा परिवारमा परीक्षण गरिएको थियो । १६ वटा ८० सेकेण्डभित्र नै भागे, आधाले १० सेकेण्डमा नै प्रतिकृया देखाए । आवाजले सम्पूर्ण हात्तीहरू त्यँहाबाट भागे, खाली १,२ वटा मात्र रहे । यसले देखायो कि यो तरिका बढी उपयोगी छ । वैज्ञानिकले यो परीक्षणको बारेमा अक्टोबर ९ मा प्रकाशन गरे ।

प्रश्नः तपाईलाई के लाग्छ, के यो सिर्जनात्मक उपाय हो ? के भारतमा यो उपयोगी हुन सक्छ ? यदि सक्दनै भने किन सक्दैन ?
सन्देश : हात्ती-मानव सह-अस्तित्वका लागि धेरै उपायहरू छन् ।

## घटना-अध्ययन : मानव-हात्ती सह-अस्तित्व क्षेत्र भारतको कोम्बाटोर जिल्ला र त्यस वरिपरिको क्षेत्रेत्रको भमण

मानव-हात्ती सह-अस्तित्व क्षेत्र अन्तरगत भारतको कोम्बाटोर जिल्लामा विस्तृत अध्ययनका लागि डा.वि.ए. डेनियल र आर.म्यारीमाथु ले गरेको भ्रमणले मानिसको धारणा, अनुभव र प्रयोगका तरिकाको ठूलो विविधता रहेको कुरा पुष्टि गऱ्यो ।

### क्षेत्र १ बारापालयाम

वारापालयाम गाँउ परियानायाकन पालयाम वन क्षेत्रको तल पर्दछ जहाँ करिब २००० मानिसहरू बस्दछन् । मूख्य पेशा कृषि छ । त्यहाँ एउटा पुनुथामान नामको मन्दिर छ जँहा करिब २००० मानिसहरू जम्मा भएर विविध चाडपर्वहरू मनाउँछन् । मन्दिरमा स्थायी पानीको स्रोत छ जसले हात्तीलाई आकर्षित गर्दछ । मूख्य गरेर सुख्खा मौसममा र पानी नपरेको अवस्थामा करिब २८ हात्तीहरू मन्दिरबाट २ कि.मी. टाढाको पहाडी क्षेत्रमा घुम्दछन् ।

यो गाँउमा विगत २ वर्षदेखि हात्तीहरू घुमेको अनुभव छ। यो वर्ष विशेषगरी त्यो दर बढेको छ साथै नजिकैका अन्य गाँउहरूमा समेत बढेको पाइन्छ । यहाँ गाउँलेहरूले स्वामित्वमा रहेको उब्जाउयोग्य जमिन छ र केही जमिनमा विद्युतीय तारबारहरू छन् ।

मकै, उखु, जस्ता बालीहरूलाई जोगाउन धेरै जमिन हुने जमिन्दारले मात्र त्यस्तो तारबार लगाउन सक्दछ । विगत २ वर्षदेखि अनुभव बटुलेका व्यक्तिसँग अनौपचारिक अर्न्तवार्ता लिइएको थियो । समग्रमा तिनिहरू हात्ती प्रति सहानुभूति राख्दथे। मूलतः एउटा प्राकृतिक प्राणीको नाताले बाँच्नका लागि उसलाई खाना, पानी आवश्यक हुन्थ्यो । सेल्भकुमार नामको एउटा गाउँलेले भन्यो, 'एकफुट लामो पेट भर्नका लागि मानिसलाई परेको समस्या हामीले बुझ्केका हौं, त्यसैले ठूलो पेट भएको हात्तीका समस्यालाई हामीले बुझ्न र स्वीकार्न सक्नुपर्दछ ।'

गाँउलेका अनुसार त्यहाँ हात्तीहरू मूख्य गरी पानीका लागि आउने गर्दछन र तिनीहरूले अन्नपातलाई खाने र नष्ट गर्ने गर्दछन । सरकारले प्रति जमिनको लागि १०-१५ हजारको क्षतिपूर्ति दिँदै आएको छ तर त्यो जमिन्दारहरूबाट दुरूपयोग भएको हुनसक्दछ ।

## गाँउलेद्वारा गरिएका प्रयत्नहरु

वारापालायम गाँउमा, गाँउलेले हात्ती धपाउनका लागि सुरू सुरूमा समूह जम्मा भएर कराउने गर्दथे । त्यसपछि काग कराएको आवाज प्रयोग गर्न थाले । हाल हात्तीले मानिसको चिच्याहट, कागको जस्तो आवाज वा प्रकाश कुनैपनि कुरामा प्रतिकृया देखाउन छोडेको छ ।

यो गाँउमा कुनै पनि मानिस मरेको तथ्याङ्क छैन तर त्यहाँ एक किसान छ, जसको जमिनमा विद्युतीय तारबार कारण हात्ती मरेकोले सरकारले अतिक्रमण गरेको छ । यहाँ हात्ती आउने कुनै निश्चित समय छैन, जतिबेला पनि आउन सक्दछ ।

## क्षेत्र २ः थुमानुर र सेम्बुकरी

थुमानुर र सेम्बुकरी २ वटा साना जनजातीको बासस्थानका क्षेत्र हुन् जसमा १३४ परिवारका ४७७ मानिस बस्दछन् । थुमानुरका घरहरू व्यवस्थित छन् तर सेम्बुकरीमा यत्रतत्र छरिएको अवस्थामा छन् । प्रत्येक परिवारको २५–४० विगाहासम्म उब्जाउयोग्य आफ्नो जमीन छ । तिनीहरूसँग दिएको अन्तर्वाताले देखाएको छ कि यसलाई उनीहरूले गम्भीर समस्याको रूपमा लिएकै छैनन् ।

तिनीहरू भन्छन् कि तिनीहरूको घरमा पालेका कुकुरले नै हात्ती ल्याउँछ । जतिबेला त्यो अवास क्षेत्रमा हात्तीहरू हिडिरहेका हुन्छन्, कुकुर भुक्दछन । कुकुरको भुकाईले हात्ती चिडिन्छ, रिसाँउछ र कुकुरमाथि जाइलाग्छ । कुकुर बचाउका लागि गाँउतिर दौडन्छ र यसरी हात्ती गाउँमा प्रवेश गर्दछ ।

## स्थानीय बासीमा हात्ती सम्बन्धमा रहेका विश्वासहरु, व्यवहारहरु

१) स्थानीय आदिबासी जनताहरू यो विश्वास गर्छन कि हात्तीले तिनीहरूको भाषा बुझ्दछन् । यो विश्वास गरिन्छ कि हात्तीका विरूद्धमा अपमानपूर्ण शब्दहरू प्रयोग गर्न हुँदैन । हात्तीलाई अपमान गर्ने खालका शब्दहरू हामीले सानो स्वरमा बोल्यौं भने पनि हात्तीले सुनिहाल्छ र मानिसले हात्तीका लागि अपमानपूर्ण शब्दहरू प्रयोग गर्दैनन् ।

२) लगभग ८० वर्षकी एक वृद्ध महिलासँग अर्न्तवार्ता लिइएको थियो । उनले निर्धक्कसाथ भनिन् कि हात्तीले कुनै पनि रूपमा तिनीहरूलाई अवरोध गर्दैनन् । उनका अनुसार, हात्तीलाई भगवानको रूपमा लिइन्छ र मानिसले लगाएका अन्नबाली खान तिनीहरूलाई अनुमति छ । छोडिएका अन्नपातहरू तिनीहरूले लान पाउँछन् । एकपटक एउटा ढोई उनको झुप्रोमा आयो । घर सानो र साँघुरो थियो । आमाको छेऊमा उभिईरहेको बच्चा मुस्किलले भित्र पस्ने प्रयत्न गऱ्यो । यसलाई हेरिरहेकी त्यो ढोईले आफ्नो सुँडले बच्चालाई बाहिर तानी । यदि बच्चा भित्र गएको भए त्यो सानो झुप्रो भत्कन्थ्यो । त्यो छावाले फेरि पनि प्रयत्न गऱ्यो । तर ढोईले त्यसलाई भित्र जानबाट रोकी । ती महिला यो सबै दृश्य हेरिरहेकी थिईन् । उनी अत्यन्त खुशी भईन् र त्यो ढोईको प्रशंशा गरिन् । उनले यो घटनालाई

अत्यन्त उत्साहका साथ सुनाईन् ।

उनले भनिन् कि उनीहरू त्यो क्षेत्रमा विगत १५ वर्षदेखि मात्र हात्तीलाई देखिरहेका छन् । बाल्यकालमा त्यो क्षेत्रमा हात्ती देखेको सम्झना उनलाई छैन । अर्को परिवारले भनेको छ कि हामी हात्तीलाई ५०० मिटर पर मात्र देख्दछौं र यसले हामीलाई कुनै नोक्सान पुऱ्याएको छैन । हामी जब टाढा हात्तीलाई देख्दछौं, हामी हात्तीको पूजा गर्दछौं ।

(४) स्थानीयबासीले २ जना हात्तीको कारणबाट मरेको जानकारी दिए । १० वर्ष अगाडि सो वनमा एउटी केटी मारिएकी थिइन् । सो घटना जंगलमा भएको थियो र उनीहरूलाई मृत्युको कारण थाहा हुन सकेन । अर्को घटना ५ वर्ष अगाडि सेम्बुचरी क्षेत्रमा भएको थियो जसमा एउटी केटी परेकी थिईन् । झुप्रोमा बसिरहेकी ती केटीले हात्तीले अन्न खाँदै गरेको देखिन् र दौडिएर कराउँदै त्यसलाई लखेट्न गईन् । हात्तीले यस्तो सोचेको थिएन । त्यसैले आत्तियो र उनलाई आक्रमण गऱ्यो ।

## जनवारसँगको सहअस्तित्व

हात्तीले अन्नपात नष्ट गरेका कारण ती गाउँलेले अरू अन्नबालीको सट्टामा सिमि मात्र रोप्न थालेका छन् । पहिले तिनीहरू मकै, गहुँ, धान जस्ता अन्न रोप्दथे ।

## क्षेत्र नं. ३ः आलन्थुराई

अर्को गाउँ आलन्गथुराईमा विगत चार वर्षदेखि मात्रै स्थानीयका अनुसार वर्षभरमा लगभग ३०, ३५ वटा हात्तीहरू गाँउमा आउने गर्छन । ती हात्तीहरूले अन्नहरू नष्ट पारेदेखि गाउँलेहरूले यसलाई वाहियात ठान्छन् । त्यो क्षेत्रमा उखु, धान, मकै, रागी जस्ता अन्नहरू उत्पादन गरिन्छन् । गाँउलेहरू साना किसान भएकाले अन्न उत्पादनका लागी अरू स्रोतहरूबाट नै पैसा सापट लिने गर्छन । हात्तीले १, २ दिनमै सबै अन्नहरू नष्ट गर्छन । त्यसले मानिसहरूमा नैराश्यता उत्पन्न हुन्छ । तिनीहरूले भने २ पटक अन्न बाली नष्ट गरेपछि यसले गाँउलेलाई गरिबीतिर धकेल्छ । यदि वनक्षेत्रमा वार लगाउन सकेमा त्यसले हात्तीको आवागमनलाई रोक्न सक्छ भन्ने उनीहरूको सोचाइ छ ।



## गाँउलेहरुको व्यवहारमा परिवर्तन

त्यो क्षेत्रमा बसोबास गर्ने मानिसहरू मध्यरातमा पनि पैदल नै यताउता घुमफिर गर्ने गर्थे । तर आजभोलि कृषिभूमिमा हात्तीको आवागमनका

कारणबाट राती घरबाट निस्कने कुरा पुरै बन्द भएको छ। जब बाटोको दुवै किनाराका अन्नपातहरू अग्ला हुन्छन् हात्ती आएको देख्न सकिँदैन। तर अहिलेसम्म त्यो क्षेत्रमा कुनै पनि मानिस हात्तीका कारणबाट मरेका छैनन्।

### समाधानका उपायहरु

केही वर्ष अगाडि हात्तीलाई धपाउनको निम्ति टर्चलाइटको प्रयोग गरिन्थ्यो, पछि राकोको प्रयोग गरियो। पछि हात्तीहरू ती चिजहरूसँग परिचित भए र तिनीहरूलाई कुनै असर गर्नै छोड्यो। आजभोली पटकाहरूलाई हात्ती धपाउनको निम्ति प्रयोग गरिन्छ। साना किसानहरू हात्ती धपाउनको निम्ति प्रत्येक दिन १०० रूपैयाँ खर्च गर्न सक्दैनन्। हात्तीहरू पटकाको आवाजमा बानी परिसकेको हुनाले, यो त्यति प्रभावकारी रहेन। वन विभागले कृषियोग्य भूमिबाट हात्तीलाई धपाउनका निम्ति गार्डको व्यवस्था गरेको छ।

### विश्वास

गाँउलेहरूले यो विश्वास गरेका छन कि हात्तीको संख्यामा वृद्धि भएको छ र यो बुझ्न जरूरी छ कि हरेक क्षेत्रमा कुनै एउटै समाधानका उपायहरू वा सबैलाई कामलाग्ने एकै खाले सुझावहरू छैनन्।

## ङ) मानव–हात्ती द्वन्द्व न्यूनिकरणका लागि गर्नुपर्ने र गर्न नहुने कुराहरु

गर्न हुने र नहुने कुराहरू

हाम्रो उद्देश्य स्थानीय समुदाय खास गरी युवा वर्गलाई हात्ती समीपमा आएको बेला आफ्नै बुद्धीले आफ्नो सुरक्षा गर्न र खाली अरूको उद्धारमा भर पर्न नहुने कुरा सिकाई दुवै हात्ती तथा मानिसको सुरक्षा गर्नु र क्षतिलाई न्युन गर्नु हो। हरेक हात्ती, हात्तीको समूह, हरेक परिस्थिति र वातावरण अलग अलग हुन्छ भन्ने कुरा बिर्सन हुँदैन। यो सम्झनुपर्छ कि हात्तीहरू चलाख छन् र हात्तीलाई रोक्न तपाईले गरेका कुनै पनि प्रयास बारे हात्तीले थाहा पाईहाल्छन्।


### अ) गर्नुपर्ने कुराहरुः

- हात्तीले थाहा पाउनु भन्दा अगाडि नै तपाईंका उपायहरू र हात्ती रोक्ने तरिकाहरूलाई परिवर्तन गर्नुहोस।
- आफ्नो जिउको सुरक्षाको जिम्मेवारी आँफै लिनुहोस्।
- यदी हात्तीबाट भाग्नुपर्ने छ भने सिधा बाटो नहिँडेर घुमाउरो बाटो हिँड्नुहोस।
- दौडिरहेको अवस्थामा यदि हात्तीले तँपाइलाई लखेट्न छाडेन भने, तपाईंको शरीरको लुगा खोलेर

फाल्नुहोस जसको गन्धले हात्तीलाई अलमल्याउन सक्छ ।

- हात्तीलाई ओरालो बाटोमा दौडिन गाह्रो हुन्छ त्यसैले भाग्दा ओरालो तिरको बाटोको प्रयोग गर्नुपर्छ ।
- जतिबेला हात्ती नियन्त्रण टोलीले हात्ती धपाइरहेको हुन्छ, उनीहरूसँग समन्वय गर्नुहोस् ।
- हात्तीले मन नपराउने खालका अन्नबालीहरू लगाउनुहोस ।
- रातीको समयमा र त्यो क्षेत्रमा हात्ती आएको थाहा हुने वित्तिकै जतिसक्दो चाँडो त्यो बाटो वा वनबाट नै बाहिर निस्कनुहोस् ।
- हात्तीको व्यवहारको बारेमा जान्नुहोस र द्वन्द्व, चोटपटक र मृत्युबाट बच्न त्यही अनुसार व्यवहार गर्नुहोस ।
- घरबाट सम्भव भएसम्म खाद्यवस्तुको गोदामलाइ हटाउनुहोस अथवा हात्तीले मन नपराउने कुनै गन्ध छर्नुहोस ।
- खाद्यवस्तुहरूलाई हात्तीलाई आकर्षित गर्ने वास्ना बाहिर नआउने गरी गोदाममा राख्नुहोस् ।
- पानीको भण्डारलाई निवास स्थलभन्दा टाढै राख्नुहोस् र इनार, कुवा र खुल्ला पानीका स्रोतहरूको नजिकै नबस्नुहोस किनकि पानी भएको क्षेत्रमा हात्ती आउनसक्छ ।
- घरायसी मदिराको भण्डारण नगर्नुहोस । यदि गरिहालेमा त्यसको गन्धलाई काट्ने किसिमको कुनै वस्तुको प्रयोग गर्नुहोस ।
- हात्तीलाई मनपर्ने किसिमका खानेकुराहरू जस्तै केरा, स्याउ, नरिवल, मदिरा, गुड आदि घरमा नराख्नुहोस् ।
- रिसाएको वा मात लागेको भाले हात्तीको नजिक कहीँ पनि नपर्नुहोस ।
- द्वन्द्व हुने अवस्थालाई कम गर्न हात्ती तथा ढोइ दुवैबाट टाढा रहनुहोस ।
- रातीको समयमा घरमा बस्नु नै उपयुक्त हुन्छ , यदि निस्किहाल्नु परेमा हातमा टर्च वा कुनै उज्यालो लिएर मात्र निस्कनुहोस् । तपाईंको क्षेत्रमा हात्तीले उज्यालो प्रति गर्ने
- प्रतिक्रियाको बारेमा जानकारी लिनुहोस् किनकि स्थान अनुसार उज्यालो प्रति हात्ती आकर्षित हुने र डराएर भाग्ने दुवै खाले भनाईहरू रहेका छन् ।
- जंगलको बाटोमा हिँड्दा, हिँडेको आवाज र खाली तटस्थ आवाज मात्र आओस्, नबोल्नुहोस् ।
- जंगलमा हुँदा रूखका हाँगाहरू भाँचेको तथा हात्तीको गर्जन आएको कुरा सुन्ने गर्नुहोस् ।
- यदि तपाईंको क्षेत्रमा विद्युतीय तारबार उपलब्ध छ भने, यसलाई व्यवस्थित गर्न सहयोग गर्नुहोस् ।
- कुकुरको भुकाई, मानिसको भिड, ठूलो आवाज, मोटरसाइकल आदिको आवाजले हात्तीलाई चिढ्याउन सक्छ ।
- हात्तीलाई गाँउबाट धपाउने अन्तिम उपायको रूपमा हात्तीलाई झर्को लगाउने उपायहरू अपनाउन

सकिन्छ ।



© Awely

- तपाई, तपाईंको परिवार र हात्ती सबै सुखपुर्वक बाँच्न पाउन र उन्नतिको लागि प्रार्थना गर्नुहोस् । तपाईं आफैले सुरक्षित रहनको लागि सक्दो प्रयत्न गर्नुहोस् ।
- तपाईंको सुरक्षा र हात्तीको निम्ति पूजा गर्न सक्नुहुन्छ ।
- सदैव सकारात्मक भावना राख्नुहोस् तर आँखा खुला राख्नुहोस् । भगवानले हामीलाई सचेत भएको र सदैव दिमागको प्रयोग गरेको हेर्न चाहनुहुन्छ ।
- हात्तीसँगको द्वन्द्व हटाउन तपाईंले अपनाएका तरिकाहरू र कुनै महत्वपूर्ण जानकारीहरू भए अरूलाई पनि सुनाउनुहोस् ।
- मौरी पालन, विभिन्न आवाजहरूको प्रयोग हात्तीलाई तर्साउन प्रयोग गरिने स्पिकरको प्रयोग जस्ता नयाँ तरिकाहरूको खोजी गर्नुहोस् ।
- संरक्षित क्षेत्र तथा अन्य वन्यजन्तुसँग सम्बन्धित नीति नियमहरूलाई पालना गर्नुहोस् ।
- यदि स्रोत उपलब्ध भएमा विद्युतिय तारवार, पर्खाल लगायतका अवरोधहरू बनाउनुहोस तर याद गर्नुहोस् यी बाहेक पनि असफल हुन सक्छन् ।
- यदि अरू उपयुक्त तरिका भेटिएन भने मानिसहरू जम्मा भएर टाढैबाट चिच्याउनुहोस ।
- गाँउलेहरूको बिचमा सहकारी संचार प्रणाली स्थापना गर्नुहोस् । त्यो क्षेत्रभन्दा बाहिर हात्तीलाई एकत्रित गर्न कुन्कि (घर पालुवा हात्ती)को प्रयोगको खोजी गर्नुहोस् ।

© Awely



## आ) गर्नु नहुने कुराहरु:

- हात्ती रहेका क्षेत्र वा नजिकका क्षेत्रमा बसोबास गर्दा एउटै तरिका, एउटै व्यक्ति वा संस्थामा पूर्ण रूपमा भर नपर्नुहोस् ।
- खेतीबारीबाट भूमिबाट हात्तीलाई लखेट्दा सम्पूर्ण हात्तीलाई तपाई देख्नुहुन्छ भन्ने नसोच्नुहोस् । अन्य सहयोग नभएको अवस्थामा हात्ती नलखेट्नुहोस ।

© Awely



रातिमा जाँड रक्सी खाएर बाहिर हिड्न हुँदैन । खानेकुरा राखेको ठाउँ नजिकै सुत्नु हुँदैन । घरमा जाँड रक्सी राख्नु हुँदैन ।


- हात्तीलाई आकर्षक गर्ने खालका सुगन्ध वा मिठो वास्नादार वस्तुहरू प्रयोग नगर्नुहोस् ।
- सजगता अपनाउने उपाय बाहेक कुनै एउटामात्र उपायमा पूर्ण रूपमा विश्वस्त नहुनुहोस् ।
- जंगलमा घुम्रिरहेको हात्तीलाई कुनै बाधा नपुऱ्याउनुहोस ।
- खाना, मूख्य गरेर वास्नादार खानालाई खुला रूपमा नराख्नुहोस् ।

© Awely



- सुत्ने ठाउँ नजिकै खाने कुरा नराख्नुहोस्
- हात्तीका लागि लगाईएका वारहरूलाई खुल्ला नछोड् नुहोस् ।
- तपाईको सुरक्षाका लागि आएका प्रतिको सहयोगमा कमी नगर्नुहोस् । तपाईको सतर्कता र सुझबुझलाई नगुमाउनुहोस् ।
- जंगली हात्तीको छेउमा नजानुहोस् ।
- मद्यपान गरेको समयमा जंगल नजानुहोस् । रक्सीको गन्ध सहित जंगलमा नघुम्नुहोस् ।
- परम्परागत रूपमा हात्ती हिँड्ने गरेको बाटोमा नहिँड्नुहोस् ।
- सेतो तथा चम्किलो लुगा नलगाउनुहोस् ।
- प्रकाश फाल्ने क्यामेराको (फ्यास क्यामरा) प्रयोग नगर्नुहोस् जसले गर्दा हात्ती रिसाँउछ ।
- घुम्रपान नगुर्नहोस, जसले हात्तीलाई आकर्षित गर्छ ।
- जंगलमा विचरण गरिरहेका हात्तीलाई अवरोध नपुऱ्याउनुहोस् ।
- हात्तीले सुन्ने गरी तिनीहरूलाई अपशब्द नबोल्नुहोस् ।

- हात्तीप्रति लामो रिस नराख्नुहोस् जसले गर्दा तपाईको विचारशक्ति गुम्न सक्दछ ।
- यदि हात्ती नजिकै छन् भन्ने थाहा पाए तपाईका अन्य गतिविधि छाडेर सावधान रहनुहोस् र सुरक्षामा लाग्नुहोस् ।
- तपाईको आनीबानीलाई आफ्नो सुझबुझमाथि हावी हुन नदिनुहोस् ।





© Awely

- हात्तीलाई मार्ने वा हानि पुऱ्याउने उपायहरू नअपनाउनुहोस् । यो खराब कर्म हो र यो आफूतिर फर्कन पनि सक्छ ।
- बढी भोल्टेजको विद्युतिय तारवारको प्रयोग नगर्नुहोस् जसले हात्तीलाई मार्दछ र तपाईलाई सजाय पनि हुन सक्छ ।
- हात्तीबाट लुक्ने क्रममा डरलाई हावी हुन नदिनुहोस् । भन्छन् डरको पसिना गन्हाउँछ । त्यो डर र गन्धलाई हटाउन भगवानसँग प्रार्थना गर्नुहोस् ।
- जंगली हात्तीलाई चुनौति नदिनुहोस् ।
- तपाईको घरमा चम्किलो रंग नलगाउनुहोस् ।
- हात्तीलाई लखेट्दा चारैतिरबाट घेरा नहाल्नुहोस् । हात्तीको धेरै नजिक नजानुहोस् र हात्तीलाई चोट नलाग्ने गरी लखेट्नुहोस् ।



© Awely

## सन्दर्भ सामाग्री

***Anon (1976).*** Deputy Secretary, Government of West Bengal, Department of Forest's Letter; No. 5033(3)/11B-52/74 Dated 15.6.76 to Conservator of Forests Northern Circle, Darjeeling and others.

***Anon (1997).*** State report on West Bengal Forest 1996-97; Planning and Statistical Cell, Office of Principal Chief Conservator of Forests, West Bengal, Calcutta.

***Barua, P. (1995).*** Managing a problem elephant population; In "A Week with Elephants", Proceedings of the international seminar on the conservation of Asian elephant, June 1993; JC Daniel and Hemant S Datye (Eds), Bombay Natural History Society and Oxford University Press.

***Bist, S.S. (1994).*** Management of problem population of elephants in the northern part of West Bengal; Report submitted to Chief Wildlife Warden of West Bengal, Mimeo 41p.

***Bist, S.S. (1997).*** 50 years of wildlife management in West Bengal: Banobithi (Oct0ber,1997), Calcutta.

***Bist, S.S. (1996).*** Man-elephant conflict: Causes and control measures; Zoos' Print, XI: 6.

***Chowdhury M. and I. Roy (1982)***. Some observations on the use of tiger scent (urine) and tiger calls as repellent to elephants; Mimeo, 7p.

***Dey, S,C. (1991).*** Depredation by wildlife in fringe areas in North Bengal with special reference to elephant damage; The Indian Forester, 117 : 10.

***DNPWC (2017).*** Elephant conservation action plan, Nepal. Department of national parks & Wildlife Conservation.

***Fawcus, L.R. (1943).*** Report of the game and game fishes preservation committee on the existing species of game in Bengal; Bengal Government Secretariat, Calcutta.

***Ghoh, A. (1997).*** Impact of capture on the migratory herds of elephants in South West Bengal; In, Agenda notes for the XIX meeting of the State Wildlife Advisory Board, West Bengal, Calcutta.

***Gupta, A.C. (1958).*** Gorumara game sanctuary; Journal of the Bengal Natural History Society; 29; 4.

***Lahiri Choudhury D.K. (1975).*** Elephant movement and depredation in Jalpaiguri division and part of Madarihat range of Cooch Bihar division in June-July 1975; Report to the West Bengal government in November 1975, Mimeo, 60p.

***Lahiri Choudhury D.K. (1980).*** Status and distribution of elephants (Elephas maximus) in north-east India (August 1980); In, "The status of the Asian elephant in the Indian sub-continent", IUCN/SSC Report; JC Daniel (Ed.); Bombay Natural History Society, Bombay.

***Lahiri Choudhury D.K. and B.K. Bardhan Roy (1982).*** Anchored mela type chase without capture operation in North Bengal: An exercise in anti-elephant depredation method; Mimeo; 11 p.

***O'Malley, L.S.S. (1907).*** Bengal District Gazetteers -Darjeeling; Logos Press, New Delhi (Reprint 1985).

***Palit, S. (1975).*** DFO Jalpaiguri Division Memo No. 7225/26-3 dated 3.9.75 to Conservator of Forests, Northern Circle, West Bengal, Darjeeling.


***Pande, N.K., U. Dasgupta, D.K. Lahiri Choudhury and S. Roy (1994).*** Management of elephants in the south-western part of West Bengal; A report submitted to Government of India: Mimeo, 17p.

***Paudel, P.K (2019).*** Human elephant conflict mitigation action plan (2019-2029) humalayan Nature, Kathamandu, Nepal.

(articles published by the Wildlife Institute of India, Dehradun, in its ENVIS bulletin in 1998, for inclusion in the compendium that we brought out for the National Seminar on HEC organised at Kolkata on 26-27 October, 2008)

# भाग ४

# एसियाली हात्तीको अवस्था तथा एसियाली दृष्टिकोण



हात्तीका विशेषताहरु

विगत र वर्तमानको हात्तीको संख्यात्मक अवस्था

एसियाली हात्तीको बर्णित इतिहास

एसियाली संस्कृतिमा एसियाली हात्तीहरु

एसियाली हात्ती तथा एसियाली दृष्टिकोण

हात्तीबाट ठूलो क्षति कि मुसाबाट ?

समुदायको सहभागितामा हात्ती–मानव द्वन्द्व न्यूनिकरण–एक बहस

# क) हात्तीका विशेषताहरु

## एसियाली हात्तीले ग्रहण गरेका विशेषता बारेको बुझाई

हामीमध्ये सबैले कुनै न कुनै रूपमा चाहे मन्दिरमा होस वा चिडियाखानामा वा वनमा नै हात्ती हेर्ने र अवलोकन गर्ने अवसर पाएकै छौं । यो एउटा चाखलाग्दो जनवार हो, यसलाई हेरेर हामी घण्टौँ बिताउन सक्दछौं । स्थलचर प्राणीमध्ये हात्ती सबैभन्दा ठूलो जनवार हो । वातावरणमा यसको भूमिका अलग्गै प्रकारको हुन्छ । कुनै प्रजातीको महत्त्व बुझ्नका लागि तिनीहरू बाँच्नका निम्ति कसरी आफूलाई विकास गरिरहेका छन्, त्यो जान्नु अत्यावश्यक छ ।

तलका विभिन्न समूह कार्यहरूबाट हात्तीको बारेमा बुझ्न यसका विशेषता थाहा पाउन सहयोग गर्नेछ । यदि तपाईंले यी क्रियाकलापहरू गराउनुभयो भने तपाईंका प्रशिक्षार्थीलाई हात्तीको व्यवहारको बारेमा महत्त्वपूर्ण जानकारी प्राप्त हुनेछ । करिब ५ वटा कृयाकलापको छोटो जानकारी तथा निर्देशन उल्लेख गरिएको छ । एउटा प्रशिक्षकको नाताले दिईएका निर्देशनहरूलाई होसीयारीपूर्वक अध्ययन गर्नुहोस् र शुरू गर्नुभन्दा अगाडि आवश्यक सामाग्रीहरू तयार गर्नुहोस । यो समूह-कार्य हो । दिइएका निर्देशनहरू पालना गर्नुहोस र समूह बनाउनुहोस् ।

### क्रियाकलाप १: हामीमध्ये कतिजनाको तौल जम्मा गर्दा एउटा हात्तीको तौल बराबर हुन्छ ?

एसियाली हात्तीहरू अफ्रिकन हात्ती पछिका दोस्रो ठूलो स्थल प्राणी हुन् । यी हात्तीहरू एसियाका विविध वासस्थानहरूमा बस्दछन् । यो कृयाकलापबाट हामी एसियाली हात्तीको शरीरको तौलको बारेमा केही महत्वपूर्ण तथ्यहरू जान्नेछौं ।

**निर्देशन**

प्रशिक्षार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र एक एक मीटर लामो लठ्ठी वा नाप्ने टेप दिनुहोस ।

आफ्नो समूहमा रहेको सबैको उचाई र तौल नापेर नोटबुकमा वा कालोपाटीमा टिप्न लगाउनुहोस । यदि टेप उपलब्ध नभएमा अनुमान गर्न लगाउनुहोस् । समूहको औसत तौल पत्ता लगाउनुहोस् । हात्तीको तौलसँग समूहको तौल तुलना गर्न लगाउनुहोस् । पत्ता लगाउनुहोस कतिजना मानिसको (उमेर समूहका आधारमा फरक हुन सक्छ) तौल बराबर एउटा हात्तीको तौल हुन्छ ?

यसरी नै विभिन्न समूहको औसत उचाई र एउटा हात्तीको उचाईको तुलना गर्नुहोस् ।

| | मानिस | एसियाली हात्ती |
|---|---|---|
| तौल-महिला | समूहको औसत (कि.ग्रा.) | २,५००-३५०० कि.ग्रा. |
| तौल-पुरूष | समूहको औसत (कि.ग्रा.) | ३,५००-५,००० कि.ग्रा. |
| जन्मको तौल | २-३ कि.ग्रा. | ८०-१०० कि.ग्रा. |
| उचाई (वयस्क) | समूहको औसत (से.मीं) | ७-११ फिट |
| उचाई (जन्ममा) | ४५-५५ से.मी | ९०-१०० से.मी. |

**क्रियाकलपा २: हात्ती जत्तिकै दौडने ।**

हात्ती ठूलो छ, तौल पनि धेरै छ तर छोटो दूरी छिटो दौडन सक्दछ । एसीयाली हात्तीहरू प्रतिघण्टा ४ कि.मी.को दरले हिड्दछन् । छोटो दूरी पार गर्दा भने हात्तीहरू प्रतिघण्टा औसत २५ कि.मी. हिड्दछन् । तथ्याङ्कले देखाएको छ कि जमीनको बनावटको आधारमा हात्तीले ३५–४० कि.मी. प्रतिघण्टासम्म दौडन सक्छन् ।

**निर्देशन**

यो कृयाकलापमा हामी हात्ती र मानिसको दौडने गतिलाई तुलना गर्ने छौं । यो गर्नुभन्दा अगाडि, खुल्ला जमीनमा १० मीटरको दूरी चिन्ह लगाऊनुहोस् । सहभागीमध्ये ५–६ जनालाई त्यहाँ हिड्न लगाउनुहोस र कति सेकेण्डमा सो निर्धारित दूरी पार गर्छन, टिप्नुहोस् । समूहका केही मानिसलाई जतिसक्दो चाँडो दौडन लगाउनुहोस् र समय नोट गर्नुहोस् । पार गरेको दूरी हेर्नका लागि ‘स्टप वाच’ प्रयोग गर्नुहोस् । गतिलाई कि.मी. मा पत्ता लगाउन १० मीटर पार गर्न लाग्ने समयले ३६ लाई भाग गनुहोस् । उदाहरणको लागि यदि एउटा व्यक्तिलाई सो दूरी पार गर्न ३ सेकेण्ड लाग्यो भने त्यो व्यक्ति प्रति कि.मी. (३६/३ = १२) कि.मी. दौडन्छ ।

**छलफल**

सहभागीलाई सोध्नुहोस्, उनीहरू दौडदा वा हिँड्दाको गति हात्तीको गतिसँग मेल खान्छ ? के उनीहरू हात्ती जत्तिकै दौडन सक्दछन् र आफूलाई आपत परेको बेलामा बचाउन सक्दछन ?



**क्रियाकलाप ३: चेतना खेल**

हात्तीको सुघ्ने शक्ति अत्यन्त संवेदनशील हुन्छ । सुँडको प्रयोगले यसले मानिस र अन्य वस्तुको गन्ध थाहा पाउँछ । जब हामी हात्तीको क्षेत्रमा हुन्छौं, हामीले हावाको वहावको दिशा ख्याल गर्नु पर्दछ, जसले गर्दा हामीलाई हात्तीले थाहा पाउँदैन र द्वन्द्व कम हुन्छ । हात्ती भएको स्थानबाट हामीपट्टि हावा वहेको छ भने हामी सुरक्षित हुनेछौं । हामी भएतिरबाट हात्ती भएको दिशातर्फ हावा वहेको छ भने हात्तीले हामीलाई पहिचान गर्न सक्दछ ।

**निर्देशन**


पाँच/छ चीजहरू जस्तै साबुन, कपुर, केकको सानो टुका, ढुङ्गा, बेसार, प्याज, हिंग आदि वस्तुको अलग अलग सेतो कागजमा पोका बनाउनुहोस् र नम्बर दिनुहोस् । टेबलमा वरिपरि ती सामानहरू राख्नुहोस् र प्रत्येक सहभागीलाई ती सामानहरू नछोइकन नै पालैपालो सुँघेर पत्ता लगाउन लगाउनुहोस् । समूहको आकार हेरी तपाईलाई ३/४ सेट सामानहरू आवश्यक पर्न सक्दछ । प्रत्येक सहभागीलाई ती सामानहरूको नाम संकेत नम्बरका आधारमा लेख्न लगाउनुहोस् । यस कार्यका लागि प्रत्येक समूहमा टोलीनेता आवश्यक पर्छ ।

## छलफल

कतिवटा वस्तुहरू तपाईले चिन्न सक्नु भयो ? निश्चित वस्तुहरू पहिचान गर्न किन तपाई असफल हुनुभयो ती अन्य वस्तुको पनि पहिचान गर्न अरू अंगको आवश्यकता पर्छ ? वनमा जाँदा हामीले किन सुगन्धित वस्तुको प्रयोग गर्नु हुँदैन ? हावाको वहावको दिशा कसरी पत्ता लगाउन सकिन्छ ?

## कृयाकलाप ४: हात्तीको सुँड

हात्तीको सुँड माथिल्लो ओठ र नाकको बीचबाट विस्तार भएको हुन्छ। सुँडको आकार फरक हुन सक्छ, कसैको लामो हुन्छ त कसैको छोटो। सुँडको अन्तिममा औंला जस्तै टुप्पो हुन्छ। एसियाली हात्तीको एउटा




औंलाजस्तै भाग हुन्छ भने अफ्रिकन हात्तीको २ वटा हुन्छ। त्यो सुँड करिब १००००० वटा मांसपेशीले बनेको हुन्छ। तिनै मांसपेशीको सहयोगले हात्तीले सुँड फिजाउने र खुम्च्याउने गर्दछ। सुँडको दुप्पोको कार्य जमिनको कम्पन, बनावट, आकार र तापक्रम पत्ता लगाउनु हो। सुँडबाट तिनीहरूले श्वास फेर्ने तथा पानी पिउने गर्दछन्। तिनीहरूले शरीरमा पानी छर्कने, रूखका जराहरू उखेल्ने, हाँगाहरू तान्ने र रूखका हाँगाहरू भाँच्ने काम पनि सुँडबाट नै गर्छन्। यसले साना साना वस्तुहरू जस्तै घाँसका त्यान्द्रा समेत समातेर भूँइबाट उठाउन सक्दछ।


**निर्देशन**

सिक्का वा पेन्सिलको लिड भूँइमा राख्नुहोस् र यसलाई उठाउनुहोस्। ३० सेकेण्डमा तपाई कतिपटक यो कार्य गर्न सक्नुहुन्छ ? यो जोडीमा अभ्यास गराउनुहोस्।

## छलफल

सियो टिप्न तपाईले कतिवटा औंलाहरू प्रयोग गर्नुभयो ? तपाईं यसलाइ हात्तीसँग कसरी तुलना गर्नसक्नुहुन्छ, जबकी उसको एउटा मात्र औंलाले उसले कसरी सानो भन्दा सानो वस्तु टिप्न सक्छ ?





## कृयाकलाप ५ः संचार/सुचना प्रवाह

हात्तीले सुँघेर, दृश्यबाट, आवाजबाट, छोएर र रसायनबाट एकआपसमा संचार गर्दछन् र यस्ता संकेत प्राप्त गर्नेले कसरी प्रतिक्रिया गर्ने भन्ने निर्णय गर्दछ । हात्तीले विभिन्न प्रकारले छाम्नुको लागि सुँडको प्रयोग गर्दछ ।


### निर्देशन

सहभागीलाई समूहमा विभाजन गरी बराबर आकारका २ वटा समूह बनाउनुहोस् । प्रत्येक समूहका सदस्यलाई एकैतिर अनुहार फर्काएर उभ्याउनुहोस् भने विपरीत टिमलाई एक अर्काको अगाडि उभिन लगाउनुहोस् । प्रत्येक सदस्यलाई हात समातेर उभिन लगाउनुहोस् । दुवै पंङ्तिको अन्तमा एक एकवटा साना वस्तु (कागजको वल) राखेर १/१ वटा कुर्सी राख्नुहोस् । निर्णायक अगाडि उभिनेछ । पंङ्तिको शुरूका २ जनालाई निर्णायकलाई हेर्न भन्नुहोस् । अरूलाई आँखा बन्द गर्न, निहुरिन र चुप रहन भन्नुहोस् । हरेक चरणमा, निर्णायकले सिक्का उफारेर शुरूका २ जना खेलाडीलाई देखाउनेछ । जब सिक्कामा 'Head' टाउको आँउछ, अगाडिका २ जनाले अरूले हात निचोडेर संकेत गर्नुपर्दछ र त्यो क्रमश एकएक गर्दै अन्तिमसम्म पुग्नुपर्छ । अर्को समूहको अन्तमा उभिएको मानिसले कुर्सीमा भएको सामान पक्रिनु पर्नेछ । यदि सिक्का घुमाउदा 'टाउको' तिर फर्कियो र समूहले सजिलै बलु पक्डन सक्यो भने त्यो समूहले नम्बर प्राप्त गर्दछ । अर्कोतिर यदि समूहले बल चाँही समात्यो तर सिक्काको हेड परेन भने नम्बर अर्को समूहलाई जान्छ । प्रत्येक सिक्का उफार्नुभन्दा अगाडि ब्रेक दिनुपर्दछ । सिक्कामा 'हेड' नआएसम्म सिक्का उफारिरहनुहोस् । समूहले १० नं. प्राप्त गरेसम्म खेलिरहनुहोस् ।

### छलफल

यो खेलमा सूचना प्रवाहको कुन तरिका प्रयोग गरिएको छ ?





# ख) विगत र वर्तमानमा भएका हात्तीको सख्यात्मक अवस्था

**यो अध्यायमा हामी विगत र वर्तमानमा एसियाली हात्तीको वितरण क्षेत्रको बारेमा चर्चा गर्नेछौं र एसियाली हात्ती पाइने क्षेत्रमा आएको चामत्कारिक परिवर्तनको बारेमा थाहा पाउने छौं ।**

हात्ती एसिया तथा अफ्रिका महादेशमा व्यापक वितरण रहेको थियो । एसीयाली हात्तीको पश्चिम एसियाको मेसोपोटामिया देखि पूर्वमा चिनको याङसिकाङ्गसम्म विस्तार क्षेत्र फैलिएको थियो ।

एसियाली हात्तीहरू रूखको हाँगा, पात खाने तथा चर्ने दुवै गर्दछन्, त्यसैले विभिन्न जंगली वासस्थानमा बस्दछन् । समशितोष्ण जंगल, सदावहार जंगल, सदावहार समतल क्षेत्र, सुख्खा जंगल र पहाडको १०,००० फिटसम्मको उचाईका घाँसे मैदानमा हात्तीहरू बस्दछन् । वैज्ञानिकहरूले सन् १९०० तिर एसियामा करिब २,००,००० हात्तीहरू रहेको अनुमान गरेका छन् । अहिले १०० वर्षपछि ३५,००० भन्दा कम हात्तीहरू रहेका छन् । १०० वर्षको अवधिमा एसियाली हात्तीको संख्या करिब ८७ प्रतिशतले घटेको छ ।

**निर्देशनहरु**

### तयारी

पेज ७५ र ७६ मा दिइएको विगत र वर्तमानको हात्तीको तथ्याङ्क लाई फोटोकपी गर्नुहोस् । त्यसलाई ४ भागमा काट्नुहोस (चित्रमा देखाएजस्तै) र A3 आकारमा ठूलो पार्नुहोस् । समूहको संख्याका आधारमा धेरै प्रति तयार गर्नुहोस् ।

(१) सहभागीलाई समूहमा विभाजन गर्नुहोस् । (७ जनासम्मको समूह उपयुक्त हुन्छ)

(२) प्रत्येक समूहलाई विगतको तथ्याङ्क उपलब्ध गराउनुहोस् र विगतको हात्तीको विस्तार पत्ता लगाउन सम्पूर्ण सेटलाई भेला गर्न लगाउनुहोस् । जम्मा गरिसकेपछि समूहलाई २ मिनेट सो चित्र अध्ययन गर्ने समय दिनुहोस् ।

(३) वर्तमानको तथ्याङ्क थाहा पाउन अर्को सेटलाई मिलाउन दिनुहोस् । सबै समूहले मिलाइसकेपछि राम्ररी अध्ययन गर्नको लागि २ मिनेट समय दिनुहोस् ।

(४) समूहलाई विगत र वर्तमानको तथ्याङ्कलाई तुलना गर्न लगाउनुहोस् जसले एसियाली देशहरूमा भएको हात्तीको संख्यालाई देखाउँदछ । १०० वर्ष अगाडि हात्ती पाइने देश र संख्याको सूची तयार गर्न लगाउनुहोस् । त्यो देशको सूचिलाई कालोपाटीमा लेख्नुहोस् ।
(१०० वर्ष अगाडि हात्ती पाइने देशको सूचि : बंगलादेश, भुटान,ब्रुनाई, कम्बोडिया, चीन, भारत, इण्डानेशिया, (सुमात्रा, कालिमिण्टन) इरान, इराक, लाओस, मलेशिया (पेनिन्सुलर, सवाह, सारवक), म्यानमार (बर्मा), नेपाल, पाकिस्तान, श्रीलंका, थाईलैण्ड, भियतनाम)

(५) वर्तमानमा हात्ती पाइने देश र हात्तीको संख्याको सूची तयार गर्न लगाउनुहोस् र पुनः त्यसलाई कालोपाटीमा लेख्नुहोस् ।
(हाल हात्ती पाइने देशको सूचि : बंगलादेश, भुटान, कम्बोडिया, चीन, भारत, इण्डानेशिया, (सुमात्रा,

कालिमिण्टन) लाओस, मलेशिया (पेनिन्सुलर, सवाह, सारवक), म्यानमार(बर्मा), नेपाल, श्रीलंका, थाईलैण्ड, भियतनाम)

**(६) दुइवटा सूचीलाई कसरी तुलना गर्ने ? १०० वर्ष अगाडि र वर्तमानमा हात्तीले ओगटेको क्षेत्र सम्बन्धमा के फरकपना पाइन्छ ?**

**एसियाली जंगली हात्तीको अनुमानित तथ्याङ्क (स्रोत :आर. सुकुमार, २००३)**

| देश | न्यूनतम | अधिकतम |
|---|---|---|
| १. भुटान | २५० | ५०० |
| २. बंगलादेश | १५० | २५० |
| ३. कम्बोडिया | २५० | ६०० |
| ४. चीन | २०० | २५० |
| ५. भारत | २६,३९० | ३०,७७० |
| ६. इण्डोनेसिया | २४०० | ३,४०० |
| ७. लाओस् | ५०० | १००० |
| ८. मलेशिया | २१०० | ३१०० |
| ९. म्यानमार | ४००० | ५००० |
| १०. नपेपे ाल | १०० | १२५ |
| ११. श्रीलंका | २५०० | ४००० |
| १२. थाईलैण्ड | २५०० | ३२०० |
| १३. भियतनाम | ७० | १५० |
| **जम्मा** | **४१४६०** | **५२,४२०** |

नेपालका हात्तीमा अनुसन्धानरत श्री अशोकराम सँगको कुराकानीमा आधारित अनुमानित संख्या। वैज्ञानिक विधिबाट वास्तविक तथ्याङ्क प्राप्त गर्नका लागि अध्ययन आवश्यक छ। भन्ने सम्झनुपर्छ।

(७) सहभागीहरूलाई निम्न गणीतिय समस्या समाधान गर्न लगाउनुहोस्। यदि त्यहाँ २००,००० एसियाली हात्तीहरू १०० वर्ष अगाडि थिए भने त्यसपछि कति घटे होलान् ? अनुमानित तथ्याङ्कको औसत निकाल्नुहोस् र प्रतिशत पत्ता लगाउनुहोस्। यदि सहभागीलाई कसरी प्रतिशत निकाल्ने भन्ने कुरा थाहा छ भने विगत १०० वर्षमा कति हात्तीहरू लोप भएर गए प्रतिशत पत्ता लगाउन लगाउनुहोस्।

(८) निर्णयात्मक छलफल गराउनुहोस्। यो वर्णन गर्नुहोस कि एकसय वर्ष अगाडि एसियाका १७ वटा देशहरूमा हात्तीहरू ठूलो क्षेत्रमा फैलिएर रहेका थिए। तर आज आएर सीमित क्षेत्रमा मात्र छन्।

नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ, हाल हात्तीहरू सीमित आरक्ष, चितवन शुक्लफाँटा राष्ट्रिय निकुञ्ज, बर्दिया पर्सा, कोशीटप्पु र झापामा पाइन्छन्। नेपालको कुल वन क्षेत्र ४.७ मिलियन हेक्टर छ र वन दिनानुदिन विनास भैरहेको छ। निरन्तर रूपमा भएको हात्तीको बासस्थानको विनासले यो प्रजातीलाई लोप हुने अवस्थामा पुऱ्याउने छ। लोप हुनुको अर्थ 'अस्तित्त्व समाप्त हुनु' हो। भारतमा हात्तीको कुल संख्या सन् २०१७ अनुसार २७३१२ रहेको छ।

(९) वासस्थान टुक्रिएको कारणले हात्तीको आवागमनमा पनि कमी आएको छ। सहभागीलाई अलग-अलग भएका सानो संख्यामा भएका हात्तीलाई हामीबाट हुन सक्ने संभावित प्रभावका बारेमा सोच्न भन्नुहोस्। बताउनुहोस् कि छुट्टिएका हात्तीहरू मानिसका लागि कसरी समस्याको कारण बन्दछन्।

(१०) सहभागीलाई बताउनुहोस् कि नेपालमा आज पनि केही हात्तीहरू हाम्रो नियन्त्रणमा पालिएका छन् र हात्ती प्रजनन केन्द्र पनि रहेको छ। नेपालमा रहेका पालिएका हात्तीको बारेमा विस्तृत जानकारी देश खण्ड(भाग २)मा छ।


## छलफल अगाडि बढाउनुहोस्।


एसियाली हात्तीहरू निश्चित क्षेत्रमा मात्र सीमित हुनमा के कारण हुनसक्छ ?
एसियाली हात्तीको संख्या घट्दै जानुको मूख्य कारण के होला ?
खण्डिकरण भएको वासस्थानलाई जोड्दा के हात्तीको जीवनलाई सहयोग गर्न सक्ला ?

## विस्तार

एसियाली हात्तीलाई एकत्रित गर्न हात्ती मार्गको स्थापना गर्न सकिने सम्भावनाको बारेमा छलफल गर्न लगाउनुहोस्। बीचमा के हुनसक्छ खोजी गर्न लगाउनुहोस्, वासस्थान र मार्गको सुरक्षाले प्रजाती सुरक्षा गर्न सक्ला, किन ?

विगत १०० वर्षमा हात्तीको संख्या यति धेरै घटेकोमा सहभागीले महसुस गरेको कुरा वर्णन गर्दै कविता लेख्न लगाउनुहोस्।


Historical Distribution of
Asian Elephant
BAY OF BENGAL
INDIAN OCEAN
ARABIAN SEA


Present Distribution of
Asian Elephant
China
Taiwan
Philippines
Laos
Vietnam
Cambodia
Thailand
Malaysia
Sumatra
Java
Brunei
Sabah
Sarawak
BORNEO
Kalimantan
INDONESIA
Myanmar
Bhutan
Bangladesh
Nepal
India
Sri Lanka
BAY OF BENGAL
INDIAN OCEAN
ARABIAN SEA
Pakistan
Afghanistan
Iran
Iraq
Kuwait
The Gulf of Oman
Doha
UAE
Oman
Saudi Arabia
Yemen
Somali Rep
Ethiopia

## ग) एसियाली हात्तीको बर्णित इतिहास

हात्ती र मानिस बीचको सम्बन्ध परापूर्व कालदेखि रहिआएको छ । आजको हात्तीको अवस्थाले यो सन्देश दिएको छ कि दीर्घकालिन रूपमा हात्तीको अस्तित्व रक्षा गर्नु मानिसको कर्तव्य हो । मानिसले हात्ती पाल्न थालेदेखि नै उनीहरूले हात्तीको महत्वलाई महसुस गरेका छन्, हात्तीहरू बलिया हुन्छन् र राम्ररी सेवा गर्न सक्दछन् । मानिसले यसको धेरै सदुपयोग गरेका छन् । मानिसका सांस्कृतिक, धार्मिक र सामाजिक क्रियाकलापसँग हात्ती जोडिएको छ । संरक्षणविद्हरूले जानकारी दिएका छन् कि यो प्रजाति लोपोन्मुख छ र यसको भविष्यको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो ।

यदि हामी एसियाली हात्तीको भविष्य सुरक्षा गर्न चाहान्छौं भने तिनीहरूसँग सम्बन्धित इतिहासको बारेमा जानकारी आवश्यक छ । हात्तीको इतिहासलाई शब्दमा वा चित्रहरूमा व्यक्त गर्नु पनि हात्तीको इतिहासलाई सिक्ने एउटा तरिका हो ।

यहाँ एउटा क्रियाकलाप छ, जसबाट तपाईका प्रशिक्षार्थीले एसियाली हात्तीको इतिहास चित्रित गर्न सक्दछन् । यसले हात्तीको महत्वपूर्ण ऐतिहासिक घटनाको विवरण उपलब्ध गराउँछ । यसले एउटा कला र सीपको क्रियाकलापको रूपमा सहयोग गर्न सक्छ । यो क्रियाकलापलाई शुरू गर्दा व्यवस्थित तरिकाबाट गर्नुपर्दछ । घटना र मिति उल्लेख भएको तथ्यांकको फोटोकपी लिनुहोस् र मितिका आधारमा त्यसलाई काट्नुहोस् । त्यसलाई कार्डबोर्डमा मिति र घटना मिलाएर टाँस्नुहोस् ।

प्रशिक्षार्थीको संख्याको आधारमा प्रत्येक सहभागीलाई हात्तीको इतिहासबारेको कार्ड उपलब्ध गराउनुहोस् । शुरूको मितिबाट शुरू गर्नुहोस् र २०५० सम्मको मितिलाई उल्लेख गर्नुहोस् । त्यो कार्ड छुट्टाछुट्टै रूपमा वा जोडीमा उपलब्ध गराउन सकिन्छ । व्यक्तिगत रूपमा वा जोडीमा खाली कागजको पाना दिनुहोस् (A3 वा A4) र चित्र बनाउने सामानहरू पनि दिनुहोस् । हात्तीका ऐतिहासिक घटनालाई प्रष्ट पार्न सहभागीलाई भन्नुहोस् र प्रष्ट्याइएका घटनाबाट प्राप्त अनुभवलाई देखाउने गरी आकर्षक शिर्षक लेख्न लगाउनुहोस् ।

यो कृयाकलापको अन्त्यमा तपाईका प्रशिक्षार्थीले हात्तीको बारेमा प्रष्ट इतिहास तयार गर्नेछन् र परापूर्वक कालदेखि आधुनिक समयसम्मको इतिहास रोचक रूपमा प्रष्ट हुनेछ । सहभागीहरूलाई उनीहरूले तयार गरेको उदाहरण समयक्रम मिलाएर भित्तामा टाँस्न लगाउनुहोस् ।

यदि यो क्रियाकलाप कक्षामा गराउने भए यो केही समय भित्तामा नै राख्न सकिन्छ वा जहाँपनि सबैले देख्ने गरी टाँस्न सकिन्छ । भित्तामा टाँस्नु अगाडि तयारी कार्यलाई वर्णन गर्ने अवसर दिनुहोस् । इतिहास-चित्रलाई सान्दर्भिक र बढी वास्तविक बनाउन निम्न कुराहरू थप्न सकिन्छ ।

- एसियाली हात्तीको विषयमा तपाईको शैक्षिक कार्यक्रमको मिति ।
- प्रस्तोताको जन्ममिति ।

- शैक्षिक कार्यक्रम गरेको क्षेत्र वा वरिपरिको क्षेत्रमा हात्तीसँग सम्बिन्धित घटेका घटनाहरू ।
- शैक्षिक कार्यक्रम संचालन गरेको क्षेत्रमा रहेको हात्ती आरक्षको नाम र स्थापना मिति ।
- स्थानीय पत्रपत्रिकामा प्रकाशित एसियाली हात्तीसम्बन्धी समाचारहरू ।

## छलफल

सम्पूर्ण सहभागीले आफूले तयार गरेको चित्र प्रस्तुत गरिसकेपछि छोटो ब्रेक दिनुहोस् । एसियाली हात्तीको प्रस्तुत इतिहासलाई समग्रमा मूल्याँकन गर्न लगाउनुहोस् । यसले सहभागीलाई अर्थपूर्ण छलफलमा भाग लिन सहयोग गर्नेछ । तिनीहरूलाई निम्न प्रश्नहरू सोध्न सकिन्छ ।

यो इतिहासको समयावधिमा एसियाली हात्तीलाई असर गर्ने कुनै वेग्लै कुरा हुन थालेको थियो ?

मानिसले पहिलोपटक हात्ती कहिले पालेको तथ्यांक छ ?

एसियामा हात्तीको संख्या घट्दै जानुको कारण के हो ?

इतिहासको घटनाले मानिसले ग्रहण गर्ने कुनै परिवर्तित बाटोलाई संकेत गरेको छ ?


एक्काइसौं शताब्दीसम्म एसियाली हात्तीहरू बाँच्न सक्लान् भन्ने आशा गर्नुहुन्छ ? किन ?

एसियाली हात्तीका मूख्य चुनौतीहरू के के हुन् ?

# इतिहास कार्ड तयार गर्न निम्न तथ्यहरु प्रयोग गर्नुहोस् ।

## २००० इशापूर्व

हरप्पन संस्कृतिमा तिनीहरूको मुद्रामा हात्तीलाई अंकित गर्दथे । त्यो समयमा हात्तीलाई पवित्र मानिन्थ्यो । द्रविडहरूको संस्कृतिमा हात्तीलाई पाल्ने गरिन्थ्यो ।




## १७८३ - ११२३ इशापूर्व

हात्तीको दाह्रालाई काठहरूमा चित्रित गर्ने काम चीनको साङगीनबाट १६८३-११२३ इशापूर्वमा शुरू भएको मानिन्छ ।

## इशापूर्व १५००-६००

यो अवधिमा रचिएको वेदले हात्ती र मानिसवीचको सम्बन्धको बारेमा पुरानो जानकारी उपलब्ध गराउँदछ । (वेद आर्यहरूको स्तोत्र, प्रार्थना, कविता, पूजापाठ, मन्त्र आदिको समग्र श्रृङखला हो ।)



## इशापूर्व १०००

द्रविडहरूको भूमिमा मानिसले जंगली जनावरलाई तालिमप्राप्त हात्तीको सहायताबाट पक्रने गर्दथे र पकडमा रहेका हात्ती मानिसको उपस्थितिमा अत्यन्त आज्ञाकारी बन्दथे । प्राचिन लेखहरूमा द्रविडहरूले युद्धमा हात्ती प्रयोग गरेको कुरा उल्लेख भएको पाइन्छ ।

## इशापूर्व १०००-७००

भारतीय धर्मग्रन्थहरू रामायण र महाभारतमा हात्ती र मानिसको सम्बन्ध र यसको पारिस्थितिक महत्व बारेमा विस्तृत वर्णन पाइन्छ । रामायणले आदर्श पुरूषहरू हात्ती चढ्ने गरेको, उपहारको रूपमा हात्ती दिने गरेको र लडाईंमा हात्तीको प्रयोग गर्ने गरेको कुरा वर्णन गरेको छ ।



## इशापूर्व ६००

बुद्धलाई पवित्र सेतो हात्तीको पुर्नजन्मको रूपमा मानिन्छ । रानी मायावतीले सपनामा सेतो हात्ती आफूमाथि झरेको र उनको गर्भमा प्रवेश गरेको देखिन् र पछि गौतम बुद्ध जन्मिए ।

## इशापूर्व ६००

जैन धर्मावलम्वी र बौद्धधर्मावलम्बीहरूले सम्पूर्ण प्राणीमाथि अहिंसाको पाठ सिकाए । जैन धर्ममा ६ जना अन्धामानिसले हात्तीको शरिरका विभिन्न भागहरूलाई छोएर विभिन्न वस्तुको रूपमा कल्पना गरेको एउटा उपमा छ ।

## इशापूर्व ५००

गजशास्त्र नामक प्राचीन भारतीय हात्तीको शास्त्रले हात्ती र मानिस तथा कृषि समुदायबीच पाचौं तथा छैठौं शताब्दीतिरको द्वन्द्वको श्रृङ्खला प्रस्तुत गरेको छ ।

## इशापूर्व ४००

मगध राज्यका राजा नन्द ३००० हात्ती सहितको सैन्यलाई व्यवस्थित गर्नमा प्रसिद्ध थिए । त्यो समयमा ती हात्तीहरू लडाँईमा प्रयोग गरिएका थिए ।

## इशापूर्व ३२६

म्याकडोनियाका अलेक्जेण्डरले जेलुममा आफ्ना सेनालाई अगाडि बढाएको अवस्थामा राजा पौरूषको हात्ती सहितको व्यवस्थित सेनाबाट पराजित हुनुपर्‍यो । लडाँईमा करिब ८०-२०० वटा हात्तीहरू प्रयोग गरिएका थिए ।

## इशापूर्व ३२१

चन्द्रगुप्त मौर्यको सेनामा ९००० हात्ती थिए । उनले हात्तीलाई पक्डने र तालिम दिने औषधी उपचार गर्ने, सेनामा संलग्न गराउने साथै अन्य जंगली जनवारको संरक्षण गर्ने चलन चलाए ।

## इशापूर्व ३०४

भारतीय सीमाको एक स्वतन्त्रवादी शासक सेलेक्सले अफगानिस्तानका चन्द्रगुप्तसँग ठूलो संख्यामा हात्ती लिएर आफ्ना प्रान्तहरू नै त्यागे, त्यहाँ करिब १३० देखि ५०० हात्तीहरू थिए ।

## इशापूर्व ३००


चन्द्रगुप्तका नाती सम्राट अशोकले उनको दिव्य उपदेशमा 'कुनै पनि जीवित प्राणीलाई वली दिन पाइदैन' भनी घोषणा गरे ।

## इशापूर्व ३००

चाणक्यले (जसले अर्थशास्त्र लेखे) चन्द्रगुप्तको शासनकालमा नै मौर्य सेनाको स्रोतको रूपमा जंगली हात्तीको सुरक्षा गर्न आरक्षहरू स्थापना गर्नुपर्ने सुझाव दिएका थिए । साथै हात्ती मार्ने कुनै पनि व्यक्तिलाई मृत्युदण्ड दिनुपर्ने उनको धारणा थियो ।

## इशापूर्व २००

जताका कथाहरू (बुद्धको पूर्वजन्मका कथाहरू जुन दोस्रो शताब्दीमा लेखिएका थिए)मा शाही हात्तीको रूपमा हात्तीको प्रयोग, चाडपर्वमा हात्तीको प्रयोग, प्रशिक्षकहरूसँग हात्ती र दाह्राका लागि हात्ती मारिने गरेको कुराहरू वर्णन गरिएको छ ।



### इशापूर्व १००

हात्ती र मानिसवीचको समन्वयको बारेमा श्रीलंकामा रेकर्ड गरिएको पहिलो जानकारी पूर्वी प्रान्त पनामापटुको नवलारकुलाममा अंकित गरिएको रेकर्ड हो जुन धार्मिक उपहारको रूपमा राजकुमार (जसलाई 'Ath Arcaria' वा 'हात्ती स्थापनाको मालिक' को रूपमा चिनिन्छ) द्वारा दिइएको थियो। हात्ती स्थापनालाई 'Ath Panthiya' भनिन्थ्यो। श्रीलंकाको ध्वस्त प्राचीन शहर हात्तीका चित्रहरूले सजाईएको थियो जसले हात्ती र मानिसको गहिरो सम्बन्धलाई प्रष्ट्याएको छ।

### सन् ४६४

नेपालको चाँगुनारायणको पश्चिमी ढोकामा रहेको चाँगुस्तम्भमा अंकित चित्रले मानदेव प्रथमको शासनकालमा सन् ४६४मा भएको सैन्य कारवाहीमा हात्तीको महत्वलाई दर्शाएको छ।

### सन् ५००

हात्तीको शिरधारी भगवान गणेशलाई संकटमोचनका देवता र एक प्रसिद्ध हिन्दु देवताको रूपमा एसियामा मानिएको छ। पाँचौ शताब्दीको शुरूदेखि आजसम्म पनि उत्तिकै श्रद्धाका साथ उनको अफगानिस्तान, मध्य एसिया, म्यानमार, थाइलैण्ड, भारत, कम्बोडिया, भियतनाम, चीन, जापान, मलेसिया, इण्डोनेसिया, जामा, वली र बोर्नीयो टापुमा समेत पूजा आराधना गरिन्छ।



### सन् १६०५-१६२७

मुगल शासनकालमा हात्तीलाई अधिनमा लिइएको ठूलो तथ्याङ्क पाइन्छ। जहाँगिर अकबरका छोराको तबेलामा १२,००० हात्ती थिए र १,१३,००० हात्तीलाई उनको शासनकालमा पक्डिएको थियो। मुगल शासनकालमा हात्ती व्यवस्थापनको राम्रो प्रबन्ध गरिएको थियो।


### सन् १७२०

नेपालका एक मल्ल राजा भास्कमुल्ला वा महेन्द्रसिंहलाई 'गजपति' उपनाम दिइएको थियो। उनी हात्ती पक्रनमा माहिर भएकाले उनलाई हात्तीका देवता मानियो। मल्ल राजाहरूले मनोरञ्जनको साधनको रूपमा शिकार गर्दथे (जुन राजाहरूमा मात्र सिमीत गरिएको थियो) र उनीहरू जोखिम मोल्न सक्ने र साहसी समेत थिए।

### सन् १८२८

ब्रिटिस सरकारले हात्ती मार्नेलाई पुरस्कार दिन छोड्यो। खेलका लागि शिकार गर्ने र जनवार नियन्त्रण गर्ने कार्यको परिणाम स्वरूप भारतको विभिन्न प्रान्तमा, म्यानमार र श्रीलंकामा हात्तीलाई प्रसस्त मात्रामा मासुका लागि प्रयोग गरिन्थ्यो।

## सन् १८२८



सरकारले बाहेक अरूले हात्ती पक्डन नहुने भनी ब्रिटिस शासकले कानून बनाए । यो कानून सन् १८३१ मा पुनरावलोकन गरियो ।

## सन् १८७३

सन् १८७३ को अक्टोबरमा मद्रासमा हात्ती सुरक्षा ऐन (१८७२) लागु भयो । यो भारतका अरू भागमा पनि सन् १८७९ मा लागु गरियो । म्यानमारमा हात्तीको क्रुर विनासलाई रोक्न यो लागु गरियो । यो ऐनले जंगली हात्तीलाई सेनामा निरन्तर रूपमा प्रयोग गरिने र सैन्य कारवाहीमा प्रयोग गरिने कुरालाई निश्चित गरेको थियो ।

## सन् १९००

हात्तीको वासस्थान चिया, कफी, कृषि, रेलमार्ग, बाटो, खानी, बाँध तथा अन्य विकासात्मक परियोजनाहरू संचालनका लागि विस्थापन भएको पाइयो ।

## सन् १९००

दक्षिण र दक्षिणपूर्वी एसियाड देशहरूमा यो अवधिमा करिब २,००,००० हात्ती रहेको पाइयो ।


## सन् १९०३

नेपाल सरकारद्धारा घरपालुवा हात्तीलाई व्यवस्थित गर्ने तथा व्यवस्थापनका अन्य प्रयासहरूको थालनी गरियो जसको लामो इतिहास छ । यो अवधिभित्र नेपालमा ३२८ घरपालुवा हात्तीहरू थिए ।

## सन् १९११

जर्ज भी. ले उनको प्रसिद्ध शिकार यात्रामा शाही चितवन राष्ट्रिय निकुञ्जमा ११ दिन बिताए । चितवनमा ३०० वटा भन्दा बढी हात्तीहरू बोलाइएका थिए ।

## सन् १९३९–४५



दोस्रो विश्वयुद्धको समयमा जापानी विरूद्धको वर्माको लडाइँमा हात्तीले ठूलो भूमिका निर्वाह गरे । ब्रिटेनका फिल्ड मार्सल लर्ड स्लीमले पछि लेखेका थिए,'यो हात्तीको इमान्दारिता र प्रतिष्ठा थियो जसले सम्मान प्राप्त गऱ्यो ।' हात्तीले पुल बनाएको हेर्न, ठूला ठूला काठका मुढाहरू त्यति ठूलो जनवार कसरी चढ्छ भनेर हेर्न र आफ्नो फर्किने क्षमता हेर्न यो महसुस गर्नुपर्दथ्यो कि तालिम–प्राप्त हात्तीहरू खाली यातायातका साधनका रूपमा प्रयुक्त हात्ती मात्र होइनन् बरू दक्षतावान सैनिक इन्जिनियर हुन् । तिनीहरू नभएका भए हाम्रो वर्माको पुनर्उत्थान बढी कठिन बन्ने थियो र यसको स्वतन्त्रताको लडाई ढिलो मात्र होइन बढी कठिन समेत बन्ने थियो ।

**सन् १९४७**

भारतको स्वतन्त्रतापछि हात्तीको बासस्थानमा शुन्यता छायो किनकी राज्यले आफ्नो आर्थिक स्तर बढाउन आवश्यक थियो । जनसंख्या बढेकाले धेरै वनजंगल क्षति भयो ।

**सन् १९५०**

नेपालको तराइमा औलोज्वरो उन्मुलन कार्य, मानवीय पुनर्वास र वनविनासले अधिकांस नेपाली हात्तीको सत्यानास गऱ्यो ।


**सन् १९५०**

श्रीलंकामा अग्यंस्त्रको प्रयोग शुरू भएपछि, कृषकहरूले आफ्नो अन्न जोगाउनका लागि ७ वर्षको अवधिमा करिब ३०० हात्ती मारे ।

**सन् १९६०**

यो वर्षसम्म तराईको समतल मैदानमा प्रसस्त मात्रामा एसियाली हात्तीहरू रहेका थिए ।

**सन् १९७२**




भारतीय वन्यजन्तु (सरंक्षण) ऐन १९७२ ले अनुसूचि १ को भाग १ मा हात्तीलाई सूचिकृत गरेको छ , जसले उच्चस्तरको संरक्षण प्रदान गरेको छ ।

**सन् १९७३**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (NPWC) ऐन (२०२९ वि.स.) ले वन हात्ती तथा अन्य २७ वटा स्तनधारीलाई संरक्षितको सूचिमा राखेको छ। यसले घरपालुवा हात्तीको रूपमा राख्नेगरी हात्ती पक्रन निषेध गरेको छ ।


**सन् १९७४**

बंगलादेशका सम्पूर्ण वन-हात्तीहरूलाई बंगलादेश वन्यजन्तु (संरक्षण) (नियमावली) ऐन १९७४ ले सरंक्षण प्रदान गरेको छ ।



**सन् १९७५ जुलाई**

*CITIES* को अनुसुचि १ मा सम्पूर्ण एसियाली हात्तीलाई राखिएको छ जसले CITIES का सदस्य राष्ट्रहरूबीचमा हात्तीका उत्पादनहरूको व्यापार गर्न प्रतिबन्ध लगाएको छ ।



## सन् १९८५

चिया खेतिजस्ता कार्यबाट, जंगललाई प्रयोग गरेको कारणबाट हात्तीले आफ्नो परम्परागत वासस्थान त्याग्नु परेको तथ्य छ। उत्तरी बंगालको तोर्सा नदीको पश्चिममा हात्तीको बथानलाई तितरवितर पारिएकोले मानव–हात्तीको द्वन्द्व बढेको घटना पाइएको छ।

## सन् १९८६

डा. आर. सुकुमार., एक प्रसिद्ध हात्ती विशेषज्ञले विगत १०० वर्षको अवधिमा भारतका विभिन्न प्रान्तमा ३०००० देखि ५०००० सम्म हात्तीलाई पक्डिएको हुनसक्ने अनुमान गरेका छन्। त्यो अनुमान आज जंगलमा बस्ने हात्तीहरूको संख्या भन्दा धेरै बढी छ जसले एकताका अस्तित्वमा रहेका हात्तीको संख्या अत्याधिक रहेको संकेत दिन्छ।

## सन् १९८७

भियतनामको जंगलमा रहेका हात्तीको संख्या सन् १९४३ देखि हालसम्ममा ४३.७ प्रतिशतबाट घटेर २१ प्रतिशतमा झरेको तथ्यांक छ।



## सन् १९८९

थाइलैण्डमा काठ कटानमा रोक लगाए लगत्तै ३,५०० हात्तीहरू बेरोजगार भएका थिए।

## सन् १९९०

एसियाली हात्ती विशेषज्ञ टोली (IUCN-SSC) ले एसियाली हात्ती संरक्षणका लागि एक कार्ययोजना तयार गरेको छ। तेह्रवटा बाँकी रहेका राज्यहरूमा जम्मा हात्तीहरूको संख्या ३०,०००–५०,००० रहेको प्रतिवेदनमा उल्लेख छ।

## सन् १९९० को मध्यतिर

इण्डोनेसियाको सुमात्रामा जम्मा २,८००–४,८०० जसमध्ये १५ वटा झुण्डहरूमा मात्र हात्तीको संख्या एक सय भन्दा माथी हात्ती रहेको तथ्यांक छ।

## सन् १९९१–९२

हात्तीको सुरक्षा र तिनीहरूको बासस्थान र हिंड्ने बाटोको सुरक्षा गर्न, मानव–हात्ती बीचको द्वन्द्वलाई सम्बोधन गर्ने र सम्पूर्ण घरपालुवा हात्तीको भलाईको उद्देश्य राखेर भारतीय सरकारले हात्ती परियोजना संचालन गरेको छ।

**सन् १९९२**

जैविक विविधता महासन्धि (Convention on Biological Diversity), संचारका धेरै देशहरूले पारित गरे ।

**सन् १९९३**

सुमात्रामा एसियाली हात्तीको वास्तविक स्थिति अनुमान गर्न जनसंख्या तथा बासस्थानको उपयुक्तता विश्लेषण (PHVA) गरिएको थियो । यसले निष्कर्ष निकालेको छ कि २५ भन्दा कम जनवार लोप हुने ठूलो खतरामा छन् ।

**सन् १९९४**

भियतनाममा २५०-४०० हात्ती मात्र छन् । सन् १९९० मा १५००-२००० को संख्यामा रहेका हात्तीहरू आज नाटकीय ढंगले घटेका छन् ।

**सन् १९९४**

दिमागसंग सम्बन्धित रोग (Haemorrhagic septicaemia) (हात्तीहरूमा कमै पाइन्छ) का कारणबाट श्रीलंकाको उडा वालाव राष्ट्रिय निकुञ्जमा १९९४ मा धेरै जनवारहरू मरे ।

**सन् १९९५ फेब्रुअरी**

ताप र प्रदुषणको असरबाट ग्रसित हुनबाट बचाउनका लागि बैंककले हात्तीलाई सडकमा आउन प्रतिबन्ध लगायो ।

**सन् १९९५-९६**

हात्तीलाई दाह्रा, छाला र मासुका लागि अवैध रूपमा मार्ने काम नाटकीय रूपमा बढ्यो ।




**सन् १९९६**

एसियाली हात्तीलाई *IUCN* (विश्व संरक्षण संगठन) (वर्ल्ड कन्जर्भेसन युनियन) ले लोपोन्मुख प्राणीको रूपमा (लोपन्मुख प्रजातीको रातो सूची) मा राखेको छ ।

**सन् १९९६**

भारतको अनुमानमा जंगली रूपमा भारतमा २३,५००-२७,००० सम्म जंगली हात्ती छन् ।

**सन् १९९६**

कृषि उत्पादनका लागि खोरिया फडानी गरेका कारणबाट भारत, मेघालयको गारू र खासी पहाडमा १४०० हात्तीहरू संकटापन्न अवस्थामा छन् ।

## सन् १९९७

सन् १९९७ मा संयुक्त राज्य सभाले 'एसियाली हात्ती संरक्षण ऐन' पारित गऱ्यो जसले हात्तीको संरक्षणका साथै बासस्थानको सुरक्षाको लागि रकम विनियोजन गऱ्यो ।

## सन् १९९७

Traffic को प्रतिवेदन अनुसार हात्तीको दाह्राको अर्न्तराष्ट्रिय व्यापारलाई ७ वर्षपछि प्रतिबन्ध लगाइयो । दक्षिण कोरियाको सुदुरपूर्व र ताइवानमा गैरकानूनी व्यापार निरन्तर रह्यो ।

## सन् १९९८

कम्बोडिया वन्यजन्तु संरक्षण विभागको सुचना अनुसार शिकारीले धेरै साँढेहरूको हत्या गरेका छन् तसर्थ देशले छिमेकी देशहरूबाट साँढेलाई भित्राउन आवश्यक छ ।

## सन् १९९९

अनुसन्धानले देखाएको छ कि भारतमा निश्चित रूपमा १९,०९० र अनुमानित रूपमा २९,४५० जंगली हात्ती रहेका छन् ।

## सन् २००० दक्षिण भारतमा

भाले हात्तीलाई दाह्राको लागि गरिने अत्याधिक तस्करीको कारण भाले र पोथी हात्तीको लिङ्गको अनुपात १:१२० हुन पुग्यो ।

## सन् २०००

जंगली रूपमा रहेका हात्तीहरू छरिएर रहेको अवस्थामा ३५,०००–५०,००० सम्म रहेका छन् । एउटा समूहमा १००० भन्दा बढी हात्ती छैन ।

- नेपालः १०० देखि १२५ हात्तीहरू अनुमान गरिएको छ । (हाल (२०१९) मा भने नेपालमा जंगली हात्तीको संख्या करिब २०० रहेको अनुमान गरिएको छ ।)
- भुटानः ६०–१०० हात्तीहरू भूटानमा छन् ।
- बंगलादेशः १९५–२३९ हात्तीहरू बंगलादेशमा छन् ।
- श्रीलंकाः श्रीलंकामा ३,१६०–४,४०५ सम्म हात्तीहरू भएको अनुमान छ । १९औं शताब्दीपछिका गणनाहरूमा हात्तीको संख्या ६५ प्रतिशतले घटेको छ ।
- बोर्नियो (मलेसिया र इण्डोनेसिया)ः १,०००–१,५०० जंगली हात्ती रहेको अनुमान छ ।

## सन् २००२–जुन २३

नेपाल भारत सीमामा जंगली हात्तीले १० मानिसको ज्यान लियो ।

## सन् २००३

डा. आर. सुकुमार, एसियाका हात्ती विशेषज्ञले जानकारी दिए अनुसार, नेपालमा १००-१२५ जंगली हात्ती मात्र बाँकी छन् । यसमा भारत र भूटानबाट बसाइ सरेर आएका हात्ती पनि पर्दछन् ।

## सन् २००५-२००६

हात्तीबाट पश्चिम बंगालमा सबैभन्दा बढी मृत्यु (८५ जना) भएको रेकर्ड छ जबकी भारतभरिमा ३९५मारिएका छन् ।

## सन् २००८

जु आउटरिच अर्गनाइजेसन ट्रस्ट (Zoo Outreach Organization Trust) ले US Fish and Wildlife Service र अन्य सहपाठीको साथमा HECx शैक्षिक कार्यक्रम लागु गर्‍यो । यो शिक्षक, गैरसरकारी संस्था, वन कर्मचारीहरू तथा खोजकर्ताका लागि आयोजना गरियो ।

## सन् २००९

नेपालमा पहिलो पटक हात्ती संरक्षक कार्ययोजना २००९-२०१८ लागु भयो ।

## सन् २०१०

'COUNTDOWN 2010' नामक जैविक विविधता संरक्षणको उत्थान गर्ने उद्देश्यले स्थापित संस्थाले सरकार, व्यक्ति, संस्थाहरू, संगठनहरूलाई सन् २०१० सम्ममा कुनै प्रजातीको विविधताको क्षतिलाई कम गर्ने प्रतिबद्धताका लागि अनुरोध गरेको छ । के हामी हात्तीका लागि पनि यस्तो गर्न सकिन्छ ?

## सन् २०२५

के हात्ती अहिले पनि अस्तित्वमा छ ? यसलाई सहयोग गर्न तपाईं के गर्नुहुन्छ ?

## सन् २०५०

के हात्ती अहिले पनि अस्तित्वमा छ ? यसलाई सहयोग गर्न तपाईं के गर्नुहुन्छ ?

# घ) एसियाली संस्कृतिमा एसियाली हात्तीहरु

प्रकृतिबाट प्राप्त ज्ञानलाई सदुपयोग गरेर मानिसले आफ्नो सस्कृतिको निर्माण गरेको छ। यसले सामाजिक मूल्य प्राप्त गरेको छ। हात्ती संस्कृतिका एक अभिन्न अंग हुन् र मावन जातिले हात्तीबाट धेरै कुराहरू सिकेको छ। परापूर्वकालदेखि नै हामी विविध रूपमा हात्तीसँग जोडिएका छौं। आज आएर हामी हात्तीसँगको द्वन्द्वको कुरा गरिरहेका छौं। हात्ती मानव द्वन्द्वलाई बुझ्न र योसँग सम्बन्धित सवाललाई सम्बोधन गर्न हात्ती प्रतिको मानिसको धारणा बुझ्न महत्त्वपूर्ण छ। हात्तीका आफ्ना समस्याहरू छन् वा हात्ती नै मानिसका लागि समस्याको रूपमा रहेको हो, त्यो जान्न जरूरी छ। यसले हामीलाई समस्याको सही पहिचान गरी उपयुक्त उपाय अवलम्बन गर्न सहयोग गर्नेछ। यो अभ्यासले एसियाली हात्तीले एसियामा र विश्वमा नै खेल्दै आएको महत्वपूर्ण भूमिकालाई बुझ्न सहयोग गर्नेछ। यो अध्यायले मानव जीवनमा हात्तीको साँस्कृतिक भूमिकाको खोजी गर्न हामीलाई सहयोग गर्नेछ।

हात्तीप्रतिको धारणा व्यक्ति व्यक्तिमा र ठाँउ अनुसार फरक पर्दछ। हात्तीको दिगो संरक्षण र सुरक्षाका लागि यी अलग अलग धारणाहरूलाई बुझ्न र सम्बोधन गर्न जरूरी छ। यस पाठले यदि हात्ती लोप भयो भने यसले हाम्रो संस्कृतिमा के असर पर्दछ भन्ने कुरा सिकाउँछ।

यो पाठमा प्रयोग गरिने सामग्रीका माध्यमबाट एसिया, मूख्य गरेर दक्षिण एसियामा कला, साहित्य र समाजको अन्य क्षेत्रमा हात्तीको उपस्थितिबारे सहभागिहरूले परीक्षण गर्नेछन्। यसका माध्यमबाट एसियाली हात्तीले संस्कृतिमा खेलेको भूमिका स्थापित हुनेछ।

हात्तीलाई संस्कृतिको प्रतिकको रूपमा एसिया र अफ्रिका लगायत विश्वभर नै प्रयोग गरिदै आएको छ। एसियाली संस्कृतिमा हात्तीको दैविक तथा सम्मानित स्थान छ। हात्तीलाई प्राचिन कला र कहानीहरूमा उल्लेख गरिएका ग्रन्थहरू पनि छन्। यी सबै साँस्कृतिक प्रमाणहरूले हात्तीसँग मानिसको गहिरो सम्बन्धलाई पुष्टी गर्दछन्। यो हात्तीसँगको नाता मानिसलाई जनवारको आवश्यकताको महशुस गराउने तथा हात्तीप्रतिको सम्मानको प्रतिक हो।

सहभागीहरूलाई समूह कार्य दिनुहोस् र आ–आफ्नो संस्कृतिमा प्रयोग भएका हात्तीका प्रतिकहरू टिप्न लगाउनुहोस्। ती प्रतिकहरूलाई वर्गीकरण गर्न लगाउनुहोस्, जस्तै लोककथा, दन्त्यकथा, कला, नाटक, गीत, चलचित्र, विज्ञापन, साहित्य, खेलमा तथा विभिन्न धार्मिक प्रतिकका रूपमा गरिएको हात्तीको प्रयोग। साथै हात्तीका नामबाट राखिएका ठाँउका नामहरू, हात्तीका खेलका नामबाट राखिएका जनवार तथा विरूवाका नामहरू। सहभागीलाई २० मिनेटको समय दिनुहोस् र विशेष उदाहरणलाई कागजका टुक्राहरूमा टिप्न लगाई कुन समूहले बढी उदाहरण टिपोट गर्न सक्दछ प्रतियोगिता गराउनुहोस्। तयार गरेको कागज संकलन गरेर प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउनुहोस्। कालोपाटीमा तालिका बनाएर प्रत्येक समूहका लागि अंक दिनुहोस्। सबैभन्दा बढी अंक प्राप्त गर्ने समूह विजयी बन्नेछ। कक्षामा छलफल गराउनुहोस्।

दक्षिण एसियामा भएका निम्न उदाहरणहरू उल्लेख गर्न सकिन्छ ।

**विज्ञापनः** हात्तीछाप सलाई, फेबिकल (टाँस्ने), हात्तीछाप चप्पल

**खेलः** डोरी तान्ने खेल

**कथा/चलचित्रः** हात्ती र भगँरो, जिउँदो प्राणी, गजकशेरी योगम्, हात्ती मेरो साथी

**साहित्यः** मैनचैष्टरमा यात्रा गर्ने हात्ती (The elephant who walked to Manchester) –डेभिड वर्नवे

**उखानटुक्काः** हात्तीको मुखमा जीरा, हात्ती लम्केको र घोडा चम्केको

**जनवार तथा विरुवाका नामः** हात्ती लसनु, हात्ती मसु

**ठाँउको नामः** हात्तीसार, हात्तीगौडा

हाम्रो संस्कृतिमा विभिन्न प्रतिकको रूपमा हात्तीलाई प्रयोग गर्नुको कारण सहभागीलाई सोध्नोस् । हात्तीको कुन विशेषताले ती विविध क्षेत्रमा हात्तीलाई प्रयोग गर्न प्रेरित गऱ्यो ?

## एसियाली दर्शर्ननमा हात्ती

नेपाल तथा भारत जस्ता देशहरूमा हात्तीको सस्कृतिको ऐतिहासिक रेकर्ड छ । हात्तीको शिरधारी देवता, भगवान गणेश सारा हिन्दुहरूका अति प्रिय देवता हुन् । भगवान गणेशलाई दुःखका विनाशकका रूपमा तथा ज्ञानका देवताका रूपमा पुजिन्छ । बैदिक काल (इशापूर्व १५००–६००)देखिको आस्था र विश्वासको प्रतिफल नै आजका गणेश हुन् । आज गणेश प्रतिको आस्था र विश्वास एसियाका मध्य, दक्षिण र दक्षिणपूर्वका देशहरूमा बढ्दो छ । पश्चिमका कतिपय देशहरूमा समेत मानिसले आफ्ना व्यक्तिगत देवताका रूपमा गणेशलाई स्वीकारेका छन् ।


## हात्तीको उत्पति र हात्तीपालक 'पालकप्य'–हिन्दु दर्शन

भारतभरि नै हिन्दर्मावलम्बीहरूले हात्तीको पूजा गर्दछन् । भारतीय दर्शनमा तिनीहरूका बारेमा धेरै कथाहरू छन् । हात्तीको उत्पतिको बारेमा त्यस्तै एउटा कथा छ । भगवान ब्रम्हाले आफ्नो दैविक शक्तिद्धारा हात्तीको सृष्टी गर्नुभएको हो । दर्शनशास्त्रको इतिहास अनुसार वहाँले आफ्नो चकमा फुको माटो भर्नुभयो र बैदिक मन्त्रोच्चारण गर्नुभयो र सो माटोले दैविक शक्ति प्राप्त गऱ्यो । त्यो माटो दिव्य सुन्दरी, अदितिले खाईन् । १००० वर्षको गर्भाधारणपछि अदितिले सो माटोको डल्लोलाई जन्म दिइन् र तत्काल २ टुक्रामा बाँडियो । ब्रम्हाले ती दुवै भाग लिए र २ वटा हात्ती बनाए । भाले हात्तीलाई ऐरावत भनी नामाकरण गरियो भने पोथी हात्तीलाई अब्रामु । दुबै हात्ती सेता रंगका ४ वटा दाह्रा भएका र जोडी पखेटा भएका थिए । यो विश्वास गरिन्छ कि ती दुई हात्ती नै आजका हात्तीका पुर्वज हुन् । ती दैवीशक्ति प्राप्त हात्तीहरू अत्यन्त बलिया थिए । स्वर्गका राजाले दानवबाट सुरक्षित रहन अरू थप हात्ती चाहिने कुरा सोचे । भगवान ब्रम्हाले अरू थप ७ जोडी हात्तीको सृष्टि गरे । ती सबै ८ जोडी हात्तीलाई स्वर्गको सुरक्षार्थ ८ वटा ढोकामा तैनाथ गरिए ।

तिनीहरूलाई सामूहिक रूपमा ‘अष्टदिक्पाल’ भनेर चिनिन्थ्यो ।

प्राप्त शक्ति र उच्च स्थानका कारण हात्तीहरू अंहकारी बन्न पुगे । तिनीहरूले आफ्नो शक्तिको दुरूपयोग गरी तपस्या गरिरहेका ऋषिहरूलाई तपस्यामा खलल पुऱ्याउन थाले । ऋषिहरूले रिसाएर हात्तीलाई श्राप दिनुका साथै पखेटा तथा १ जोडी दाह्रा उखेले । एकजना ऋषिले एउटा हात्तीलाई पृथ्वीमा धकेले र पृथ्वीमा नै बस्न भने । स्वर्ग छोड्नुभन्दा अगाडि एउटा हात्तीले स्वर्गका राजा इन्द्रसँग पृथ्वीमा स्याहार र उपचारका लागि एउटा बैद्य पठाईदिन अनुरोध गऱ्यो । यो सुनेर ब्रम्हाले गुणवति नामकी अति सुन्दरी अप्सराको सृष्टि गर्नुभयो । गुणवतिलाई आफ्नो रूपको घमण्ड थियो जसले इन्द्र रिसाए । उनले तिनलाई पोथी–हात्ती बनाए र पृथ्वीतिर पठाईदिए । तैपनि गुणवति निश्चिन्त थिईन् कि यदि उनले ऋषिको वीर्य ग्रहण गरिन् भने उनी श्रापबाट मुक्त हुनेछन् । स्वर्गमा जानुभन्दा अगाडि नै उनले बालकलाई जन्म दिनु पर्ने थियो ।

त्यसरी गुणवति एक ऋषिको आश्रम नजिकै बस्न थालिन् । एकदिन भाग्यवश उनले ऋषिको वीर्य ग्रहण गरिन् र गर्भवति बनिन् । १००० वर्षको गर्भाधारण पछि बालकको जन्म भयो । उनले सो बालकलाई जंगलमा नै छोडिन् र स्वर्गतिर लागिन् । त्यो बालकलाई हात्तीले हुर्काए र ‘पालकब्य’ नाम राखे । पालकब्य हात्तीसँगै हुर्कियो र ठूलो भएपछि हात्तीको बैद्य बन्यो ।



वर्षहरू वित्दै जाँदा, हात्तीको संख्या दिनदिनै बढ्न थाल्यो । तिनीहरू नजिकैका गाँउमा पस्न थाले र मानिसलाई भयभित पार्न थाले । चम्पा राज्यका राजा यो कुराले दुखी बने । उनले जंगलमा भएका सबै हात्तीलाई पक्डने आदेश दिए । पालकब्य दुखी बने र उनका हात्तीलाई छुटाउन राजासँग अनुरोध गरे । उनले राजालाई यो निश्चिन्त पारे कि ती हात्तीले आईन्दा मानिसहरूलाई कुनै दुःख दिने छैनन् । राजा पालकब्यको हात्तीप्रतिको माया देखेर अत्यन्त प्रभावित बने र तत्काल हात्तीलाई मुक्त गरे । पालकब्य हात्ती सहित जंगल फर्किए । त्यसपछि उनले ‘हस्तआयुर्वेद’ लेखे ।

यो पुस्तकमा हात्तीका विभिन्न रोगहरू र तिनको आयुर्वेदिक उपचारको बारेमा लेखिएको छ । यो विश्वास गरिन्छ कि पालकब्यले जीवनभर गरेको हात्तीको उपचारको अनुभवका आधारमा कृति तयार गरिएको छ । (डा. के.सी. प्यानीकर)

**एसियाली संस्कृतिमा हात्तीका कथाहरु**

सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र दिईएका हात्ती सम्बन्धि किंवदन्ति मध्ये १/१ वटा छान्न लगाउनुहोस्। प्रत्येक समूहमा १/१ जना सहभागीले पालैपालो गरी सो कथा पढ्न लगाउनुहोस्। उपलब्ध सामग्रीको अध्ययनपछि निम्न प्रश्नहरूमा छलफल गराउनुहोस्।

(१) कथामा हात्तीलाई कसरी प्रस्तुत गरिएको छ ?

**मूर्ख, बदमास, मित्रवत,नम्र, चलाख, सहयोगेगी, सुन्दर, खतरनाक, प्रभावमूलक, बलियो, कमजोर, ठूलो, सानो, दयालु, निर्दयी, इमान्दार, शक्तिशाली, लोभी**

(२) के कथामा भएको हात्तीको गुण वास्तविक हात्तीको जस्तै छ ? यदि छ भने कथामा भएको कुन चरीत्र वास्तविक हात्तीको चरीत्रसँग मेल खान्छ ? यदि होईन भने कुन चरीत्र हात्तीको चरीत्रसँग मेल खाँदैन ?

(३) कथामा दिईएका कुन कुन चरीत्र तपाईंलाई मन पर्दैन ? किन ?

(४) यदि तपाई कथामा उल्लेख भएका हात्तीका चरीत्रहरू मन पराउनुहुन्न भने तपाईंलाई हात्ती कस्तो हुनुपर्दछ भन्ने लाग्दछ ?

## हात्ती र कुकुर

यो जताकामा संकलित अत्यन्त चाखलाग्दो एउटा कथा हो। एक समयमा एउटा शाही हात्ती थियो जो राजदरवार वरिपरिको क्षेत्रमा बस्दथ्यो। हात्ती राजाको प्यारो थियो त्यसैले राम्रो पालनपोषण गरिएको थियो। एउटा कुकुर हात्तीको बासस्थान नजिकै बस्दथ्यो। त्यो साह्रै दुब्लो पातलो थियो। शाही हात्तीलाई खुवाईएको खानाको मिठो बास्नाले उ तड्पिन्थ्यो।

एकदिन त्यो कुकुरले खानाको बास्ना सहन सकेन र हात्तीको निवासमा खाना चोर्न पस्यो। उसले हात्तीको मुखबाट झरेको मिठो खाना खायो र सधैं त्यो खानाका लागि आउन थाल्यो। केही दिनसम्म हात्तीले त्यो सानो कुकुरलाई देखेन किनकी ऊ स्वादिलो खानामा नै मस्त थियो। विस्तारै मिठो र पोषिलो खानाले कुकुर मोटायो र हात्तीको नजर उसमा पर्‍यो।

हात्ती कुकुरसँगको साहचर्यमा रमाउन थाल्यो र खाना बाँडेर खान थाल्यो। तिनीहरूले एकार्कासँग धेरै समय विताए तिनीहरू सँगै खाने, बस्ने, सुत्ने र खेल्ने गर्दथे। खेल्दा हात्तीले कुकुरलाई सुँडले उचाल्थ्यो र पछाडि फाल्दथ्यो। तिनीहरू असल साथी बने र कुनै पनि समय एक अर्कासँग छुट्टिएर बस्न नसक्ने भए।

एकदिन एउटा मानिसले त्यो कुकुर देख्यो र हात्ती पालकसँग "म यो कुकुर किन्न चाहान्छु, कति मूल्य राखेका छौ" भनी सोध्यो। त्यो मानिसको आफ्नो कुकुर थिएन तथापि उसले धेरै मूल्य लिएर कुकुर बेच्यो। त्यो किन्ने मानिसले कुकुर आफ्नो गाँउमा
लग्यो, जुन गाँउ त्यहाँबाट धेरै टाढा थियो। यो घटनापछि हात्ती धेरै दुखी भयो। उसलाई
साथिको धेरै याद आयो र खान, पिउन, नुहाउन सबै छोड्यो। उसको प्यारो साथि विना ऊ केही पनि गर्न चाहँदैनथ्यो।

केही नलागेपछि राजालाई यो कुरा सुनाईयो तर कुकुरको बारेमा केही भनिएन। र ाजाका विद्धान मन्त्रि थिए, जो जनवारका बारेमा धेरै बुझ्दथे। तुरून्त राजाले उनलाई
आदेश दिए,"हात्तीसारमा जाऊ र मेरो हात्तीको अवस्था र त्यसको कारण पत्ता लगाऊ
"। ती चलाख मन्त्री हात्तीसारमा गए र हात्ती अत्यन्त दुखी भएको देखे। उनले हात्तीलाई
राम्ररी नियाले र हात्तीको रखवालालाई सोधे "हात्तीको शरीरमा कुनै खराबी त छैन, तर
हात्ती किन यति धेरै दुखि छ ? मलाई लाग्छ यो हात्तीलाई चिन्ता परेको छ। यो कुनै साथिको वियोगले दुःखी छ। तिमीलाई थाहा छ यो हात्तीको कसैसँग मित्रता थियो ?"
हात्तीको रखवालाले भन्यो, "एउटा कुकुर थियो जुन सदैव हात्तीसँग खाने, बस्ने र सुत्ने
गर्दथ्यो। उसलाई एउटा नौलो मानिसले लिएर गयो।" मन्त्रीले प्रश्न गरे, "त्यो कुकुर
कहाँ छ त ?" त्यसपछि हात्तीको रखवालाले भन्यो, "मलाई थाहा छैन।" मन्त्री राजा समक्ष गए र भने, "महाराज, मेरो विचारमा हात्ती बिरामी छैन, तर ऊ प्यारो साथि कुकुरको अभावमा दुःखी छ।" राजाले भने, "तिमी ठिक भन्दैछौ, मित्रता जीवनको एउटा अनौठो चीज हो, तिमीलाई थाहा छ त्यो कुकुर कहाँ छ ?"
मन्त्रीले जवाफ दिए, "रखवालाले जानकारी दिए अनुसार उसलाई एउटा नौलो मानिसले लगेको छ र ऊ कहाँ छ थाहा छैन।"राजाले सोधे,"कसरी हामी मेरो प्यारो हात्तीको साथीलाई फिर्ता ल्याउन सक्दछौं र हात्तीको खुशीलाई फर्काउन सकिएला ?" मन्त्रीले सल्लाह दिए, "महाराज, यो घोषणा गर्नोस् कि हात्तीसारमा बस्ने कुकुर जसले लगेको छ उसलाई दण्ड दिईनेछ।" राजाले उसको सल्लाहलाई स्वीकारे र यो घोषणा सुनेपछि कुकुर लाने मानिसले कुकुर फिर्ता ल्यायो।
स्वतन्त्र हुने बित्तिकै कुकुर कुदेर हात्तीसारमा गयो। कुकुर देखेर हात्ती यति खुशी भयो कि तुरून्त सुँडले उचालेर आफ्नो पिठ्युमा राख्यो। कुकुरले पुच्छर हल्लायो, हात्तीका आँखा खुशीले रसाए। राजाले उनको हात्तीलाई एकपटक पुन खुशी देख्न पाए। उनले मन्त्रीको सही सल्लाहका लागि पुरस्कृत गरे। त्यसपछि हात्ती र कुकुर दुबै खुशीसाथ बसे।

# हात्ती र स्याल

'हितोपदेश' मा संकलित यो एउटा राम्रो कथा हो । एकसमयमा, जंगलमा एउटा 'कर्पुर तिलका' नामको हात्ती बस्दथ्यो । उ प्राकृतिक रूपमा नै पाशविक र घमण्डी थियो र जंगलमा विध्वंस र त्रास मच्चाएर घुम्ने गर्दथ्यो । विनाकारण ऊ रूखहरू ढाल्दथ्यो र हाँगाहरू भाँच्ने गर्दथ्यो । उसले अनगिन्ति चराका गुँडहरू भत्काउथ्यो र चराका बचेर ाहरूलाई उसका बडेमानका खुट्टाले कुल्चने गर्दथ्यो । जंगलमा सम्पूर्ण जनवारहरू उसँग डराउने गर्दथे ।

छोटकरीमा भन्नुपर्दा उसले त्यो जंगलभरि नै आतंक मच्चाएको थियो । बाघ, सिंह जस्ता ठूला जनवार हरूपनि उबाट टाढा सुरक्षित रूपमा बस्न चाहन्थे । एकपटक हात्तीले उसको डुलाईको क्रममा निर्दयतापूर्वक स्यालका ओडारहरू नष्ट पार्‍यो । यो अन्य जनवारका लागि सह्य थिएन, ती जनवारहरू हात्तीलाई मार्न चाहन्थे ।

तिनीहरूले हात्तीलाई मार्ने एउटा योजना बनाउने प्रयास गरे तर उनीहरूकले सोचे कि हात्तीको भयानक आकार र अजेय शक्तिका कारण यो असंभव जस्तै थियो ।

स्यालहरू अत्यन्त क्रोधित बनेका थिए र छुट्टै बैठक बोलाउने योजना बनाए । हात्तीबाट छुट्कारा पाउन उनीहरू जेसुकै गर्न तयार थिए तर त्यति भयानक जनवारलाई मार्नु कुनै चानचुने कुरा थिएन । सबै स्यालहरूले कसरी हात्ती मार्ने भनी छलफल गरे । तत्काल एउटा बुढो स्यालले भन्यो, 'सबैकुरा मलाई छोड, म चलाखी पूर्ण तरिकाले उसको मृत्यु निम्त्याउनेछु ।' त्यो बुढो स्यालको प्रस्तावलाई सबैले स्वीकारे ।

अर्कोदिन, त्यो बुढो स्याल हात्तीसमक्ष गयो, आदरपूर्वक शिर झुकायो र भन्यो, 'मेरो देवता, तपाइको दिव्य दृष्टिले मलाई कल्याण गर्नोस्' । हात्तीले उसलाई हेर्‍यो र ठूलो स्वर मा भन्यो, 'तिमी को हौ ?' तिमी यहाँ किन आयौ ?' । त्यो बुद्धिमान स्यालले उत्तर दियो, 'म एउटा सामान्य स्याल हो, महाराज । हजुरको विशालतालाई कसैले पनि नकार्न सक्दैन । हजुर दयालु, इमान्दार हुनुहुन्छ र शासकमा हुनुपर्ने सम्पूर्ण गुणहरू हजुरमा छन् । ती सबै कुरालाई ध्यानमा राखेर सबै जनवारले हजुरलाई राजा मानेका छन् । यो प्रस्तावलाई स्वीकार गरेर हामीलाई कृतज्ञ बनाउनुहोस् ।'

स्यालले गरेको त्यो प्रंशसाले हात्ती अत्यन्त हर्षित बन्यो । स्यालले उपयुक्त मौका पाइहाल्यो र पुन थप्यो, 'महाराज, सम्पूर्ण जनवारहरू हजुरको राज्यरोहण समारोह तय गर्न इच्छुक छन् । यो जंगलको बीचमा आयोजना गरिनेछ, जहाँ हजारौं जनवारहरू अघि नै हजुरको आर्शिवाद लिन भेला भइसकेका छन् । हाम्रो ज्योतिषीले भनेको छ कि हजुरको राज्यारोहणको यो उपयुक्त समय हो । समय चाँडै वितिरहेको छ । त्यसकारण ढिलो नगरीकन मसँग हिड्नुहोस्' । स्यालको भनाइबाट हात्ती साँच्चिकै खुशी भयो । उसले राजा हुने सपना देखेको थियो ।

उसले सोच्यो कि त्यो समारोह उसको लागि गौरवको विषय हुनेछ । तुरून्त उ त्यो समारोहस्थलमा स्यालको साथ जान तयार भयो । स्यालले हात्तीलाई घना जंगलको बीचमा लग्यो ।

बाटोमा तिनीहरूले हिलो दलदले जमीन पार गर्नुपर्दथ्यो । स्यालले सजिलै त्यो हिलो क्षेत्र पार गर्‍यो तर जब हात्तीले त्यो हिलोमा पाइला राख्यो, उ त्यहीँ नै अड्कियो । उसले बाहिर निस्कने सक्दो प्रयास गर्‍यो तर सकेन ।उ जति धेरै बाहिर निस्कन प्रयत्न गर्थ्यो  त्यति नै उ भित्र भासिन्थ्यो । हात्ती डरायो र स्याललाई भन्यो, 'मेरो मित्र, मेरो मित्र,  यो हिलोबाट बाहिर निस्कन कृपया मलाई सहयोग गर । अरू जनवारलाई पनि मलाई सहयोग गर्न चाँडो बोलाऊ, नत्र भने म मर्नेछु ।'

स्यालले जवाफ दियो, 'म तिमीलाई बचाउने छैन । तिमी निर्दयी, अहंकारी र दयाहिन प्राणी हौ । तिमीले हाम्रा बालबच्चा मार्‍यौ, हाम्रा ओडारहरू र ती बिचरा चराहरूका गुणहरू भत्कायौ । तिमीलाई सबै थाहा छ तर अन्जान बन्यौ' । आज तिम्रो अन्त आइसकेको छ ।' स्याल त्यहाँबाट तुरुन्त हिंड्यो र हात्ती एक्लै केही क्षणमा नै त्यो दलदलमा फसेर सधैका लागि अदृश्य भयो ।

## खरायो र हात्ती

यो 'हितोपदेश' मा संकलित कथाहरू मध्ये एउटा राम्रो कथा हो । एक समयमा एउटा
जंगलमा हात्तीका बथानहरू बस्दथे । एउटा 'चतुरदन्त' नामको ठूलो हात्ती त्यहाँ बस्दथ्यो
। जंगलको बीचमा एउटा ठूलो तलाउ थियो जहाँ हात्ती तथा अन्य जनवारहरू पानी पिउन र नुहाउन जाने गर्दथे । एकपटक वर्ष-भरिनै पानी परेन र सो तलाउ सुक्यो ।
केही चराहरू र जनवारहरू तिर्खाले मरे । हात्तीहरू दुःखीत बने । यदि तिनीहरूले पानी प्राप्त गरेनन् भने चाँडै नै तिर्खाले मर्ने थिए ।

हात्तीले यो कुरा तिनीहरूको राजा 'चर्तुरदन्त' समक्ष पुर्‍याउने विचार गरे । त्यसैले तिनीहरू राजासमक्ष पुगे र भने 'महाराज, हजुरलाई थाहै छ हाम्रो वनमा पानी छैन । तिर्खाले धेरै जनवार मरिसके । हामीलाई बाँच्नका लागि पानी चाहिन्छ । यदि हामी यहाँ रह्यौँ भने हामीमध्ये धेरै चाँडै मर्नेछौं । जतिसक्दो चाँडो हामीले पानी प्राप्त गर्नुपर्दछ ।'
हात्तीको राजाले एउटा उपाय सोच्यो र अरू हात्तीलाई पानी पाइने स्थानको खोजीमा जान अह्रायो । भाग्यवशः तिनीहरू मध्ये एउटाले टाढाको जंगलमा पानी भरी भएको एउटा ठूलो तलाउ भेट्टायो ।
यो सुनेर त्यो राजा हात्ती खुशी भयो । उसले आफ्नो समर्थकहरूलाई त्यो तलाउसम्म जान भन्यो । त्यो तलाउ पानीले भरिएको थियो र कहिल्यै सुक्दैनथ्यो, चाहे पानी परोस् वा नपरोस् ।
त्यो तलाउमा जाने बाटोमा खरायोको बस्ती थियो । हात्तीले त्यही बस्ती पार गर्नुपर्दथ्यो । हजारौं खरायोहरू त्रसित बने । यो अवस्था निरन्तर रहिरह्यो र तिनीहरूको राजाले एउटा बैठक बोलायो ।
सो बैठकमा खरायोको राजाले भन्यो, 'हाम्रो क्षेत्रबाट एक हुल हात्ती हिंड्ने गर्छ । तिनीहरूले हाम्रा धेरै साथीहरूलाई मारिसकेको छ । हाम्रो जातिलाई बचाउन कुनै उपाय सोच्न म सबैलाई अनुरोध गर्दछु ।'

सबै खरायोहरूले धेरै सोचे। तत्काल, एउटा सानो खरायोले भन्यो, 'महाराज, यदि हजुर मलाई हात्तीको राजा समक्ष हजुरको सन्देश पुऱ्याउन पठाउनुहुन्छ भने म कुनै उपाय पत्ता लगाउने छु।' खरायोको राजाले यो उपायलाई स्वीकृति दियो। सानो खरायोले त्यो तलाउतिर दौडियो। जब उसले हात्तीको बथान तलाउबाट फर्किरहेको देख्यो, उसले महसुस गऱ्यो कि तिनीहरूको नजिक जान असम्भव थियो। त्यसर्थ उ पहाडमा चढ्यो र कराउन थाल्यो। 'ए हात्तीका राजा, कृपया यता सुन्नुहोस्।' यो खरायोको आवाज सुनेर, 'चतुरदन्त' एकछिन रोकियो र भन्यो, 'तिमी को हौ ? कहाँबाट तिमी यहाँ आएका हौ ?' त्यो चतुर खरायोले जवाफ दियो, 'म चन्द्रदेवताले पठाएको सन्देश बाहक हुँ।' हात्तीको राजाले भन्यो, 'यहाँ तिमी किन आयौ ?'

खरायोले जवाफ दियो, 'चन्द्रराजाले हजुरलाई एउटा सन्देश पठाउनुभएको छ। सन्देशवाहकले सत्य मात्र बोल्दछ। सन्देश वापत सजाय पाउनु हुँदैन्। उ खाली आफ्नो काम मात्र गरिरहेको हुन्छ, त्यसैले मसँग नरिसाउनुहोस्।' चतुरदन्तले उसलाई कुनै हानी नपुऱ्याउने कुरामा खरायोलाई निश्चित बनायो। त्यो खरायोले भन्यो, 'चन्द्रराजा तपाईसँग रिसाउनुभएको छ किनकी तपाईले यो पवित्र तलाउमा तपाईको बथानलाई ल्याउनुभयो र यहाँको शान्ति भंग गर्नुभयो। तपाईले हजारौं खरायोलाई मृत्युको मुखमा पुऱ्याउनुभयो।' चन्द्रदेवताले खरायोलाई विशेष संरक्षण गर्नुभएको छ। तपाईले चन्द्रदेवता तथा उहाँका मनपर्ने प्राणी खरायोलाई दिक्दार बनाउनुभयो, त्यसैले उहाँ तपाईसँग अत्यन्त रिसाउनुभएको छ र तपाईलाई यो राज्य तुरून्त छाड्नु भन्नुभएको छ। यदि होइन भने तपाईले भयानक परिणाम भोग्नुपर्नेछ।'

राजा हात्ती चन्द्रराजाको यस्तो सन्देश सुनेर अचम्ममा पऱ्यो। उसले भन्यो, 'तिमी ठिक छौ, तर ती सबै कुरा वास्तवमै अन्जानमा गरिएका हुन। आइन्दा तिमीहरूको कुनैपनि हालतमा पिडित बन्नुपर्ने छैन, म विचार गर्नेछु म चन्द्रदेवलाई अनुरोध गर्न चाहान्छु मेरो पापको लागि मलाई माफ गर्नोस्। मलाई सल्लाह दिनुहोस्, 'मैले के गर्नुपर्छ ?'। खर ायोले जवाफ दियो, 'ठिक छ, म तपाईलाई चन्द्रदेव समक्ष पुऱ्याउनेछु। तपाईको अनुरोध आफै गर्नोस र तपाईले गर्नुभएको अपराधको लागि क्षमा माग्नोस्। मसँग हिँड्नुहोस्।'

राती सो खरायोले हात्तीको राजालाई लिएर अघि बढ्यो। तलाउको किनारामा हात्ती तथा खरायो दुवै उभिए। त्यहाँ तिनीहरूको चन्द्रमाको छाँया पानीमा देखे। त्यतिनै बेला, मन्द हावाको झोक्काले त्यो शान्त तलाउको पानी र चन्द्रमा यताउता सरेको देखियो। जब चतुरदन्तले यसलाई देख्यो उसले सोच्यो कि चन्द्रदेव साँच्चैनै उ देखि रिसाउनुभएको छ।

उसले दुःखका साथ शिर निहुरायो। खरायोले भन्यो, 'हे चन्द्रदेव, हात्तीको राजाले अज्ञानतावशः त्यो पाप गर्नुभएको हो, कृपया माफ गर्नोस्। वहाँले आफ्नो बथानलाई फेरि
नफर्किने गरी यहाँबाट लिएर जाँदै हुनुहुन्छ।'

डराएको चतुरदन्तले पुनः शिर झुकायो र तत्काल आफ्नो बथानसहित त्यहाँबाट आफ्नो बाटो लाग्यो। त्यसपछि खरायोहरू खुशीसाथ आफ्नो स्थानमा बसे।

# ङ) एसियाली हात्ती र एसियाली दृष्टिकोण

हामीले भर्खरै थाहा पायौं एसियाली दर्शनमा विविधता छ। मानिसका हात्तीसम्बन्धमा अलग अलग धारणाहरू छन् । हात्ती प्रतिको धारणा व्यक्ति व्यक्तिमा फरक छ र हात्तीसँगको विगतको अनुभवका आधारमा तिनीहरूको अलग अलग दृष्टिकोण छ । प्रशिक्षकका नाताले हामीले ती विविध दृष्टिकोणका बारेमा सचेत गराउन र मानिसलाई हात्तीका सवालहरूको समाधानको लागि प्रशिक्षित गर्न तथा मानिसलाई सहभागी गराउन त्यसले हामीलाई तिनीहरूको धारणालाई सहानुभूतिपूर्वक ग्रहण गर्न सहयोग गर्नेछ। यो क्रियाकलापमा सहभागीले विभिन्न चरीत्रको अभिनय गर्नेछन् र हात्ती सम्बन्धि आफ्ना धारणा र दृष्टिकोणलाई व्यक्त गर्नेछन् ।

सहभागीहरूलाई विभिन्न समूहमा (आवश्यकता अनुसार विभाजन गर्नुहोस् । जस्तै : किसान, भरिया, पूजारी, विज्ञापनदाता, चलचित्र निर्माता, कलाकार, राजनीतिज्ञ, गीतकार, हात्ती अन्वेषक आदि ।

**किसान**

तपाईहरू हात्तीको बासस्थान नजिकैका किसानहरू हुनुहुन्छ। हात्ती मानव द्वन्द्व समाधानका लागि तपाईको सहभागिता महत्वपूर्ण हुन्छ, किनकी तपाई नै हात्तीबाट प्रत्यक्ष प्रभावित व्यक्ति हुनुहुन्छ । हात्तीले कहिलेकाही खेतबारीमा पसेर अन्नवाली नष्ट गर्ने गरेको छ। तपाईले मानसिक रूपले आतंकित हुनु भएको छ र तपाईको गाँउनै भयभित बनेको छ ।

(१) समूहगत रूपमा तपाईको खेतीबाली एवम् बस्तीमा हात्ती पस्नुका कारणहरू टिपोट गर्नुहोस् ।

(२) समूहमा नै समस्याको समाधानका उपायहरूको सुचि बनाउनुहोस् । समाधानले तपाई लगायत हात्तीको पनि सुरक्षा गर्नुपर्दछ । साथै तपाईले प्रस्तुत गर्नुभएका उपायहरू कम खर्चिला पनि हुनुपर्दछ ।

(३) तपाईका समस्या समाधानका उपायहरूलाई प्रस्तावको रूपमा उल्लेख गरी स्थानीय नगरपालिका तथा गाउपालिकालाई तपाईको योजना मुताबिक तपाईलाई आवश्यक पर्ने भौतिक सामाग्रीको विस्तृत विवरण सहित अनुरोध-पत्र लेख्नुहोस् ।




## विज्ञापन प्रतिनिधि

विभिन्न व्यवसायीहरू हात्तीको ट्रेडमार्क राखेर बजारमा सामान बेच्न रूचाँउछन् । तिनीहरूले ठान्छन् कि हात्तीको चिन्हले तिनीहरूको व्यापारलाई बढाउनेछ । कल्पना गर्नोस् तपाई एउटा ठूलो कम्पनी (संस्था) मा विज्ञापन सिर्जना गर्ने रचनात्मक मानिसहरूको समूहमा हुनुहुन्छ तपाईले एउटा विज्ञापन तयार गर्नुछ, जुन टेलिभिजनमा, पत्रिकामा
वा पोस्टरमा आउने छ । उदाहरणको लागि एउटा चकलेट कम्पनी विज्ञापनमा हात्ती प्रयोग गरेर नयाँ चकलेटको उत्पादन लिएर बजारमा आएको छ । तपाई आफ्नो उत्पादनलाई तलका क्रियाकलापका लागि छान्न सक्नु हुनेछ ।

१) हात्तीलाई मुख्य विषयबनाएर कुन उत्पादनको विज्ञापन तयार गर्न सकिन्छ, समूहमा छलफल गर्नोस् । (जस्तै : फेविकल)
२) तपाईको विज्ञापनमा संभव भएसम्म प्रयोग गर्न सकिने हात्तीका विशेषताहरू सोच्नुहोस् ।
३) तपाईले तयार गरेको विज्ञापन सहभागी माझ प्रस्तुत गर्नुहोस् । बढी सिर्जनशिल बन्नोस् र आवश्यक सामग्रीको प्रयोग गर्नोस् ।

## वृत्तचित्र कथाकार

तपाई चलचित्र कथाकारहरूको समूहमा हुनुहुन्छ । तपाई मध्ये एकजनाले 'समस्यामा हात्तीहरू' (Troubled Elephants) सन्दर्भमा वृत्तचित्र तयार गर्ने निमन्त्रणा पाउनुभयो निर्माताद्वारा पाएको वृत्तचित्र बनाउने निमन्त्रणा पश्चात तपाई त्यो वृत्तचित्र (Documentary) को वर्णन गर्न निर्देशकसँग हुनुहुन्छ ।



१) 'पिडित हात्तीहरू' (Troubled Elephants) नामक वृत्तचित्रका लागि कथा तयार गर्नुहोस् ।

२) निर्मातालाई कथाको वर्णन गर्नुहोस र समूहका साथीहरूसँग सर सल्लाह गरेर वृत्तचित्रका लागि दृश्य तयार गर्नुहोस् ।

३) तपाईको वृत्तचित्रको विषय यस्तो हुनुपर्दछ कि जसले हात्तीलाई बाँच्न सहयोग पुग्ने गरी मानिसहरूमा हात्ती प्रति रूची जगाओस् ।

## चित्रकार

मानव इतिहासमा कलाकार एक अभिन्न अंगका रूपमा रहेका छन् । कलाकारको रूपमा, तपाईको समूहलाई भित्ता रंगाउन, पोष्टर तयार गर्न लगाईनेछ जसले मानव-हात्ती सह-अस्तित्त्वलाई सम्बोधन गरोस् ।



(१) तपाईको मूख्य कार्य भनेको मानव-हात्ती सह-अस्तित्त्वलाई सम्बोधन गर्ने गरी पोष्टर, भित्ते चित्र तयार गर्नु हो ।

(२) तपाईको चित्र तथा पोष्टर हात्ती भएको क्षेत्रमा बस्ने मानिसलाई कुनै सल्लाह वा सन्देश दिने खालको हुनुपर्दछ ।

(३) तपाईको चित्रलाई आकर्षक शिर्षक दिनुहोस् र उपयुक्त रंग भर्नुहोस् । तपाईको समूहका सबै सदस्यको सहभागिता र जिम्मेवारीमा यसका भागहरू तथा दृश्यहरू समायोजन गर्नुहोस् ।

## राजनीतिज्ञ

राजनितिज्ञहरू निर्णयकर्ताहरू हुन् र उनीहरूको योगदान मानव-हात्ती सहअस्तिको अवस्थाको सामना गर्न अत्यन्त महत्वपूर्ण छन् । नीति निर्माण गर्ने क्रममा राजनीतिज्ञले मानिसका आवश्यकता, व्यक्तिगत पक्षधर समूह, राज्यको चासोका साथै हात्तीको भलाईलाई बिर्सनु हुँदैन । मानौं तपाईहरू सबै राजनीतिज्ञ हुनुहुन्छ, तपाईहरूले आउँदो निर्वाचन अगाडि जनतासामु प्रस्तुत गर्ने गरी समूहमा भाषण तयार गर्नुपर्नेछ । वर्तमान समयमा हात्तीको विध्वंसबाट मानिसलाई कसरी बचाउने साथै लोप हुन लागेको हात्तीको संरक्षण र भलाई कसरी गर्ने भन्ने विषयलाई मूख्य रूपमा भाषणले सम्बोधन गर्नुपर्नेछ ।



(१) हात्ती बसेको क्षेत्र वरिपरि बसोबास गर्ने मानिसका (समुदायको) आवश्यकतालाई प्राथमिकता दिई भाषण तयार गर्नुहोस् । वनजंगल तथा वन्यजन्तुको सुरक्षामा तपाईको भूमिका कस्तो रहने हो, त्यसलाई पनि समावेश गर्नुहोस् ।

(२) नयाँ प्रस्तावहरू (जस्तैः गाउँलेका लागि आयमूलक कार्यक्रमहरू) को सूचि बनाउनुहोस जसले समुदायलाई फाइदा पुऱ्याउन सकोस् । यदि तपाई चुनिनु भयो भने मात्र त्यो काम गर्न सकिने छ ।

(३) साथै तयार गरिएको भाषण सहभागीहरू माझ सावधानीपूर्वक पढेर सुनाउनुहोस् ।

## गीतकार

गीतकारका नाताले तपाईको समूहको मुख्य कार्य मानव–हात्ती द्वन्द्वको विषयमा गीत लेख्नु हो। कविता सूचना प्रवाह गर्ने एउटा सशक्त माध्यम हो, जसले कुनै पनि सवालमा चेतना अभिवृद्धि गर्दछ र मानिसलाई सही निर्णयका लागि सोच्न सक्ने बनाउँदछ।



(१) कवितामा तपाईले दिन चाहेको सन्देश के हो, तय गर्नुहोस्। तपाईले थप्न चाहेका बुँदाहरू टिपोट गर्नोस्।

(२) समूहका साथिहरूसँग छलफल गर्नुहोस् र लय तयार गर्नुहोस्। लयलाई संगित दिनुहोस्। परम्परागत वा लोकभाका बढी उपयुक्त हुनसक्दछ।

(३) गीतको अभ्यास गर्नोस् र समूहमा प्रस्तुत गर्नोस्।

## हात्ती अन्वेषक

तपाई मानव–हात्ती सहअस्तित्व अभिवृद्धि गर्नका लागि हात्ती सम्बन्धि खोज अनुसन्धान गर्ने समूहमा हुनुहुन्छ। तपाईको तत्कालको खोज कार्य हात्तीको आवतजावत भइरहने गाँउका मानिसहरूसँग भेट गर्नु र समस्याका कारणहरू तथा समाधानका उपायहरूको खोजी गर्नु हो।



(१) खोजकर्ताको नाताले हात्तीको गाँउमा हुने आवागमनको कारणबारे बुझ्न प्रश्नावली तयार गर्नुहोस्। कम्तिमा ६ वटा प्रश्नहरू तयार गर्नुहोस् जसले तपाईलाई वास्तविक विषयवस्तुबारे जानकारी प्राप्त गर्न मद्दत मिल्ने छ।

(२) तयार गरिएको प्रश्नावली प्रयोग गरी एउटा अध्ययन गनुहोस्। त्यो विषयमा गाँउलेको धारणा के छ, पत्ता लगाउनुहोस्। समयले भ्याएसम्म २,३ जनासँग अर्न्तवार्ता लिनुहोस्।

(३) तपाईको अध्ययनको नतिजालाई समायोजन गर्नुहोस्।

प्रत्येक समूहले आफ्नो समूह–कार्य तयार गरिसकेपछि प्रस्तुतीका लागि आवश्यक समय उपलब्ध गराउनुहोस् ।

**किसान समूहले** गाउँ मा हात्तीको आवागमनको कारणबारे बताउनेछन् ।

**विज्ञापन प्रतिनिधिले** तिनीहरूले तयार गरेको सिर्जनात्मक विज्ञापन प्रस्तुत गरी वणर्न गर्नेछन् ।

**चलचित्र कथाकारले** निर्मातालाई कथावस्तु वर्णन गर्ने ।

**चित्रकारले** तिनीहरूले तयार गरेको भित्ते–चित्र र पोष्टर प्रस्तुत गर्नेछन् र सो बारेमा व्याख्या गर्नेछन् ।

**राजनीतिज्ञले** तिनीहरूले तयार गरेको भाषण प्रस्तुत गर्नेछन् ।

**गीतकारले** तिनीहरूले तयार गरेको गीत संगीत भरेर गाउँनेछन् ।

**हात्ती–खोजकर्ताले** अध्ययनको नतिजा पढेर सुनाउनेछन् ।



## 'छ' जना अन्धा मानिस र हात्ती

जोन गड्फ्रे सेक् (१८१६-१८८७) (प्रसिद्ध भारतीय किंवदन्तीमा आधारित)


६ जना नेत्रहिन मानिस
हात्तीलाई हेर्न गए ।
प्रत्येकले अवलोकन गरे
आ-आफ्नो सोचाई अनुसार हात्तीलाई पहिलो
व्यक्ति हात्ती नजिक पुग्यो, ठेक्किएर लड्यो,


ओहो ! बिशाल र शक्तिशाली शरीर- यो हात्ती
एउटा ठूलो भित्ता जस्तो छ ।'
दोस्रो व्यक्ति, दाह्रालाई छोएर चिच्यायो
आहा, यहाँ केछ,
गोलो, नरम र धारिलो
मेरा लागि, यो प्रष्ट छ कि
आश्चर्य लाग्छ,
हात्ती एउटा भाला जस्तो छ ।

तेस्रो व्यक्ति जनवार नजिक पुग्यो
उसको हातले घुम्रिएको सुँड छोयो
त्यसलाई माथि उठाएर हल्लाउँदै भन्यो
'हो, मैले थाहा पाँए, हात्ती एउटा सर्प जस्तो छ'
चौँथो उसका जिज्ञासु हातहरू लिएर गयो
र हात्तीको खुट्टा छुन पुग्यो
कति आश्चर्यजनक यो विशाल जीव,
यो प्रष्ट छ हात्ती एउटा रूख जस्तो छ'
पाँचौं, जसले कान छुने अवसर पायो
भन्यो, 'सबै अन्धा मानिसहरू
म भनौं यो साँच्चै के जस्तो छ
यो चमत्कारिक जीव हात्ती
साँच्चै नै एउटा पंखा जस्तो छ ।

छैंटौ, फेरि अगाडि बढ्यो
त्यो विशाल जीव नजिक पुग्यो र छाम्न लाग्यो
त्यसपछि झुण्डिएको पुच्छरमा जेलिएर
भुईंमा लड्यो
'हो, मैले थाहा पाँए ! हात्ती डोरी जस्तो छ'

ती मानिसहरू
धेरै वेरसम्म ठूलो स्वरले तर्क विर्तक गरिरहे
प्रत्येक आफ्नो आफ्नो सोचाइमा विश्वस्त थिए
सबै आंशिक रूपमा सत्य थिए
र सबै गलत पनि थिए ।






# च) हात्तीबाट ठूलो क्षति कि मुसाबाट

## हात्ती तथा साना जीव (मुसा, छुचुन्द्रो खरायो आदि)

एसियामा प्रत्येक वर्ष कुल उत्पादनको करीब ५% (३० मिलियम टन) धान नष्ट हुन्छ जुन १८ करोड मानिसलाई १ वर्ष खान पुग्दछ। भारतमा गरिएको हालैको अध्ययनले देखाएको छ कि मुसा, छुचुन्द्रोले धानको उत्पादनको करीब २५% कृषि भूमिमा र भण्डारणमा सहित जोड्दा २५-३०% क्षति गर्दछन्। तिनीहरूले नष्ट पारेको अन्नको जम्मा मूल्य भारतीय रूपैंया २४,५०० करोड (५ विलियन डलर) बराबर हुन्छ, । सबै धान उत्पादन गर्ने देशको तथ्याङ्क उपलब्ध छैन। तथापि वैज्ञानिकहरूले यो दावी गरेका छन् कि यो तथ्याङ्क न्यूनतम हो। तिनीहरूले अनुमान गरेका छन् कि भारतमा २.५ विलियन मुसाहरू छन् र तिनीहरूले वार्षिक भारतीय रूपैंया ४९,०००-६३,५०० करोड (अमेरिकी डलर १०-१५ बिलियन) नोक्सान गराउँदछन्। सामान्यतयाः त्यस्ता प्राणीहरू आफ्नो शरीरको मुसाले ७% बराबर र छुचुन्द्राले २०% बराबर खाना खान्छन्। त्यसकारण प्रत्येक छुचुन्द्राले १ वर्षमा खाने अन्न ६.५ के.जी बराबर पर्न आउँछ। मुसाले १ वर्षमा १.५ के.जी. बराबर खाने गर्छ। यो उत्पादनमा गणना नगरिएको नोक्सानी हो। ती जीवहरूले अप्रत्यक्ष रूपमा पनि हानी पुऱ्याइरहेका हुन्छन्। तिनीहरू विभिन्न रोगका संवाहक पनि हुन् जसले मानिस र जनवार दुवैलाई असर गर्दछ। यसले अप्रत्यक्ष रूपमा उत्पादनमा प्रभाव पार्दछ, जसलाई गणना गरिँदैन। काग, सुगा लगाएतका चराहरूले पनि ठूलो मात्रामा वालीनाली क्षति गर्दछन्। यस्ता चरा मुसा तथा अन्य साना जीवहरूले यति धेरै क्षति पुऱ्याएर पनि त्यति धेरै आलोचना खेप्नु परेको छैन जति हात्तीले खेप्नु परिरहेको। समस्या भोग्ने मानिसको सहनशिलताको स्तरले पनि समस्याप्रति ध्यान केन्द्रीत गराउने हुन्छ। जंगली जीवलाई सहज रूपमा स्वीकार्न सहयोग गर्ने सबै तत्वहरूलाई एकमुष्ठ रूपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ। समस्यामूलक मानिएको जनवार हात्तीबाट प्रभावित मानिसको हात्तीप्रतिको दृष्टिकोण पनि यहाँ हामी देख्दछौं।

### क्रियाकलाप

तल दिईएको तालिका अध्ययन गर्नुहोस्। साना जीवले गरेको क्षति तथा हात्तीले गरेको क्षतिका विषयमा कुन कुन तत्वहरू सहनशिलताको लहरमा पर्दछन् र कुन कुन असहनशिलता अन्तर्गत पर्दछन् सूचि तयार गर्नुहोस्।

मुसा  र  हात्ती

| सहिष्णुता | सामाजिक–आर्थिक तत्त्व | असमझदारी–असहिष्णुता |
|---|---|---|
| प्रशस्त | जमीनको उपलब्धता | अभाव |
| प्रशस्त सस्तो | श्रमको उपलब्धता | अभाव, महँगो |
| निम्न | पूँजीको तथा श्रमको लगानी | उच्च |
| विविध | बैकल्पिक आयस्रोत | नभएको वा न्यूनमात्र |
| फरक/फरक, अनियन्त्रित | सामना गर्ने रणनीति | सीमित, नियमित |
| साना | छलफल समूहको आकार | ठूलो |
| जीविकोपार्जनको साधन | नष्ट भएको अन्नको प्रकार | नगद वा भोकमरीको अन्न |
| समुदाय, समूह | क्षति गणना गर्ने सामाजिक इकाइ | व्यक्तिगत, घरेलु |
| निम्न | जीवको संभावित खतरा | उच्च |
| जीवविज्ञानीय तत्त्वहरू | | |
| सानो | जीवको आकार | ठूलो |
| चाँडै | अन्न भित्र्याउने तुलनामा क्षति गर्ने समय | ढिलो |
| एक्लो | जीवको समूहको आकार | ठुलो |
| लुक्ने/नदेखिने | नष्ट गर्ने तरिका | प्रष्ट/देखिने |
| दिउँसो | क्षतिको समय | रात्रीको समयमा |
| सीमित | प्रत्येक चोटि क्षतिको मात्रा | असीमित |
| कहिलेकाही मात्र | आक्रमणको आवृत्ति/बारम्बारता | सधैं जसो |
| पातमात्र | अन्नबालीको भाग | विरूवा, फल, गानो, वीज, गुदी |

तपाईको व्यक्तिगत विचारलाई निम्नानुसार तुलना गर्नुहोस् ।

| हात्ती | सहिष्णुता | असहिष्णुता |
|---|---|---|
| सामाजिक–आर्थिक तत्त्वहरू | | |
| जीवविज्ञानीय तत्त्वहरू | | |

# छ) समुदायको सहभागितामा हात्ती-मानव द्वन्द्व न्यूनिकरण-एक बहस

## हात्तीको बासस्थान तथा मानव-हात्ती द्वन्द्व

अघिल्लो अध्ययन पाठमा (देश खण्ड)मा हामीले बुझ्यौँ कि नेपालको तराईका मूख्य ४ क्षेत्र शुक्लाफाँट वन्यजन्तु आरक्ष, बर्दिया राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष र पूर्वी नेपालका केही क्षेत्रमा हात्तीहरू पाइन्छन् । तिनीहरूले जम्मा ५,३३९ वर्ग कि.मी.को भौगोलिक क्षेत्र ओगटेका छन् । कुनै बेला सबैतिर छरिएर रहेका हात्तीहरू अहिले आएर सानो क्षेत्रमा सीमित बनेका छन् । खाना, पानी र आवासका लागि राष्ट्रिय निकुञ्ज/आरक्ष तथा अन्य वनक्षेत्रका आसपासमा बसोबास गर्ने मानिससँग प्रतिष्पर्धा गर्नुपर्ने बाध्यता छ ।

सीमित क्षेत्रभित्र हात्तीका लागि प्रसस्त खाना र पानी प्राप्त हुन सक्दैन र तिनीहरू खाना पानीका लागि जंगलबाट बाहिर आउन बाध्य हुन्छन् । ठूला विकास योजनाहरू जस्तै बाँध निर्माण, सिचाइंको नहरहरू निर्माण, विद्युत विस्तार तथा सडक/रेलमार्ग विस्तारका कार्यहरूले हात्तीको प्राचीन आवतजावतको मार्गलाई अवरोध पुऱ्याएको छ । जब हात्तीहरू आफ्नो परम्परागत मार्गबाट आवतजावत गर्दछन् मानवजातिसँग सम्पर्कमा आउँछन् र यसले गर्दा द्वन्द्व निम्त्याउने गर्दछ । हात्तीले कहिले काही वनक्षेत्र आसपासमा रोपिएका खेती खाइ दिने गर्दछन् । मानिसहरू आफ्नो उत्पादनलाई जोगाउने प्रयत्नमा हात्ती धपाउन खोज्छन् यस्तो बेला हात्ती रिसाएर कहिलेकाही उनीहरूलाई नै घाइते बनाउने तथा मार्ने गर्दछन् । यसैगरी मानिसद्धारा हात्तीहरू पनि मारिन्छन् र सताइन्छन् । अहिले मानव-हात्ती द्वन्द्व विश्वव्यापी समस्याको रूपमा रहेको छ ।

हात्तीलाई अन्नवाली नष्ट गर्ने, पूर्वाधारहरू नष्ट गर्ने र मानिसको जीवनलाई नै क्षति पुऱ्याउने एउटा समस्यामूलक जनवारको रूपमा हेर्ने गरिन्छ । अर्कोतिर यसलाई स्थानीय समुदायका लागि फाइदाकारी स्रोतको रूपमा पनि मानिन्छ । पर्यटन उद्योगका लागि हात्तीले धेरै फाइदाहरू प्रदान गरेका छन् ।

मानव-हात्ती द्वन्द्वलाई पूर्णरूपमा नियन्त्रण गर्न सकिँदैन तर यसलाई प्राकृतिक स्रोत व्यवस्थापनका माध्यमबाट न्यूनिकरण गर्न सकिन्छ । निश्चित क्षेत्र प्रकृति र जनवारका लागि स्वतन्त्र छोड्ने र मानिस त्यसबाट टाढै रहने परम्परागत संरक्षणको तरिका हो । तर अहिलेको जनसंख्या वृद्धिको स्थिति र प्राकृतिक स्रोत साधनको बढ्दो मागका कारणबाट मानिसले प्रकृतिक स्रोतको कुशल व्यवस्थपन गर्नुपरेको छ । खासगरी वनजंगलको नजिकका बासिन्दाले वन्यजन्तुसँग सामन्जस्य गरेर बाँच्नका लागि सिक्नुपरेको छ ।

मानव-हात्ती द्वन्द्वको कारण ठाँउ अनुसार फरक पर्न सक्दछ । यसका लागि कुनै एउटा निश्चित समाधानको उपाय पनि छैन । यसरी स्थानीय मानिसहरूले वन कार्यालयहरू, निकुञ्ज/आरक्ष कार्यालय तथा संरक्षण सम्बन्धी काम गर्ने संस्थाहरूको वनसँगको समन्वयमा आफ्नो क्षेत्रमा सुहाँउदो हात्ती-मावन द्वन्द्व समाधानको उपाय पत्ता लगाउन जरूरी छ । यो हात्ती संरक्षणका लागि तथा हात्तीसँगको सहवासका लागि सही किसिमले हात्ती-मानव सह अस्तित्त्वका लागि स्थानीय जनताहरूलाई प्रत्यक्ष सहभागी गराउने तरिका हो ।

माथिको बुँदालाई ध्यान दिँदै हात्तीको संरक्षण तथा द्वन्द्व न्यूनिकरण गर्न तपाईको सहभागिता अत्यावश्यक

छ । स्थानीय बासिन्दाको वास्तविक आवश्यकतालाई ध्यान नदिई हात्ती संरक्षणको मुद्दालाई सम्बोधन गर्ने संरक्षणवादीहरूको प्रयत्न उपलब्धीविहिन बन्दछ । संरक्षणवादीहरूले यस्ता कार्यहरूमा जोड दिनुपर्दछ जसले हात्तीमानव द्वन्द्वलाई समाधान गर्न मानिसका आवश्यकता र जनसहभागितालाई सम्बोधन गर्न सकोस् ।

यो 'भूमिका निर्वाह' (Role Play) को क्रियाकलापले द्वन्द्व समाधान प्रकियामा नमुनाको काम गर्नेछ । कल्पना गर्नुहोस् यो नेपालको एउटा क्षेत्रमा प्रयोग भएको विधि हो जहाँ हात्तीको बासस्थानको नजिकै १,००० परिवार बस्ने गर्दछन् । तिनीहरूको मूख्य पेशा कृषि हो । तिनीहरू दाउरा, घाँस, इन्धन, जंगली सागसब्जी, जरिबुटी र काठका लागि वनजंगलमा भर पर्दछन् । ती गाँउहरूमा वन तथा वन्यजन्तु संरक्षण सम्बन्धि नियमहरू कार्यान्वयन गराउन अत्यन्त कठिन छ । त्यो गाँउले धेरै वर्षदेखि मानव-हात्ती द्वन्द्वको अनुभव भोग्दै आएको छ र परम्परागत रूपमा अपनाइएका न्यूनिकर णका उपायहरू पनि पर्याप्त बन्न सकेका छैनन् । हात्ती-मानव द्वन्द्वको विषयलाई उपयुक्त दीर्घकालिन उपायको खोजी गर्न विभिन्न व्यक्तिहरूको अमूल्य सुझावको अपेक्षा गरिएको छ ।

**क्रियाकलापका लागि निर्देर्शशन**

सहभागीहरूलाई माथि उल्लेखित कुराहरू जानकारी गराउनुहोस् । निम्न भूमिका निर्वाह गर्नका लागि सहभागीलाई बराबर संख्याका समूहमा विभाजन गर्नुहोस् ।

- गाउँ समिति (३-५ सदस्य)
- गाँउलेहरू महिला तथा पुरूष
- वनकार्यालय/रा.नि.वा वन्यजन्तु आरक्ष कर्मचारी तथा प्रतिनिधि
- पर्यटन विभागका कर्मचारीहरू
- ग्रामिण समाजशास्त्री
- वैकल्पिक जीवन निर्वाह सहयोग कार्यक्रमका गैह्र सरकारी संस्थाहरू
- हात्ती सम्बन्धि अन्वेषकहरू/प्रशिक्षकहरू

गाँउ समिति ३ वा ५ जनाको विजोर संख्याको समूह हुनुपर्नेछ जसमा गाँउ प्रमुख, वन अधिकृत, गैह्र सरकारी संस्था प्रतिनिधि समेतको प्रतिनिधित्व हुनुपर्नेछ । अन्य सहभागीलाई बराबर समूहमा बाँडेर पात्रको भूमिका किटान गरिनुपर्दछ ।

यो क्रियाकलापको मूख्य उद्देश्य समूहको रूपमा कार्य गर्ने तथा वर्तमानमा देखिएको मानव-हात्ती द्वन्द्वको वैकल्पिक समाधानको उपाय पत्ता लगाउनु हो । परम्परागत असफल प्रयत्नहरू जस्तै आगोको राको फ्याँक्ने, हात्तीलाई मार्ने जस्ता कार्यहरू रोकिनुपर्दछ । त्यसको साटो स्थानीय बासिन्दाहरूलाई सहभागी गराई उपयुक्त योजना तर्जुमा गर्नुपर्दछ । साथै दीर्घकालिन योजना बनाउनुपर्दछ जसले मानिस र हात्ती दुवैलाई फाइदा पुग्न सकोस् ।


**एकपटक समूहको भूमिका तय गरिसकेपछि निम्न प्रस्तावको जानकारी गराउनुहोस् ।**

**प्रस्ताव**

**गाउँलेहरूले मानव–हात्ती द्वन्द्वको यो अवस्थालाई विगत २० वर्षदेखि भोगिरहेका छन् तर परम्परागत समस्या समाधानको उपायले काम गर्न सकिरहेको छैन र खाली अल्पकालिन समाधान मात्र बनेको छ । दिर्घकालिन रूपमा यो समस्या समाधानका लागि विभिन्न समूहका मानिसबाट सुझाव संकलन गर्ने प्रस्ताव गरिएको छ । स्थानीय बासिन्दा तथा त्यस गाउँ समितिले प्राप्त सुझावलाई ग्रहण गर्नेछन् । गाउँलेले यो प्रस्तावलाई सरकार तथा गैर सरकारी संस्थाको सहयोगमा लागु गर्नेछन् । यसले ग्रामीण सामाजिक–आर्थिक अवस्थालाई विकसित गर्न तथा हात्तीले समुदायमा पुर्‍याएको क्षति न्यूनिकरण गर्न मद्दत गर्नेछ । गाउँलेको सहभागिता तथा सरकारको सहयोगमा गाउँलेलाई 'नमूना गाउँ' बनाउने यसको मूख्य उद्देश्य हो ।**

**आवश्यक निर्धारित भूमिका निर्वाह गर्नका लागि महत्वपूर्ण हुनेछ । अन्य समूहको लागि दिइएको निर्देशन हेर्न पाइने छैन ।**

**जानकारी अध्ययन गर्न सहभागीलाई १५–२० मिनेट समय दिनुहोस् । प्रस्तावका आधारमा गाँउ समितिलाई दिनु पर्ने मूख्य धारणागत कुराहरू के हुन् सो बारेमा सहभागीलाई पूर्ण जानकारी भएको हुनुपर्नेछ र सोही अनुसारको प्रस्तुती हुनुपर्नेछ । साथै तिनीहरूको भूमिकालाई आवश्यकतासँग मेल खाने किसिमको बनाउनुहोस् ।**



### गाउँसमिति

तपाई गाँउ, वन विभाग, पर्यटन विभाग र गैह्र सरकारी संस्थाका प्रतिनिधि सहितको समूहमा हुनुहुन्छ। प्रत्येक समूहले तपाईसमक्ष आफ्नो प्रस्तुती गर्नेछन्। तपाईले विभिन्न क्षेत्रका सुझावलाई सुन्नुहुनेछ र मानव-हात्ती द्वन्द्व समाधानको दीर्धकालिन योजना तयार गर्नुहुनेछ। सबैका कुरा समान महत्वका हुने हुनाले ध्यान दिएर सुन्नुहोस्। योजनामा समावेश गर्न चाहने प्रत्येक बुँदाहरू टिपोट गर्नुहोस्। केही सवालहरूमा यहाँले विशेष ध्यान दिनुपर्नेछ, जस्तैः सुझाव दीर्घकालिन समाधानको सोचमा छ या अल्पकालिन ? मानिसहरूको आवश्यकतालाई ध्यान दिइएको छ ? स्रोतकहाँबाट प्राप्त हुन्छ ? यो योजनालाई कसले अनुगमन गर्नेछ ? प्रत्येक समूहले आ-आफ्ना विषयहरू प्रस्तुत गरिसकेपछि त्यसका सबल तथा कमजोर पक्षहरूका बारेमा सोध्नुहोस्। जब सबै प्रस्तुतीहरू सकिन्छन्, समूहमा छलफल गराउनुहोस् र आफ्नो योजना बताउनुहोस् जसलाई गाँउलेले ग्रहण गर्नेछन्।

### गाउँलेहरु (महिला र पुरुष दुवै)





गाँउलेको नाताले तपाई त्यो समूहमा हुनुहुन्छ जो मानव-हात्ती द्वन्द्वबाट प्रभावित हुनुहुन्छ। प्रत्येक मौसममा तपाईको अन्नवाली हात्तीले नष्ट गरेकोले तपाई दिक्दार हुनु भएको छ। यसले तपाईको दैनिक जीवनलाई नै प्रभावित पारेको छ। तपाई प्रस्ताव गर्न सक्नुहुन्छ, सम्बन्धित वनलाई पर्खालले घेर्न सकिन्छ। यदि क्षति हुन्छ भने तुरून्त क्षतिपुर्ति दिईनुपर्दछ। तथापि यदि कसैले तपाइलाई वैकल्पिक जीविकोपार्जनमा सघाउँछ वा तालिम दिन्छ भने तपाई वैकल्पिक आयश्रोतलाई ग्रहण गर्न तयार हुनुहुन्छ। तपाईका केही बालबच्चा हात्तीले लखेट्ने डरले स्कुल जान मान्दैनन् र कोही स्कुलबाट भाग्दछन्। यदि तपाई द्वन्द्व प्रभावित क्षेत्रमा हुनुहुन्छ भने तपाई वास्तविक समस्याका बुँदाहरू टिपोट गर्नोस् र गाँउ समितिलाई सुनाउनुहोस्।

### पर्यटन विभागका कर्मचारी




तपाईको समूहले पर्यटन विभागका कर्मचारीहरूको प्रतिनिधित्व गर्दछ। तपाईको विभागले गाँउसँग जोडिएको वन क्षेत्रको पहिचान गरिसकेको छ किनकी त्यसलाई हात्ती तथा अन्य वन्यजन्तु हेर्नका लागि आउने पर्यटकहरूका लागि पर्यटन क्षेत्र बनाउन सकिन्छ। विभागले गाँउलेलाई पाले, पथपदर्शक, सन्देशवाहक तथा अन्य आवश्यक जागिरमा लगाउन सक्नेछ। पर्यटन उद्योगबाट प्राप्त ६० प्रतिशत रकम गाँउलेहरूमाझ जानेछ।

## गैह्रसरकारी संस्था

तपाईको समूहले गैह्र सरकारी संस्थाको प्रतिनिधित्व गर्नेछ, जसले गाँउलेलाई वनपाले, पथप्रदर्शक, तथा अन्य रोजगारीका लागि परम्परागत तरिकाको अवलम्बन गर्न तथा नयाँ उपायहरूको खोजी गर्न प्रशिक्षित गर्नेछ । हात्तीले पुऱ्याउने क्षतिबाट अन्नवाली जोगाउन स्थानीयस्तरमा परिवर्तित तरिका अपनाउनु महत्वपूर्ण छ । समूहमा योजनाको कार्यान्वयनका लागि प्रदान गर्न सकिने तालिमको सूची तयार गर्नुहोस् । तपाईले वैकल्पिक आय आर्जनको उपाय पनि सोच्न सक्नुहुनेछ, ताकि समुदायमा ती उपायहरू प्रयोग गर्न सकियोस् ।


## हात्ती सम्बन्धि अन्वेषक/प्रशिक्षक



तपाईको समूह संरक्षक जीव वैज्ञानिक तथा संरक्षक ज्ञाताका प्रतिनिधिबाट बन्नेछ । तपाईको प्राथमिक चासोको विषय वन तथा वन्यजन्तु संरक्षण हो । खोजकर्ताका नाताले तपाईले हात्तीको आवागमन र समय पत्ता लगाउनुपर्दछ । तपाईको जानकारी गाउँलेलाई उपलब्ध गराउन सकिने छ र गाँउमा हात्तीको उपस्थितिबारे गाँउलेलाई सचेत गराउन सकिने छ ताकि आउने परिस्थितिका लागि मानिस तयार भएर बस्नेछन् समूहमा तपाईले गाँउलेलाई सचेतना प्रदान गर्न कार्यक्रम तयार गर्नुहोस् । तपाई पूर्णरूपमा निश्चित बन्नुहोस् कि संरक्षण सम्बन्धि शिक्षाले गाँउलेको व्यक्तिगत अवधारणा र हात्ती सँगको व्यवहारमा परिवर्तन ल्याउनेछ र हात्तीलाई उनीहरू एउटा फाइदाजनक प्राणी, प्रकृतिको एउटा जीव, अमूल्य प्राकृतिक स्रोतको रूपमा लिन सक्नेछन् । समूहले नदि तथा बाँधहरू जोड्नलाई आवश्यक मार्ग खोजी गर्ने प्रयास गर्नुपर्दछ ।




**ग्रामीण समाजशास्त्री**



तपाईको समूह सरकारी प्रतिनिधि सहितको सामाजिक कार्यकर्ताको समूह हो। तपाईको मूख्य कार्य हात्ती प्रभावित क्षेत्रमा गर्नुहुने वा गर्ननहुने कुराहरूको सूची तयार गर्नु हो। (तपाइको सूचीमा यस पुस्तकमा दिइएका उपायहरू पनि समावेश गर्न सक्नुहुनेछ) तपाई मध्ये केही यही गाँउको हुनुहुन्छ त्यसैले विगतका घटना तथा समस्याको वास्तविक चुरो तपाईलाई थाहा छ। स्थानियवासी तथा सरकारी कर्मचारीलाई समन्वय गराएर कार्यक्रमलाई व्यवहारमा उतार्न सक्ने सीप पनि तपाईंमा छ। सहभागितामूलक कार्यक्रमले मानव हात्ती सहअस्तित्त्वको लागि प्रोत्साहित गर्ने छ भन्ने कुरा तपाईको अनुभवले पनि बताएकोछ। जनतालाई सचेत गराउनु तथा व्यवहारमा परिवर्तन गराई समस्या समाधानका लागि अघि बढ्न प्रेरित गर्नु तपाईको मूख्य उद्देश्य हो। तपाई समुदायका सबै तहका मानिससँग कार्य गर्नुहुनेछ र गाउँमा हात्ती मानव सहअस्तित्त्व सम्बन्धमा गर्नु हुने गर्न नहुने कुराहरूको सूची बनाउनु हुनेछ।

**वन तथा निकुञ्ज आरक्ष कार्यालयमा कर्मचारी**




तपाई वन कर्मचारीको समूह हुनुहुन्छ जो ग्रामीण क्षेत्रमा हात्ती–मानव द्वन्द्वलाई निराकरण गर्न सहयोग गर्न तयार हुनुहुन्छ। तपाई विद्युतीय तारबारहरू तयार गरेर, पानीका कूलोहरू निर्माण गरेर, हात्तीलाई पानीको निम्ति गाँउ पस्न नपरोस भन्नाका लागि जंगलमा नियमित पानीको आपूर्तिको व्यवस्था मिलाएर गाँउलाई सहयोग गर्न तयार हुनुहुन्छ।

तपाईले गाँउलेलाई जीवन निर्वाहका लागि वनसम्पदाको अधिकतम सदुपयोग गराउन प्रशिक्षित गर्न सक्नुहुनेछ। गाँउलेको सहयोगमा वन विभागले वृक्षारोपण कार्य पनि गर्न सक्छ। हात्तीले गरेको विनासका लागि क्षतिपूर्ति उपलब्ध गराउनुमात्र समस्याको समाधान होइन, तपाई यस कुरामा प्रष्ट हुनु जरूरी छ। वैकल्पिक रूपमा मानव हात्ती सहअस्तित्त्वका लागि प्राप्त सो रकमलाई विभिन्न परियोजनामा खर्च गर्न सकिन्छ, जसले आम्दानी बढाउन सक्दछ र त्यसको केही प्रतिशत क्षतिपूर्तिका लागि खर्च गर्न सकिन्छ। तपाईको विभागबाट हुने यस्तो सहयोगले गाँउ समितिलाई आवश्यक योजना तर्जुमा गर्न र गाँउमा रहेको द्वन्द्वको समस्यासँग सामना गर्न सहयोग मिल्नेछ।

**एकपटक समूहहरू तयार भइसकेपछि प्रत्येक समूहलाई आ-आफ्नो विषय गाँउ समिति समक्ष सुनाउन भन्नुहोस् । प्रत्येक समूहले जतिसक्दो अध्ययनशिल बन्न महत्वपूर्ण रहेको कुरा बताउनुहोस् । जब सबै प्रस्तुतीहरू सकिन्छन्, गाँउ समितिले सबै बुँदालाई सामूहिकरूपमा अघि सार्नेछ र मानव-हात्ती द्वन्द्व समाधानको योजनाका बारेमा जानकारी गराउनेछ । क्रियाकलाप सकिएपछि कुनै एक सहभागीलाई पत्रकारको भूमिका निर्वाह गर्न लगाउनुहोस र अभिनय तथा घोषित योजनाका बारेमा अर्न्तवार्ता लिन लगाउनुहोस् ।**

**१) के गाँउसमितिको योजना व्यावहारिक र राम्रो छ ?**


**२) तपाईलाई लाग्दछ कि यो योजनाले दीर्घकालिन रूपमा मानव-हात्ती द्वन्द्व समस्यालाई समाधान गर्छ ?**

**३) के सबै क्षेत्रको सहभागिता समान छ ?**


फोटो साभारः बर्दिया राष्ट्रिय निकुञ्ज

# भाग ५

# प्रजाती समस्या पहिचान तथा समाधान



प्रजाती समस्या पहिचान तथा समाधान

स्रोतको सुरक्षा तथा हात्तीको संरक्षण

नेपालको हात्ती–मानव द्वन्द्व प्रभावित क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धि छलफल

प्रशिक्षण कार्यक्रम तयारीका लागि आवश्यक केही सुझावहरु

इलिकिट (Ele-Kit) प्याकेटको प्रयोग कसरी गर्ने

# क) प्रजाती समस्या पहिचान तथा समाधान

**यो एकाईको यो खण्डमा उपलब्ध सामग्रीले सहभागीलाई नेपालको सन्दर्भमा हात्ती संरक्षणमा देखापरेका मूख्य समस्याहरूको पहिचान गर्न मार्गनिर्देश गर्नेछ। सहभागीलाई हात्तीका विविध चुनौतीहरू जस्तै बासस्थानको विनास, चोरीशिकार, मानव हात्ती द्वन्द्व आदिको अवस्था तथा हात्तीको संख्यामा आएको कमी सम्बन्धमा जानकारी प्राप्त गर्न प्रोत्साहित गर्नेछ।**

## प्रजाती समस्या बारेको बुझाई

### हात्ती संरक्षण मापन तथा व्यवस्थापन योजना (C.A.M.P) गोष्ठी

यो खण्डमा सहभागीहरू हात्ती सम्बन्धि विशेषज्ञ, प्रबन्धक, जीव वैज्ञानिक, वन्यजन्तु प्रबन्धक, संरक्षण जीव वैज्ञानिक, शैक्षिक संस्थाका प्रतिनिधि बन्नेछन्। सहभागीलाई बताउनुहोस् कि यो संरक्षण मापन तथा व्यवस्थापन योजना (C.A.M.P) आइ.यु.सि.एन. को संरक्षण तथा पालन विशेषज्ञको समूहद्धारा विकसित गरिएको हो। यो बताउनुहोस् कि ती विशेषज्ञहरूको समूह हात्ती र हात्तीसँग सम्बन्धित सवालमा ताजा जानकारी उपलब्ध गराउन, चुनौतीका विविध रूपको बारेमा आइ.यु.सि.एन. को रातो सूचीलाई निश्चित गर्न, व्यापक व्यवस्थापन सुझावहरू तय गर्न तथा उपलब्धीमूलक व्यवस्थापन तथा पुर्नस्थापनाका कार्यक्रमहरू तय गर्नका लागि हो। राष्ट्रिय रूपमा हात्तीको संरक्षण र व्यवस्थापन गर्न हात्ती संरक्षण कार्य योजना पनि तयार गरी लागु गरिएको छ।

### संरक्षण मापन तथा व्यवस्थापन योजेजना (C.A.M.P) प्रक्रियाको परिचय

संरक्षण मापन तथा व्यवस्थापन योजना कार्यशाला गोष्ठीमा सहभागीहरू राष्ट्रको प्रतिनिधि (जस्तै भारत, श्रीलंका, सुमात्रा, नेपाल र बंगलादेश) वा तिनीहरूको विशेष शैक्षिक विशेषता वा देश अनुसारको क्षेत्रीय वितरण (जस्तै सुदुरपश्चि क्षेत्र, मध्य-पश्चिम क्षेत्र, पश्चिम क्षेत्र, मध्य क्षेत्र र पूर्वी क्षेत्र) का आधारमा विभिन्न समूहमा बाँडिने छन्। समूहले भर्नका लागि वर्गीकृत तथ्याङ्क फारम (Taxon Data Sheet) प्राप्त गर्नेछन्। आफ्नो ज्ञानका अतिरिक्त प्रत्येक समूहले सो टी.डि.एस. फारम भर्न आवश्यक परेमा अन्य भरपर्दो स्रोतको प्रयोग गर्न सक्नेछन्। यो तथ्याङ्कले विभिन्न प्रजातिहरूको संख्या र वासस्थानसँग सम्बन्धि संकलित तथ्याङ्कको संरक्षकको रूपमा काम गर्नेछ।

आइ.यू.सि.एन. को मापदण्डलाई आधार मानेर टि.डि.एस.को जानकारीलाई प्रयोग गर्दै आइ.यू.सि.एन. को स्थिति अनुमान गरिन्छ। सो तथ्याङ्कले कुनै एक प्रजातिको स्थिति पत्ता लगाउन प्रयोग गरिएका मान्यताहरूको लागि प्रस्तुत गरिएको सुझावहरूको यथार्थ कारणबारेमा जानकारी पनि उपलब्ध गराउँदछ। सो तथ्याङ्कबाट वास्तविक स्थितिको पहिचान गरिसकेपछि तथा अन्य जानकारीको सो को प्रयोग गरिसकेपछि सहभागीको अनुभवका आधारमा विशेष सवालमा कार्यसमूहले सुझावहरू तयार गर्नेछ र त्यसलाई एक ठाँउमा राखिनेछ। हात्तीको संरक्षणका लागि के कस्ता कार्यहरू आवश्यक छन् भन्ने बारेको प्रतिवेदन तयार गरिन्छ।

संरक्षण मापन र व्यवस्थापन योजना (C.A.M.P.) प्रकियाको व्याख्या गरिसकेपछि सहभागीलाई एसियाली हात्ती इफास म्याक्सिमस (Elephas maximus) को बारेको तथ्याङ्क (अनुसूची) हेर्न १० मिनेटको समय दिनुहोस् । कसरी प्रजातिहरूको स्थितिलाई अनुमान गर्ने भनी सहभागीलाई प्रष्ट पार्न छलफल गराउनुहोस् ।


## छलफलका लागि

के हात्तीहरू समस्यामा छन् त ? तथ्याङ्कले हामीलाई के जानकारी दिनसक्छ ? (तथ्याङ्क पक्षको देव्रेतिरको लहरमा रहेको बासस्थानको स्थिति पछिको तथ्याङ्क हेर्नुहोस्) । यदि बासस्थानको क्षेत्र घट्दै गएको छ र अझै बढ्ने आशंका छ भने यो नै समस्याको संकेत हो । ती प्रजातिहरूको आवास क्षेत्र लोप हुँदै जानु नै समस्या हो । आवाद वनक्षेत्रको वृद्धिको अर्थ के हो ? यो बढिरहेको छ त्यसैले यो राम्रो लक्षण हो त ? (होइन, टीक वा सल्लो जस्ता एकै प्रकृतिका रूखहरू भएको आवाद क्षेत्रको अर्थ हात्तीले प्रसस्त मात्रामा उसको आहारा प्राप्त गर्न नसक्ने अवस्था हो ।

चुनौतिका सम्बन्धमा के उल्लेख छ ? अध्ययन गर्नुहोस् र समूहमा ति चुनौतीहरू गम्भिर छन्, छन् भने किन समूहमा छलफल गर्नुहोस् ।
संख्या वृद्धि वा कमी र त्यसको प्रकृति कस्तो छ ? ५० प्रतिशत भन्दा बढी दरमा संख्या घट्नु के राम्रो कुरा हो त ? यो एउटा अर्को छलफलको विषय हो ।

यी माथिका सम्पूर्ण कुरामा छलफल गरिसकेपछि एसीयाली हात्तीको वर्तमान अवस्थाको औचित्यको बारेमा अध्ययन गर्नुहोस् । अब तपाईले बुझ्नुपर्दछ कि कसरी संरक्षण जीव वैज्ञानिकहरूले यो कुराहरूको तथ्याङ्क प्राप्त गरेका छन् । यद्यपी यो उच्चस्तरीय विषय हो, यी प्रजातीहरूको लोपोन्मुख अवस्थाको बारेमा सुझबुझले पनि धेरै कुरा पत्ता लाग्न सक्दछ ।

यो कार्यशाला पछाडि तपाई के गर्नुहुन्छ ? सुझावहरूलाई अध्ययन गर्नुहोस् र तपाईले व्यक्तिगत रूपमा वा समूहमा के गर्न सक्नुहुन्छ पत्ता लगाउनुहोस् ।



## ख) स्रोतको सुरक्षा तथा हात्तीको संरक्षण

सामान्यता: केही समययता एसियाली हात्तीको संख्या दिनपरदिन घटिरहेको छ। तथापि नेपालको पश्चिम तराईका बाँके, बर्दिया क्षेत्रमा हालका वर्षहरूमा हात्ती संरक्षणका लागि गरिएको प्रयत्नका कारण हात्तीको संख्या बढेको छ। विगत १०० वर्षमा संसारभर र नेपालमा पनि हात्तीको संख्या घट्नुको एउटा मूख्यकारण जनसंख्या वृद्धि, बढ्दो मानवीय आवश्यकता तथा हात्ती र मानव बीचमा स्रोतको प्रयोगका लागि भएको प्रतिष्पर्धा हो।

तल उल्लेख गरिएको क्रियाकलाप जनसंख्या तथा लोपोन्मुख प्रजातिको वीचको सम्बन्धलाई नाटकीय रूपमा प्रस्तुत गर्ने गरी तयार गरिएको छ। यो खेलको मूख्य वस्तु व्यक्तिहरूका लागि हात्तीको प्रतिनिधित्व गराउनु हो जसले हात्तीलाई समस्याका रूपमा हेर्नबाट रोक्दछ र लोप हुनबाट बचाउँदछ।

सहभागीहरूलाई बताउनुहोस् कि जंगली जनवारलाई चाहिने मूख्य ३ वटा स्रोतहरू छन्, खाना, पानी र आवास, जुन बाँच्नका लागि आवश्यक छन्। हात्ती तथा अन्य वन्यजन्तुलाई संरक्षण गर्न यी मूख्य ३ स्रोतलाई जोगाउनु पर्दछ। पारिस्थितिक प्रणाली तथा मानिसका इच्छाहरूमा आधारित रहेर प्रत्येक वन्यजन्तुका प्रजातिलाई अन्य किसिमको संरक्षण पनि आवश्यक पर्न सक्दछ। जस्तैः एसियाली भाले हात्ती जसलाई दाह्राका लागि मारिन्छ, तिनीहरूलाई शिकारबाट जोगाउनुपर्दछ।

## खेलका लागि निर्देशन

सहभागीहरूलाई बराबर आकारका चारवटा समूहमा विभाजन गर्नुहोस्। प्रत्येक सहभागीलाई १/१ वटा खाली कागजका पानाहरू दिनुहोस्। प्रत्येकलाई जीवनका महत्वपूर्ण तत्वहरू खाना, पानी र आवास झल्काउने विज्ञापन तयार गर्न लगाउनुहोस्। पहिलो समूहलाई शिर्षकमा 'खाना' लेख्न लगाउनुहोस्, दोस्रोलाई 'पानी' र तेस्रोलाई 'आवास'। अन्तिम समूहले सो खाली पानाको माथि 'हात्तीको दाह्रा' लेख्नुपर्नेछ। सो कार्ड तयार गर्न सहभागीलाई समय उपलब्ध गराउनुहोस्।

प्रत्येकले आ–आफ्नो कार्य गरिसकेपछि सबै समूहलाई एकै ठाँउमा बोलाउनुहोस्। ती कागजका पानाहरूलाई भेला पार्नुहोस् र भूँईमा छरेर राख्नुहोस्। सहभागीहरूलाई पुनः ५ वटा बराबर आकारका समूहमा विभाजन गर्नुहोस्। समूह १ देखि ४ ले एसियाको मानव जनसंख्यालाई प्रतिनिधित्व गर्नेछ र समूह ५ ले नेपाल, भारत, बंगलादेश, नेपाल, श्रीलंका, सुमात्रा आदिका हात्तीको संख्याको प्रतिनिधित्व गर्नेछ। प्रत्येक समूहले लाखौं मानिसको प्रतिनिधित्व गर्नेछ। सम्पूर्ण हात्तीलाई हात्तीको मुखुण्डो लगाउन लगाउनुहोस्।

एसियाली हात्ती समूहलाई अगाडि आउन भन्नुहोस्। उनीहरूको भूमिका खेलमा के हुने बताउनुहोस्। प्रत्येक हात्तीले १/१ वटा खानाको कार्ड, पानीको र आवासको कार्ड टिप्नुपर्नेछ। ती तिनवटा स्रोतका अतिरिक्त हात्तीको समूहका सहभागीले एउटा 'हात्तीको दाह्रा' लेखिएको कार्ड टिप्नुपर्नेछ। ती कार्डहरू टिप्ने क्रममा हात्ती बन्नेले एउटा स्रोतबाट अर्को स्रोतमा जानुपर्नेछ। कार्ड टिपेको अवस्थामा तिनीहरूले त्यसमा लेखिएको स्रोत प्राप्त गरेका हुनेछन्। प्रत्येक हात्तीले अन्तिम पटक टिपेको कार्डमा उल्लेखित स्रोतको स्थानमा उभिनुपर्नेछ।

सहभागीलाई बताउनुहोस् कि प्रत्येक पटक उनीहरलाई आवश्यक पर्ने स्रोत नै प्राप्त हुन्छ भन्ने छैन । ३ वटा महत्वपूर्ण स्रोत मध्ये कुनै पनि प्राप्त गर्न नसकेमा चार्टमा चिन्ह लगाउँदै जाने । पहिलो पटक स्रोत प्राप्त नगरेको अवस्थामा तिनीहरू चुनौतीको सामना गरिरहेका छन् भन्ने बुझिन्छ । दोस्रो पटक पनि प्राप्त गर्न नसकेमा उनहिरू खतराको अवस्थामा रहेको मानिन्छ र तेस्रो पटक पनि स्रोत प्राप्त गर्न नसकेमा तिनीहरू लोप भएर गए भन्ने बुझिन्छ ।

**यो खेल चार चरणमा खेलिन्छ ।**

**पहिलो चरण**: सहभागीलाई बताउनुहोस् तपाई सन् १९२५ मा खेल सुरू गर्दै हनुहुन्छ । मानिस र हात्तीको समूहको प्रतिनिधित्व गर्ने पहिलो समूहका सदस्यलाई अगाडि बोलाउनुहोस् । प्रत्येक सहभागीले मूख्य स्रोतहरू खाना, पानी तथा आवास लेखिएको कार्ड छान्नु पर्नेछ र सो माथि उभिनुपर्नेछ र कुन स्रोत हो भन्नुपर्नेछ । समूहमा सोध्नोस् किन मानव जातिकै प्रतिनिधित्व गर्ने आजका मानिसहरू एउटा जनवारलाई आवश्यक पर्ने स्रोतमा उभिएका छन् ? सहभागीलाई बताउनुहोस् कि यी तिनवटा स्रोतका लागि मानिस जनवारसँग प्रतिष्पर्धा गर्दैछन् । खाना, पानी र आवासका लागि प्रत्यक्ष रूपमा वा वासस्थानको विनास गरेर अप्रत्यक्ष रूपमा मानिसले प्रतिस्पर्धा गर्दछ । त्यति मात्र होइन मानिसले हात्तीको दाह्रा र छालाका लागि पनि हात्तीसँग प्रतिस्पर्धा गरिरहेकोछ । समुह नं.२ देखि ४ ले अर्को चरणमा समय अनुसार जनसंख्या बृद्धिको अवस्थाको प्रतिनिधित्व गर्दै खेलममा प्रवेश गर्ने कुरा पनि सहभागीलाई बताउनुहोस् ।

यो चरणमा समूह नं १ ले विभिन्न स्रोत उल्लेखित कार्डहरू टिप्नुपर्नेछ । हात्तीको प्रतिनिधित्व गर्ने सदस्यलाई ३ वटा स्रोत कार्ड टिप्न लगाउने । हात्तीको प्रतिनिधित्व गर्नेका लागि ४ वटा कार्डहरू आवश्यक हुन्छन् । ३ वटा मूख्य स्रोतहरू र एउटा हात्तीको दाह्रा र छाला लेखिएका कार्डहरू । तिनीहरूले प्राप्त गरेको अन्तिम स्रोतमा स्थिर रहन सहभागीलाई भन्ने । यस चरणमा प्रत्येक सहभागीले उनीहरूलाई आवश्यक पर्ने स्रोत प्राप्त गर्न सक्षम हुनुपर्ने छ । एकपटक टिपिसकेको कार्डलाई पुनः भुँईमा नै छरपष्ट पारेर राख्न लगाउने ।

**दोश्रो चरण**: समुहलाई बताउनुहोस् कि अहिले सन् १९५० हो । एसियाको जनसख्या करोडौंको सख्यामा बढेको छ । दोस्रो समूहका सहभागीलाई खेलमा प्रवेश गराउनुहोस् र बढ्दो जनसंख्याको प्रतिनिधित्त्व गराउनुहोस् । तिनहिरूलाई पनि अघि जस्तै स्रोत कार्डहरू टिप्न लगाउनुहोस् । प्रत्येकले आवश्यक स्रोत प्राप्त गर्न सके वा सकेनन् सोध्नोस् । यदि ३ वटै स्रोत प्राप्त गर्न नसकेमा त्यो चुनौतिपूर्ण अवस्थाको संकेत हो । यदि यस्तो भएमा कालोपाटीमा "X" चिन्ह दिन लगाउनुहोस् र हात्तीको नामसँगैको कोठामा 'चुनौतीपूर्ण' भनी लेख्न लगाउनुहोस् । सबै सहभागीलाई कार्डहरू पहिलेकै जस्तो गरी भुँईमा राख्न लगाउनुहोस् ।

**तेस्रो चरण**: अब तपाई तेस्रो चरणका लागि तयार हनुहुन्छ । तपाईका सहभागीलाई बताउनुहोस् कि अहिले सन् १९७५ हो । समूह–३ लाई (जसले उच्च जनसंख्या बृद्धिदरलाई प्रतिनिधित्व गर्दछ) खेलमा अघि बढाउनुहोस् । एकपटक सबे सहभागीले स्रोत कार्ड प्राप्त गरिसकेका हुनेछन् । फेरि जनवारको प्रतिनिधित्व गर्ने सहभागीलाई

स्रोत कार्ड टिप्न लगाउने। यो चरणमा बढी जनवारहर चुनौतिपूर्ण अवस्थामा रहेको पाईनेछ। यदि तिनीहरूले आफूलाई आवश्यक पर्ने स्रोतहरू प्राप्त गर्न सकेनन् भने सो अवस्थाबाट लोपोन्मुख अवस्थामा पुगेको देखिनेछ। सो अवस्थामा चार्टको कोठामा “X” चिन्ह दिन लगाउनुहोस्। पुन : कार्डहरू भुँईमा राख्न लगाउनुहोस्।

**चौथो चरण:** सहभागीलाई बताउनुहोस् कि यो सन् २०१० को वर्ष हो। समूह ४ (जसले उच्चतम जनसंख्या बृद्धिको प्रतिनिधित्व गर्दछ) लाई खेलमा सामेल उराउनुहोस्। सहभागीलाई अघिल्ला चरणहरूमा जस्तै स्रोत कार्डहरू टिप्न लगाउनुहोस्। स्रोत प्राप्त गर्न नसक्ने हात्तीका लागि खाली कोठामा “X” चिन्ह दिन लगाउनुहोस्। यदि कुनै हात्तीको नाममा तिनवटै स्रोत प्राप्त गर्न नसकेको देखिएमा सो लोप भएको मानिनेछ।

**निष्कर्ष:** चार्टतर्फ सहभागीको ध्यानाकर्षण गराउनुहोस्। प्रत्येक चरणमा हात्तीको सख्यात्मक अवस्थालाई देखाउनुहोस्। समूहमा सोध्नोस् खेल कुन अर्थमा वास्तविक वा अवास्तविक बन्यो। सहभागी मध्येको पाको एक व्यक्तिलाई सोध्नोस्, वहाँले आफ्नो बाल्यकालमा देखेको हात्ती, अन्य जनवार वा कुनै प्राकृतिक स्थलको बारेमा सम्झना छ, जुन आज देख्न पाईंदेन। समूहमा छलफल गराउनुहोस् के जनसंख्या बृद्धि वा मानिसको प्रत्यक्ष प्रतिष्पर्धा नै लोप हुनुको मूख्य कारण थियो त ? सहभागीलाई एसियाली हात्तीलाई मानिसका कार णबाट परेका मूख्य असरबारे टिपोट गर्न लगाउनुहोस्। निश्चिन्त बन्नोस्, निम्न कुराहरू उल्लेख गरि नेछन् (वासस्थानको विनास, हात्तीको दाह्रा र छालाको शिकार, वासस्थानका विनासका कारणबाट आवश्यक आहारा प्रदान गर्ने बोटविरूवाको विनास। समूहमा सोध्नोस्, यो स्रोत पत्ता लगाउने चरणबद्ध खेलमा यदि मानिसले दाह्राका लागि हात्ती नमारेको भए के कस्तो असर देखिन्थ्यो होला भन्ने सहभागीलाई लागेकोछ।

तालिका:

| हात्तीको संख्या | लोपोन्मुख | संवेदनशील लोपोन्मुख | लोप भईसकेको |
|---|---|---|---|
| भारत | | | |
| नेपाल | | | |
| भुटान | | | |
| बंगलादेश | | | |
| श्रीलंका | | | |


## ग) नेपालको हात्ती–मानव द्वन्द्व प्रभावित क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धि छलफल

सहभागीहरूलाई विभिन्न समूहमा बाँड्नुहोस् । प्रत्येक समूहलाई निम्न सूचि उपलब्ध गराउनुहोस् वा पोष्टरको आकारमा लेखेर सबैले सजिलै देख्ने स्थानमा राख्नुहोस् ।

समूहलाई बताउनुहोस् कि मानव–हात्ती द्वन्द्व–क्षेत्रको संरक्षण गर्न वा व्यवस्थित गर्न दिइएका ९ वटा कार्यहरू मध्ये कुन बढी महत्वपूर्ण कार्य हो जस्तो लाग्दछ । प्रत्येक समूहसँग १०० अंक हुनेछ र सकेसम्म उपयुक्त हुने गरी नौवटा कार्यहरूमा ती बुँदाहरूलाई सूचिबद्ध गर्नुहोस् । सहभागीको स्तर तथा समय उपयुक्त हुने गरी ती बुँदाहरूबाट केही महत्वपुर्ण बुँदाहरू छनौट गर्न सकिन्छ र ९ वटा बूँदामा सूचिबद्ध गर्नपर्नेछ । यो बताउनु जरूरी छ कि कुनै एउटा समूहले सम्पूर्ण ९ वटा कार्यहरू महत्त्वपूर्ण छन् भन्ने निष्कर्षमा पुग्नुपर्नेछ । त्यसर्थ प्रत्येकमा बराबर बुँदाहरू समावेश गर्नुपर्दछ । यसो नगरेर समूहले कुनै ३ वटा बुँदालाई बढी महत्वपूर्ण कार्यको रूपमा लिएमा १०० अंकमध्ये ६० अंकहरू ती तिनवटा बुँदामा सूचिबद्ध गर्नुपर्नेछ । नेपालमा हात्ती–मानव द्वन्द्वको विद्यमान जानकारीसँग तालमेल गर्ने गरी तथा प्राथमिकताका आधारमा विवेकपूर्ण निर्णय गर्न सक्ने गराउनु नै यसको मूख्य लक्ष्य हो भन्ने कुरामा जोड दिनुहोस् । यस्ता प्रकारका निर्णयहरूले हात्ती–मानव क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि कसरी कार्यहरूलाई प्राथमिकिकरण गर्ने भन्ने नमुना प्रस्तुत गर्दछन् ।

सबै बुँदाहरूलाई लिएर समूहबाट नेपालमा मानिस हात्ती द्वन्द्वको समस्या सम्बोधन हुने गरी राज्यस्तरीय निर्णय तयार गर्नुहोस् । प्रत्येक समूहले कसरी ती बुँदाहरू सम्बन्धित शिर्षकमा परे भन्ने कुरा व्याख्या गर्दै सहभागीहरू माझ प्रस्तुत गर्नुपर्नेछ । कक्षाको प्रस्तुतीलाई कालोपाटीमा देखाउनुहोस् । अन्तिम प्रस्तुती सकिएपछि प्रत्येक कियाकलापमा रहेका अंकहरू पहिल्याउनुहोस् । समूहमा जम्मा अंकहरू पत्ता लगाउन लगाउनुहोस् र त्यो नतिजाले मानव–हात्ती द्वन्द्वको अवस्थालाई सही प्राथमिकतामा राख्छ वा राख्दैन सहभागीको धारणा बुझ्नुहोस् ।
यो जान्न आवश्यक छ कि कुनै एउटा क्षेत्रको लागि अति महत्वपूर्ण मानिएको कुनै कार्य अर्को क्षेत्रका लागि कम महत्वपूर्ण हुन सक्दछ । यदि कुनै क्रियाकलापले प्राथमिकतामा अंक प्राप्त गर्न सकेनन् भने के तिनीहरूलाई सूचिबाट हटाउन सकिन्छ त ? सहभागीलाई सोध्नोस् ।

मानव–हात्ती द्वन्द्व न्यूनिकरण गर्न कार्यशालाले दिएका सुझावहरू निम्नानुसार छन् । यी सुझावहरूले मानव–हात्ती द्वन्द्व क्षेत्रको सुरक्षा र व्यवस्थापनका लागि उपायहरू बताएको छ ।



## द्वन्द्वप्रभावित क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि प्राप्त सुझावहरु निम्नानुसार छन् ।

### (१) हात्तीको वासस्थानको सुधार

- पानीको आपूर्तिलाई वर्षेनी सुधार गर्ने, इनारलाई सुरक्षित र गहिरो पार्ने, पानी संरक्षणका लागि सुरक्षित बाँधहरू तयार गर्ने ।
- वनजंगलबाट प्राप्त आहाराको आपूर्तिमा सुधार गर्ने, वनक्षेत्रको विस्तार गर्ने, वनविनासलाई नियन्त्रण गर्ने र हात्तीको वासस्थानलाई विकास गर्न एकिकृत योजना तयार गर्ने ।
- प्राकृतिक सम्पदाको पुनर्स्थापनाका लागि प्रोत्साहित गर्नै ।

### (२) अन्नपात विनास कार्यको रोकथाम तथा न्यूनिकरण

- अवरोधहरू खडा गर्ने जस्तैः विधुतीय तारबार स्थापना गर्ने, कूलो खन्ने तथा अन्य सुरक्षाका उपयुक्त उपायहरू अपनाउने ।
- सुरक्षा प्रणाली स्थापना गर्ने जस्तै : हात्ती–मानव द्वन्द्व सुरक्षा इकाई ।
- मानव–हात्ती द्वन्द्व क्षेत्रमा कृषि प्रणालीलाई परिवर्तन गर्ने, हात्तीले उपभोग नगर्ने खालका अन्नपात लगाउने, बाली पूर्णरूपमा पाक्नु अगावै थन्क्याउने (जस्तैः आँप)
- नदि वा बाँधमा हात्तीमार्ग तयार गर्ने, हात्तीको संभावित बाटोलाई अवरोध नपुगोस् भन्नका लागि संकेत गर्ने ।
- हात्तीले पुऱ्याएको क्षतिका लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्ने ।

### (३) समुदायमा जनचेतना फैलाउने

- वनजंगलको प्रयोगको असर बारेमा गाँउलेमा जनचेतना फैलाउने, हात्ती मानव द्वन्द्व समाधानका लागि सकारात्मक सोच र धारणाको विकास गर्ने ।
- समुदायस्तरीय संरक्षण विकास र योजना समूहहरू निर्माण गर्ने ।
- एकिकृत संरक्षण क्षेत्र (PA) व्यवस्थापन प्रणाली विकसित गर्ने, गाँउस्तरीय पुरावलोकन समिति गठन गर्ने । सरकारी कर्मचारी र गाउलेको नियमित भेटघाटको व्यवस्था निश्चित गर्ने ।
- हात्तीको बानीव्यहोरा र हात्तीबाट जोगिन उपायहरूको बारेमा समुदायमा नियमित कार्यक्रमहरू गर्ने ।

### (४) कानूनी प्राधानमा सुधार गर्ने

- सुरक्षा अवस्थामा सुधार गर्ने, वनमा जाने र बाहिर निस्कने स्थानमा चेक पोष्टहरू बढाउने, सुरक्षा प्रणली सुधार गर्ने कानूनी प्रावधान सम्बन्धि बृहद् तालिम उपलब्ध गराउने ।
- रेञ्जरको सुविधामा सुधार गर्ने, तलब बृद्धि गर्ने, घुमफिरको समयमा खानाको व्यवस्था गर्ने, कार्यक्षेत्रमा आवश्यक उपकरणको व्यवस्था मिलाउने ।

### (५) वनसम्पदाको दीगो प्रयोगलाई व्यवस्थित गर्ने

- वनसम्पदाको प्रयोगमा उपयुक्त प्रणाली व्यवस्थित गर्ने, वनसम्पदाको प्रयोग सम्बन्धि नीतिनियमहरूलाई सामूहिक रूपमा लागु गर्ने । दीगो प्रयोगका क्षेत्रहरू पहिचान गर्ने ।
- गाँउद्वारा विकासका कार्यहरूको योजना बनाउने, वैकल्पिक पेशा व्यवसायका लागि तालिमको आयोजना गर्ने, वातावरणीय पर्यटनको विकास गर्ने जस्तै : हात्ती हेर्नका लागि टावर निर्माण गर्ने, घुमफिरको व्यवस्था, वज्यजन्तु फोटोग्राफी आदि ।
- वनबाट उत्पादन हुने वस्तुहरू स्थानीय स्तरमा नै उत्पादन गर्न तालिम दिने, सो उत्पादन गैह्र स्थानीय व्यक्तिहरू समक्ष पुर्‍याउन, बिक्रीवितरण गर्न सहकारीको स्थापना गर्ने ।
- हात्तीको वासस्थान बाहिर मात्र बालीनाली लगाउने ।

### (६) घरपालुवा पशु व्यवस्थापन

- घरपालुवा जनावरको कारण वनजंगलमा परेको नकारात्मक असर घटाउने, घरपालुवा जनवारका लागि चरन क्षेत्र छुट्याउने, हात्तीको वासस्थान क्षेत्रमा चरनको प्रयोग गर्न आवश्यक नियमहरू बनाउने ।
- पशुपालनको वैकल्पिक तरिकाको खोजी गर्ने, घरपालुवा जनवारलाई खुवाउने आहाराको पहिचान गर्ने गुणस्तर र स्वास्थ्य स्थितिमा सुधार ल्याउने, रोगलाई नियन्त्रण गर्न कडा तरिकाहरूको प्रयोग गर्ने ।
- पशुहरूलार्य व्यवस्थित गर्नको निम्ति, गाउँलेहरू मिलेर समिति गठन गर्ने र सम्पूर्ण सरोकारवालाहरूसँग खुल्ला बहसको सहजिकरण गर्ने ।

### (७) अनुसन्धान/अनुगमन/वनसम्पदाको अनुसन्धान र प्रयोग


- मानव–हात्ती द्वन्द्वको वर्तमान अवस्थाको अध्ययन गर्ने ।
- वनसम्पाको प्रयोग सम्बन्धि अध्ययन गर्ने ।
- वनसम्पदाको प्रयोगको प्रभावबारे अध्ययन गर्ने ।
- वासस्थानको विनास र जंगली हात्तीमा यसको प्रभावबारे अध्ययन गर्ने ।

### (८) संरक्षित क्षेत्र (PA) व्यवस्थापनलाई सुधार गर्ने

- संरक्षित क्षेत्र सीमाबारे प्रष्ट पार्ने, सो सीमालाई स्वीकार गर्न सरोकारवालाहरूबाटै समिति तयार गर्ने र सो सीमाको रेखाङ्कन गर्ने ।
- नियमित रूपमा समुदायले प्रयोग गरिरहेको क्षेत्र निश्चित गर्ने, क्षेत्र निर्धारणका लागि सामुदायिक समिति गठन गर्ने, वनसम्पदा तथा उत्पादनको संकलनका लागि सहमति गर्ने, चित्रांकन गर्ने, र संकेत दिने । वनसम्पदाको प्रयोगको अनुगमन संयन्त्र तयार गर्ने, प्रभाव समेत संलग्न गरी वनसम्पदाको तथ्याङ्क तयार गर्ने ।
- स्थानीय मानिसलाई वन क्षेत्रबाट टाढा राख्नुपरेमा जमीन उपलब्ध गराउने ।
- संरक्षित क्षेत्रका कर्मचारीलाई व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था गर्ने ।

**(९) समन्वय/सम्बन्ध विस्तार**

- जनसम्पर्क संचार प्रणालीको विकास गर्ने, समुदायको ज्ञान र सुझबुझलाई अभिवृद्धि गर्ने, सम्पूर्ण प्रशासनिक स्तर(राज्य, जिल्ला, गाउपालिका/नगरपालिका, वडा)मा जानकारी उपलब्ध गराउने, जानकारी उपलब्ध गराउन संचार माध्यमहरू जस्तै रेडियो, पत्रपत्रिकाको प्रयोग गर्ने । स्थानीय समुदायबीच सम्पर्क विस्तार गर्ने ।
- समुदायको सहभागिताको आवश्यकतालाई सम्बोधन गर्ने ।



## घ) प्रशिक्षण कार्यक्रमको तयारीका लागि आवश्यक केही सुझावहरु

'हात्तीसँगको सहयात्रा' सम्बन्धमा प्रशिक्षक सीप विकास तालिम कार्यक्रम सम्पन्न भएपछि तपाई आफ्नो क्षेत्रमा प्रशिक्षण दिन कार्यक्रम तयार गर्न सक्नुहुनेछ । तपाईंले तालिममा सिक्नु भएका कुराहरूलाई समेट्दै तथा हात्तीको अभिनयका लागि चाहिने सामग्री (स्टिकर, मुखुण्डो, कार्ड, राखी, ब्रोसर, हात्ती–पुस्तिका)को

पोका (ELE-KITs) को प्रयोग गरेर तपाईंले आधा दिनको, १ दिनको वा ३ दिन सम्मको शैक्षिक योजना तयार गर्न सक्नुहुनेछ जुन हात्ती प्रभावित समुदायका कुनै समूहमा वा विद्यालयमा विद्यार्थीहरूलाई प्रशिक्षण दिन प्रयोग गर्न सकिन्छ ।

ती प्याकेटका सामग्रीहरू सामान्यरूपमा उपहारको रूपमा दिएमा बढी प्रभावकारी हुनेछ । यसलाई वयवस्थित शैक्षिक कार्यक्रमको अंगको रूपमा प्रयोग गरिनुपर्दछ । यसको प्रयोगबाट नाटक, वादविवाद, खेल, तथा अन्य विविध गतिविधिहरू प्रभावकारी रूपमा संचालन गर्न सकिन्छ जुन तपाईंले तालिमको अवधिमा सिक्नुभएको छ ।

यदि प्रशिक्षक सहजीकरणका अनुभवप्राप्त व्यक्ति भएमा अन्य सहयोगीहरू लिएर पूर्णकालिन कार्यक्रम राम्ररी संचालन गर्न सकिन्छ । एउटा सिङ्गो कार्यक्रमभित्र पनि धेरै कुराहरू गर्नुपर्ने हुन्छ ।

प्राप्त जानकारीहरूलाई प्रस्तुतीकरणको तयारी गर्न, उद्घोषण गर्न, सामग्रीका आधारमा संभावित क्रियाकलापको संयोजन गर्न तपाईंलाई स्वयंसेवक आवश्यक हुनसक्दछ । सम्पूर्ण क्रियाकलाप अधिकतम मनोरञ्जन, रोमाञ्चकता तथा बौद्धिक खुराक समेत प्रस्तुत गर्ने खालको हुनुपर्दछ ।

## ङ) हात्तीको अभिनयका लागि चाहिने सामग्री (स्टिकर, मुखुण्डो, कार्ड, हात्ती–पुस्तिका) को पोका (ELE-KITs) को प्रयोग कसरी गर्ने

- राखी बाँध्ने समारोह : सहभागीहरूबीचमा प्याकेटमा उपलब्ध राखी प्रयोग गरी राखी बाँध्ने समारोह आयोजना गर्न सकिन्छ । (राखी सहभागीहरूबीच वन्यजन्तु संरक्षण, वन्यजन्तुको भलाई तथा हात्तीसँग मिलेर सँगै बाँच्ने प्रतिबद्धताको संकेत हुन सक्दछ ।)
- हात्तीको मुखुण्डो लगाएर हातमा प्लेकार्ड बोकेर समुदायमा गर्ने प्रभातफेरी प्रभावकारी हुनसक्दछ । (यो फोटो प्रदर्शनको अवसर पनि हो जसलाई पत्रकार तथा पाठकका लागि अलग्गै पहिचान बोकेका फोटोहरू वा औपचारिक कार्यक्रममा राखिएका व्यक्तिका तस्वीर भन्दा पनि रूचीपूर्ण सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।
- 'हात्तीसँगको सहयात्रा' मा उल्लेख गरिएका खेलमध्ये कम्तिमा पनि एक दुई वटा खेलहरू खेलाउन सकिन्छ ।
- 'हात्तीसँगको सहयात्रा'मा संलग्न प्रतिवद्धता कार्डमा हस्ताक्षर गर्ने र आफ्नो प्रतिबद्धता जाहेर गर्ने अवसर प्रदान गर्नुपर्दछ ।

यदि पेन्टिङ्ग तथा चित्रकला प्रतियोगिता वा वादविवाद प्रतियोगिता गराउने हो भने मानव–हात्ती द्वन्द्वसँग सम्बन्धित एक वा दुई विषयवस्तुलाई लिनुपर्दछ ।

अनुसुची क

एसियाली हात्तीको तथ्याङ्क

**वैज्ञानिक नामः** इल्फास म्याक्सिमस (*Elephas maximus*)

**विशेष आधिकारिकताः** लिनास् १७५८ (Linnaeus, 1758)

**सामान्य नामः** एसियाली हात्ती/भारतीय हात्ती

**मापन सम्बन्धि जानकारी**

**रातो सुचि वर्ग र यसको आधारः** खतरायक्त A2c (ver 3.1)

**मापन वर्षः** २००८

**सोध कर्ताहरुः** ए. चौधरी, लहिरी चाधैरी, डि.के., देसाई ए. डकवर्थ, जे. डब्लु., इसा, पि.एस., जाने सिहं, ए.जे टी., फरमाण्डो पी. हेज, एस्., गुनवर्देना, एम्.कुर्ट, एफ्.कारान्थ, यू.लिसर, ए.,मेनन्, भी, रिडल, एच्.,रोवल र विक्रमानायक,इ. (आई.यू.सि.एन्.एस्.एस्.सी., एसियाली हात्ती विशेषज्ञ समूह)

**पुष्ट्याईः** हात्तीले ओगटेको क्षेत्रमा आएको कमी तथा वासस्थानको गुणस्तरमा आएको ह्रासले विगत ३ पुस्तामा करीब ५० प्रतिशतको हाराहारीमा संख्या घटेको पाईएकोले खतराको सूचिमा राखिएको । जुन ऐतिहासिक संख्यात्मक तथ्याङ्क उपलब्ध छ, त्यसका आधारमा वासस्थानको विनास, खण्डीकरण, शिकार तथा अन्य चुनौतीहरूका कारणबाट समग्रमा ५० प्रतिशत भन्दा बढी संख्या घटेको पाईएको छ । (२०-२५ वर्षको एक पुस्ता मानी ६०-७५ वर्षको अनुमानित तथ्याङ्क)

**इतिहासः** १९९६-खतरायक्ु त (वले ी तथा गम्र ुबी ज, १९९६), १९९४-खतरायुक्त (गम्र ुबी ज, १९९४), १९९०-खतरायक्ु त (आई.यू.सि.एन्. १९९०), १९८८- खतरायुक्त (आइ.यु.सि.एन्. संरक्षण अनुगमन केन्द्र, १९८८), १९८६-खतरायुक्त (आइ.यु.सि.एन्. संरक्षण अनुगमन केन्द्र, १९८६)

## भौगोलिक विस्तार

**हात्ती पाईने देशहरुः मातृदेशः** बगंलादशे, भुटान, कम्बोडिया, चीन, भारत, इण्डोनियसिया (कालीमन्टन,सुमत्रा) लाओस् मलेसिया, म्यानमार, नेपाल, श्रीलंका, थाइलैण्ड, भियतनाम, क्षेत्रीय रूपमा लोप भएको-पाकिस्तान ।

**जनसंख्या**

एसियाली हात्तीको वर्तमानमा विश्वभर रहेको जम्मा संख्या ४१,४१०-५२,३४५ थियो (सुकुमार, २००३) प्रत्येक देशको अनुमानित संख्या निम्नानुसार छ । बंगलादेश १५०-२००, भुटान २५०-५००, कम्बोडिया २५०-६००, चीन २००-२५०, भारत २६,३९०-३०,७७०, इण्डोनेसिया २,४००-३,४०० लाओस ५००-१०००, मलेसिया २,१००-३,१००, म्यानमार ४,०००-५,०००, नेपाल १०९-१४२ (प्रधान, २०११) श्रीलंका २,५००-४,०००, थाइलैण्ड २,५००-३,२००, भियतनाम ७०-१५० । (सुकुमार,२००३) तर पनि ब्ल्याक र हेग(२००४) तथा हेग (२००६)ले भनेका छन् कि एसियाली हात्तीको ४०,०००-५०,००० को विश्वव्यापी संख्या करीव २५ वर्षदेखि अपरिवर्तित छ । उनीहरूको तर्क छ, एसियाली हात्तीको अवस्थाको बारेमा हामीले जानेको कुरा निश्चित संख्या निर्धारित स्थानमा रहने भन्ने हो

र तुलनात्मक रूपमा प्रचुरता देखिनु गणना विधि र क्षेत्रफलमा फरक परेकाले हो। यो फरक-फरक धारणाले विभिन्न देशमा हात्तीको संख्यात्मक मापनमा कठिनाई उत्पन्न गर्दछ। साथै अध्ययनका लागि पनि अलग अलग स्थानमा अलगअलग तरिकाहरू प्रयोग गरिदै छन् र संख्याको अनुगमन गर्नु महत्वपूर्ण नभएको विश्वास व्याप्त छ। जे भएपनि, एसियाली हात्तीको ५० प्रतिशत भारतमा नै रहेको कुरा निश्चितप्रायः छ। सायद शताब्दी देखि कै समग्र संख्याको परिवर्तनको प्रवृत्ति हेर्दा एसियाली हात्तीको संख्या गिर्दो छ। हात्ती पाईने सबै क्षेत्रमा यो देखिन्छ। तर मूख्य गरेर दक्षिण पूर्वी एसियाका देशमा हात्तीको संख्या ठूलो मात्रामा घटिरहेको छ। संरक्षणका लागि गरिएको प्रयत्नका कारणबाट भारतको दक्षिणी क्षेत्रमा रहेको पश्चिमी घाट क्षेत्रमा हालैका वर्षहरूमा हात्तीको संख्यामा बृद्धि भएको प्रमाण छ।

**जनसंख्याको प्रवृति**

▼ घट्दो अवस्था

**वासस्थान तथा वातावरणीय अध्ययन**

एसियाली हात्तीहरू सामान्य रूपमा जुनसुकै वातावरणमा पनि रहन सक्ने प्राणी हुन्। तिनीहरू घाँसे मैदान, उष्ण सदाबहार वन, उपोष्ण सदाबहार वन, ओसिलो पतझर वन, सुख्खा पतझर वन, काँडे वन साथै नयाँ आवाद गरिएका वन तथा झाडीहरूमा समेत बस्दछन्। यी विविध खाले वासस्थानको प्रकृति हेर्दा समुन्द्र सतहदेखि ३,००० मीटरसम्मको उचाईसम्म हात्ती बस्ने गर्दछन्। उत्तरपूर्वी भारतको पूर्वी हिमालमा गर्मीको मौसममा ३,००० मीटरभन्दा माथि नियमित रूपमा हात्तीहरू डुल्ने गर्दछन् (चौधरी, १९९९)। तिनीहरूको शारीरिक बनावट तथा शक्तिको आवश्यकताको कुरा गर्दा प्रत्येक दिन हात्तीलाई ठूलो मात्रामा आहाराको जरूरत पर्दछ। तिनीहरू विभिन्न खाले विरूवाका पात तथा डाँठहरू खान्छन्। वासस्थानको अवस्था तथा मौसमका आधारमा खाने खानामा विविधता देखिन्छ। गर्मीको मौसममा दक्षिण भारतमा ७० प्रतिशत हात्तीको खाना डाले घाँस हो। जबकि जाडो मौसममा ५५ प्रतिशत हात्तीले घाँस खान्छन्। तर त्यसको नजिकै रहेको क्षेत्र, सुख्खा पतझर क्षेत्रमा डाले घाँसको प्रयोग १५ प्रतिशत मात्र रहेको र ४७ प्रतिशत काँडाघारीबाट आहारा प्राप्त हुने गरेको छ जबकि वार्षिक रूपमा हेर्दा घाँसको प्रयोग ८४ प्रतिशत छ श्रीलंकामा ३० परिवारका ६० प्रजातीका विरूवाहरू हात्तीले खाने गर्दछ। वास्करणले उल्लेख गरे अनुसार दक्षिण भारतमा हात्तीले ८२ प्रजातीका (५९ ठूला रूखहरू र २३ घाँसे विरूवाहरू) विरूवाहरू खाने गर्दछ। तिनीहरूले प्रत्येक दिन १५० कि.ग्रा. बराबरको खाना खान्छन्। तिनीहरूले प्रत्येक दिन १०० कि.ग्रा. बराबरको दिशा गर्छन्। दिशाले विरूवाको विउलाई छर्नमा मद्दत गर्दछ। उत्तर भारतमा ढोई १८४-३२६ वर्ग कि.मीं को क्षेत्रफलमा बस्दछ भने भाले हात्ती १८८-४०७ वर्ग कि.मि. को क्षेत्रमा बस्दछ (विलियम, २००२)। सबैभन्दा सानो बासस्थान क्षेत्र श्रीलंकामा ढोइका लागि ३०-१६० र भाले हात्तीका लागि ५३-३४५ वर्ग कि.मी. रेकर्ड गरिएको छ (फर्नाण्डो, २००५)। ठूलो क्षेत्र चाहिने भएका कारण यसलाई छाता प्रजाती मानिन्छ किनकी उनीहरूको सुरक्षाले त्यो ठूलो क्षेत्रमा बस्ने अन्य जनवारको पनि सुरक्षा गर्दछ।

हात्तीको महत्वपूर्ण वातावरणीय भूमिका र त्यसको वातावरणमा पर्ने असरका कारण तिनीहरू मूख्य तथा अति

महत्वपूर्ण प्रजातीहरू मानिन्छन् र कहिलेकाहीँ आधारशिला (keystone species) को रूपमा लिइन्छ। एसियाली हात्तीको आयु सरदर ६०–७० वर्ष मानिन्छ, भाले हात्तीले १०–१५ वर्षदेखि यौन परिपक्कता प्राप्त गर्दछ भने पोथीले १५/१६ वर्षदेखि बच्चा जन्माउन सक्दछे।

प्रणाली : सांसारिक

स्रोतः आइ.यु.सी.एन्. २००८, २००८, आइ.यु.सी. एन्.लोप हुने खतरामा रहेका प्रजातिको रातो सुचिबाट २८ अक्टोबर, २००८मा साभार गरिएको।



फोटो साभारः अशोक कुमार राम

अनुसुची ख

# प्रमाण-पत्र

## हात्तीसँगको सहयात्रा
## हात्ती-मानव सहअस्तित्व

मिति ........................ देखि ........................ सम्म

### हात्तीसँगको सहयात्रा तथा हात्ती-मानव सहअस्तित्व

सम्बन्धि प्रशिक्षक सीप विकास तालिममा तपाई, श्री.................................................. ले सक्रियता पूर्वक सहभागी हुनुभएकोमा स(धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस प्रशिक्षणबाट प्राप्त ज्ञान र सीपलाई अन्य व्यक्तिहरुमाझ पुऱ्याउने कार्यमा यहाँको महत्वपूर्ण योगदान रहने विश्वास राखिएको छ।

.............................
तालिम संयोजक

..........................
मिति

अनुसुची ग

# Pledge Card



## GETTING ALONG WITH ELEPHANTS
## Promoting Human Elephant CoeXistence HECx

Nepal 2020

I, ______________________________________ pledge to practice what I learned in this training by committing myself to do the following two actions:

1. ________________________________________________________

________________________________________________________

________________________________________________________


2. ________________________________________________________

________________________________________________________

________________________________________________________

Date _______________ My Signature ______________________________

Workshop Location ____________________________________________



मानव र हात्ती बीचको सहअस्तित्व हात्ती पाइने क्षेत्रका सबैको चासोको विषय हो । यस बारेमा समुदायस्तरमा जनचेतना तथा तालिम कार्यक्रम सञ्चालनका लागि स्रोत व्यक्तिहरूलाई तालिम सहयोगी सामग्री अभाव यो पुस्तकले पूर्ति गर्नेछ । यसलाई पाठ्यक्रमको रूपमा विद्यालयमा पनि प्रयोग गर्न सकिन्छ ।

मानव-हात्ती सहअस्तित्वका बहुआयामिक पाटाहरूको बारेमा बुझ्न र समुदायलाई बुझाउन यो पुस्तकको प्रयोग गर्न सकिन्छ ।

**मानव-हात्ती सहअस्तित्वबारे थप जानकारीका लागि**
https://jungalihatti.blogspot.com/ **मा हेर्नुहोला ।**

